जेठ १८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# शान्तिवार्ता

# आशा र आशंका



## सेना र प्रहरी

## चाकरमा मात्र वार्षिक २ अर्ब खर्च





तेजबहादुर बस्नेत

सरकारी वार्ताटोली संयोजक गृहमन्त्री कृष्ण सिटौला र माओवादी संयोजक कृष्णबहादुर महरा

**आवरण : सरकार–माओवादी शान्तिवार्ता औपचारिक रूपमा सुरु हुने तरखरमा छ । सरकारी टोली पनि सार्वजनिक भएपछि अब वार्ताका लागि टेबलमै बस्नमात्र बाँकी छ । तर, सरकारी लोसेपना र माओवादी चन्दा अभियान लगायतले वार्तामा असर पर्ने आशंका गरिँदै छ २८**

समय
वर्ष ३, अंक १०८, जेठ १२–१८, २०६३




आवरण : कृष्ण सिटौला र कृष्णबहादुर महरा ।*(बेग्लाबेग्लै तस्वीर जोडेर तयार गरिएको)* *तस्वीरः तेजबहादुर बस्नेत*

## विशेष रिपार्ट

तल्लो दर्जाका झन्डै १५ हजार सैनिक र प्रहरीको जागिर भन्नु नै ठूलाबडाको चाकरी गर्नु हो, जसमा वार्षिक २ अर्ब खर्च हुन्छ २०

## रिपोर्ट

हटाइए राजाका होर्डिङ बोर्ड १७
घाइतेलाई बाँड्न थालियो खर्च १८

## व्यक्तित्त्व

चित्रलेखा : त्याग होइन, अडान ३६

## राजनीति

खबरदारी प्रमुख नेताहरूलाई ! ३७

## खेलकुद

गणेश प्रवृत्तिका गणेश थापाद्वारा एन्फामा करोडौं लुट ४६



ज्योति देवकोटा

रंगः 'ड्र्यागन' राज्यमा कुनै न कुनै दिन एउटा नायक जन्मिछाडछ ५६

सम्पादकीय ........ ५
प्रारम्भ ........ ७
डाँक ........ ८
दर्शन ........ ९
टिपोट ........ १०
मुलुक ........ १२
साहित्य ........ ५१
शून्य समय ........ ५८

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी **(संयोजक)**
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा **(प्रबन्धक)**
दीपक श्रेष्ठ **(वितरण)**
मिलन लम्साल **(वितरण)**
गोपाल भट्टराई **(लेखा)**
राजकुमार श्रेष्ठ **(लेखा)**
**बजार**
सुरज भडेल **(प्रबन्धक)**
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
फोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# चन्दा आतंक

**राज्यपक्ष र विद्रोही माओवादीबीच** वार्ता प्रक्रिया अहिलेसम्म विधिवत्‌रूपमा सुरु हुनसकेको छैन। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अब वार्ताको चरण सुरु हुन लागेको घोषणा गरे पनि खासगरी माओवादी गतिविधिका कारण वार्ताको उपयुक्त वातावरण बन्न नसक्ता के साँच्चै नै माओवादी बाह्रबुँदे समझदारीप्रति इमानदार छन् त भन्ने आशंका उत्पन्न भएको छ।

अन्धाधुन्ध र अपारदर्शी तरिकाले चन्दा उठाइरहेको छ, माओवादी पार्टीले। माउ पार्टी मात्र नभएर उसका विद्यार्थी र मजदुर संगठनहरूले पनि समानान्तररूपमा चन्दा उठाएका छन्, जसमा त्रास र धम्कीजस्ता गैरराजनीतिक र गैरमानवीय चरित्र प्रयोग गरेका छन्, उनीहरूले। माओवादी नेतृत्वले बलजफ्ती चन्दा उठाउनु आफ्नो केन्द्रीय नीति नभएको तर आफ्ना जनसेनालाई पाल्नु पर्ने बाध्यता भएको बताएर चन्दा असुलीलाई अनुमोदन गरेको छ।

बारा-पर्साका झन्डै एक दर्जन उद्योगधन्दा अनिश्चितकालका लागि बन्द हुने स्थिति पैदा भएको थियो, माओवादी चन्दा आतंकका कारण, तर उद्योगधन्दाहरू र सामान्य नागरिकको विरोध र भारत लगायत माओवादीलाई 'शंकाको फाइदा' दिँदै वार्ताद्वारा राजनीतिक मुख्यधारमा आएको हेर्न चाहने अन्तर्राष्ट्रिय समुदायको अप्रसन्नतापछि उद्योगहरूलाई दिएको धम्की फिर्ता लिन माओवादी बाध्य भए पनि, बैंकहरूमाथि उसले आफ्नो तरवार सोझ्याएको छ।

## सम्पादकीय



समय

जबरजस्ती चन्दा असुली र त्यसमा देखिएका भ्रष्टाचारका कारण माओवादी संगठन जनताको नजरमा त्यस अर्थमा अन्य राजनीतिक दलभन्दा भिन्न नभएको धारणा बन्दै गएको छ। जनतासँग चन्दा उठाउने संगठनले कमसेकम चन्दादातालाई आम्दानी र खर्चको हिसाब बुझाउनु पर्ने हुन्छ।

माओवादी र सात दल वा सरकारबीच मुलुकमा शान्ति, प्रजातन्त्र र समृद्धि स्थापनाका लागि १२ बुँदे समझदारी बने पनि उनीहरू अहिलेसम्म विद्रोही शक्ति हुनु, सरकारले जस्तो विधिवत्‌रूपमा कर उठाउने छुट उनीहरूलाई छैन। यसबारे उनीहरूप्रति जनताको आक्रोश खुलारूपमा बढ्न थालेको छ।

निश्चय पनि वार्ता अवधिमा माओवादी नेतृत्वले आफ्नै हतियारधारी समूहलगायतबाट मनोवैज्ञानिक रूपमा सुरक्षित महसुस गर्न सक्नु पर्छ। अन्तर्राष्ट्रिय दाता तथा सरकारसमेत एउटा सहमतिमा पुग्न सक्नु पर्छ, माओवादी संगठन तथा उसका छापामारहरूलाई कसरी चन्दा आतंक रोक्न निरुत्साहित गर्ने भन्नेबारे। तर, त्यो कार्यमा माओवादी नेतृत्वले सहयोगी र सकारात्मक भूमिका खेल्नु आवश्यक छ। चन्दा आतंक बन्द नगरेमा माओवादीको नैतिक र राजनीतिक हैसियतमा प्रश्न उठ्ने मात्र हैन वार्तामा उनीहरू कति गम्भीर र विश्वसनीय छन्, त्यसबारे पनि अनेक आशंका उत्पन्न हुनेछ। निश्चय पनि त्यो माओवादी र मुलुकका लागि अशुभ संकेत मानिनेछ। ■




## समय साता

### जेठ ५ गते

- प्रतिनिधिसभा घोषणा-२०६३ को खुसियालीमा देशभर विजय जुलुस, आगामी वर्षदेखि सरकारले जेठ ४ गते राष्ट्रिय दिवस मनाउने तयारी गरेको उप-प्रधानमन्त्री केपी शर्मा ओलीको भनाइ ।
- सरकारद्वारा गृहमन्त्री कृष्णप्रसाद सिटौलाको संयोजकत्वमा तीनसदस्यीय वार्ताटोली गठन । मन्त्रिपरिषद्को बैठकद्वारा तत्काल माओवादीसँग वार्ता प्रक्रिया सुरु गर्ने जानकारी ।
- राष्ट्रिय मानवअधिकार आयोगद्वारा जनआन्दोलनका अपराधीलाई निलम्बनको लागि सिफारिस गरिसकेपछि पनि सरकारले कारबाही नगरेकोमा कारण खुलाउन माग ।

### जेठ ६ गते

- माओवादी केन्द्रीय सदस्य दीनानाथ शर्माद्वारा वार्ताको एजेन्डा निसर्त संविधानसभा भएको स्पष्ट पारियो । शान्तिपूर्ण परिवर्तनमा माओवादी विश्वास गरेको दाबी ।
- माओवादी नेता प्रचण्ड र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीच वार्ता टेलिफोन पछि माओवादी चन्दा आतंक मत्थर ।

### जेठ ७ गते

- माओवादीको चन्दा आतंकका कारण बन्द हुन पुगेका बारा र पर्साका उद्योगहरू अखिल नेपाल ट्रेड युनियन र वीरगन्ज उद्योग वाणिज्य महासंघबीच वार्ता भएपछि सबै उद्योग खोल्ने सहमति ।
- सरकारसँग वार्ताको लागि वातावरण तयार गर्न माओवादीका पार्टी प्रवक्ता कृष्णबहादुर महराको टोली काठमाडौंमा ।
- परिवर्तिक जनआकांक्षा अनुरुप न्यायपालिका चल्ने प्रधानन्यायाधीश दिलीपकुमार पौडेलको भनाइ ।

### जेठ ८ गते

- मन्त्रिपरिषद् विस्तार, कांग्रेसका तीन, एमालेका पाँच, प्रजातान्त्रिकका तीन गरी दसजना मन्त्री थप । चित्रलेखा यादवद्वारा मन्त्री पद अस्वीकार । जनमोर्चा र सद्भावना सामेल हुन अझै बाँकी ।
- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सरकार वार्ताको चरणमा प्रवेश गरेको बताउँदै सहयोगका लागि सबै सांसदहरूसँग अपिल ।

### जेठ ९ गते

- दुर्घटनामा घाइते भएका एक व्यक्तिको मृत्यु भएपछि उत्तेजित समूहद्वारा लुम्बिनी अस्पताल तोडफोड, एक चिकित्सकमाथि कुटपिट ।
- माओवादीको नाममा चन्दा उठाउँदै गरेका सेनाका एक जवान माओवादी युवाद्वारा प्रक्राउ ।
- सात दलको बैठकद्वारा वार्ताटोलीलाई तत्काल पूर्णता दिने सहमति, तीन सदस्यीय वार्ताटोली बनाउने सात दलबीच सहमति ।

### जेठ १० गते


- माओवादी नेता मातृका यादवद्वारा सात दलले आफूहरूलाई पाखा लगाउन खोजेको भन्दै सात दल आन्दोलनको मर्मअनुसार अगाडि बढ्न नसकेको आरोप ।
- चक्रपथको स्वयम्भू क्षेत्रमा ट्याक्सी र माइक्रोबस ठोकिएपछि यात्रुले माइक्रोबस चालकलाई कुटेको विषयलाई लिएर साँझपख राजधानी तनावग्रस्त ।
- प्रतिनिधिसभा घोषणापत्र २०६३ को विरोध तथा हिन्दुराष्ट्रको माग गर्दै वीरगन्जमा विरोध प्रदर्शन ।



## राष्ट्रिय एकीकरण

भौगोलिक एकीकरण गरेर नेपालीलाई एउटा पहिचान दिएका पृथ्वीनारायण शाहको सिंहदरबारअघिल्तिरको सालिकमै जनआन्दोलन–२०६३ का क्रममा विचारको एकीकरण गरिएको खुसियाली मनाउँदै युवाहरू । नेपालको एकीकरण राजाकै नेतृत्वमा भए पनि २३७ वर्षपछि राजतन्त्र जनताबीच अत्यन्तै अलोकप्रिय भएको छ ।

■ तस्वीरः तेजबहादुर बस्नेत




## सुरक्षाबलको प्रयोगमा सचेतता

*समय* वर्ष ३, अंक १०७ मा प्रकाशित श्रीकान्त रेग्मीको सैनिक र प्रहरीलाई जनताप्रति सचेत बनाउनु अत्यावश्यक भइसकेको छ भनाइ सान्दर्भिक छ। त्यसो हुन सकेन भने जनताको करबाट पालिएका ती सुरक्षाकर्मी जनताका रक्षक नभएर जनघाती सावित हुने पक्का छ। कुनै व्यक्ति विशेषप्रति उत्तरदायी हुने प्रवृत्ति खारेज गरी संसद्मातहत रहने घोषणा भइसकेको अवस्था छ। यो स्वागतयोग्य र प्रशंसनीय छ।

सुरक्षानिकायका अंगलाई फेरि कसैका भर्तीकेन्द्र बनाइनु हुँदैन। सुरक्षानिकायलाई आफ्नो व्यक्तिगत वा गुटको हितमा प्रयोग गर्ने वा चुनाव जिताउने जस्तो घृणित कार्यमा प्रयोग गर्ने अवस्था आयो भने त्यसले निम्त्याउने दुर्घटनातर्फ पनि बेलैमा सचेत रहन आवश्यक छ।

**आकृत जोशी**
कामपा-३, महाराजगन्ज

## निमुखा होइनन् उनीहरू

वर्ष ३, अंक १०७ को निमुखाको मुखमा घोचो रिपोर्ट हेर्दा *समय*ले आफ्नो बाटो बिर्सेको हो कि भन्ने लाग्यो। जनआन्दोलन दबाउन जति दुर्जकुमार राईको हात छ, त्यति नै एआइजी रविराज थापा, राजेन्द्रबहादुर सिंह र रूपसागर मोक्तानको हात पक्कै छ। *समय*ले किन उनीहरूलाई चोखो बनाउन खोज्यो ? यदि होचाहरूलाई कारबाही नगर्ने हो भने दुर्जकुमार राईलाई पनि कारबाही गर्नु हुँदैन, उनी झन् होचा मानिन्छन्। त्यसो हो भने सजायको भागिदार एउटै व्यक्ति छन्, ती हुन् राजा ज्ञानेन्द्र। अरू सबै निरीह थिए। *समय*ले यस्ता रिपोर्ट लेख्दा जनआन्दोलनमा ज्यान गुमाएका र घाइतेहरूको संवेदना बुझ्ने प्रयास गरोस् !

**अनमोल राजभण्डारी**
घट्टेकुलो काठमाडौं, raj123@gmail.com

## शासकलाई चुनौती

शाही नेपाली सेना, सैनिक सचिवालय र राजपरिषद्लाई जनसरकारले सदाका लागि बिदा दिएको छ। देश मेरो हो र यहाँ मेरो राज चल्छ भन्नेहरूका विरुद्ध कारबाही प्रक्रिया सुरु भएकोमा जनताले हर्षका आँसु खसालेका छन्, तर दरवारियाहरू फेरि जनताविरुद्ध षड्यन्त्र रच्न सक्छन्। अब यस्ता दरवारपरस्तहरूलाई जनताले माफी दिनेछैनन्। राजाको पूजा गर्न जन्मिएको राजपरिषद्को खारेजीले पनि 'मर्निङ सोज द डे' भन्ने उखान मिल्न खोजेको अवस्था छ। अब देश राजाका मतियारहरूबाट होइन जनताबाट चल्नेछ।

**हरिकृण शर्मा**
बेनी–२ म्याग्दी, हाल : मैतीदेवी
sanjaya_beni@yahoo.com

# सर्वसाधारणको मन कुँडियो

*समय*का पछिल्ला दुई अंक पढेपछि मनमा केही खट्कियो, जहाँ सुरक्षाकर्मीका विषयमा गरिएको रिपोर्टिङमा अपराधीलाई कारबाहीभन्दा पनि दयामाया देखाउनु पर्ने भाव उल्लेख छ। *समय* वर्ष ३, अंक १०५ मा दोस्रो जनआन्दोलनका क्रममा शान्तिपूर्ण जुलुसमाथि घरको झ्यालबाट अन्धाधुन्ध गोली बर्साउन आदेश दिने पूर्ववर्ती शाही सत्ताका एक मतियार रूपसागर मोक्तानको बचावका लागि उनकी पत्नी दीपाञ्जलीलाई प्रमुख पात्र बनाइएको छ। नेपाली जनताको भविष्य अन्धकारतिर धकेल्ने अभियानमा जुटेका जो कसैलाई पनि कडा कारबाहीका लागि कलम चलाउनु पर्ने *समय*ले उल्टो नेपाली जनताको भविष्यमाथि खेलवाड गर्न खोज्नेको घरका झ्यालमा फुटेका सिसासँग नेपाली जनताको भविष्य तुलना गर्न खोज्यो। २ सय ३८ वर्षदेखि नेपाली जनताको बुई चढ्दै आएको सामन्तवादका विरुद्ध छेडेको शान्तिपूर्ण लडाइँभन्दा ठूलो विषय बन्यो, रूपसागर मोक्तानको घरको फुटेको सिसा। *समय*को रिपोर्टिङले गोंगबु काण्डमा घाइते भई अस्पतालको शय्यामा जीवनमरणको दोसाँधमा छटपटाइरहेका घाइतेहरूको मात्र नभई लोकतन्त्र पक्षधर आम नेपाली जनताको मन कुँडियो।

त्यतिमात्र नभएर *समय*ले पछिल्लोपटक अंक १०७ मा आन्दोलनका प्रमुख दमनकारीहरूलाई निर्दोष सावित गर्न *निमुखाको मुखमा घोचो* शीर्षकमा रिपोर्टिङ सम्प्रेषण गरेको छ। यो रिपोर्टिङले पहिलो जनआन्दोलन हुँदै दोस्रो जनआन्दोलन दमनमा समेत उत्तिकै सक्रिय भूमिका निर्वाह गरेका निरंकुशताका पक्षपोषक कारबाहीमा परेकोमा दुखेसो व्यक्त गर्न खोजेको छ। सुरक्षाकर्मीको मनोबल घट्ने हुँदा त्यस्ता दोषी प्रहरीलाई कारबाहीमुक्त गरिनु पर्ने धारणा *समय*ले राखेको छ। २०४६ सालको आन्दोलनपछि मल्लिक आयोगले दोषी ठहऱ्याएका प्रहरीहरूलाई तत्कालीन अन्तरिम मन्त्रिपरिषद्ले प्रहरीको मनोबल घट्ने भन्दै २०४७ पुस १८ गते कारबाही नगर्ने निर्णय गरेको थियो। यसरी मनोबल बढाइएकाहरूले दोस्रो जनआन्दोलनमा ताण्डव मचाएपछि बल्ल सबैले चेतेका छन्।

चैत २४ देखि वैशाख ११ सम्म चलेको शान्तिपूर्ण जनआन्दोलनमा सुरक्षाकर्मीको व्यापक दमनमा परी देशभर २१ जनाले ज्यान गुमाउनुको साथै हजारौं घाइते हुनुमा निलम्बित सबै प्रहरी प्रमुखको सक्रिय भूमिका छ। ती गोलीकाण्डमा यिनको निर्देशन थियो। सशस्त्र आइजिपी सहवीर थापा तथा जनपद एआइजिपी राजेन्द्रबहादुर सिंह त झन् मल्लिक आयोगकै दोषी हुन् भन्नेसम्म *समय*लाई थाहा रहेनछ। पहिलो जनआन्दोलन दमनका क्रममा २०४६ साल चैत १७ गते पाटन मंगलबजारमा तत्कालीन प्रहरी उपरीक्षक सहवीर थापा (हाल निलम्बित सशस्त्र आइजिपी) तथा तत्कालीन प्रहरी निरीक्षक माधव थापा (हाल निलम्बित सशस्त्र एसएसपी) समेतको टोलीले गोली चलाउँदा ज्ञानबहादुर शाही र सागरमान सिंहको मृत्यु भएको थियो। त्यसै गरी २०४७ चैत २४ गते बुटवलमा तत्कालीन प्रहरी नायव उपरीक्षक राजेन्द्रबहादुर सिंह (हाल निलम्बित एआइजिपी) समेतको टोलीले बुटवल चौराहमा आन्दोलनकारीमाथि दागेको गोलीले दिलीपकुमार श्रेष्ठ र नवराज थापाको मृत्यु भएको थियो। दोस्रो आन्दोलनका बेला इन्डोनेसियाबाट अमेरिका जान लागेका सिंहलाई अमेरिकी सरकारले प्रवेशाज्ञा नदिएपछि उनी नेपाल फर्केका हुन्। अपरेसन प्रमुख तथा २०४६ सालको आन्दोलनका समेत अनुभवी सिंहले दोस्रो जनआन्दोलन दमनमा राम्रै भूमिका निर्वाह गरेका थिए।

बुवा राष्ट्रिय पञ्चायतको सदस्य भएकैले नेपाल प्रहरीमा छिरेका राजेन्द्रबहादुर सिंह बझाङका पञ्चायतकालीन राज्यमन्त्री वीरेन्द्रबहादुर सिंहका छोरा हुन्। हिमानीका मावली सिंह दरवारिया भएकैले अरूलेभन्दा बढी प्रतिगमनलाई सघाएका थिए। मल्लिक आयोगका समेत दोषी सिंह निलम्बन पर्नुमा *समय*ले गोविन्दराज जोशीको हात रहेको जनाएको छ। मानवताविरोधी अपराधमा संलग्न सिंहलाई कानुनी दायरामा ल्याउन कुनै भ्रष्ट गोविन्दराजहरूको जरुरत पर्दैन।

*समय*ले दोस्रो जनआन्दोलन दमनका अर्का खलपात्र वासुदेव ओली पुरस्कृत भएकोमा जनाएको आपत्ति भने सकारात्मक छ। ओलीजस्ता खलपात्रमाथि आवश्यक छानबिनसहित यथाशक्य कारबाही चलाउनु जरुरी छ। अहिलेसम्म पनि कारबाहीको दायरामा पार्न नसकिएका सेनाप्रमुख प्यारजंग थापालाई समेत तत्काल निलम्बन गर्नु पर्छ। मानवताविरोधी अपराध, मानवअधिकार उल्लंघनकर्ता तथा युद्धअपराधीलाई जहिले सुकै र जहाँसुकै भए पनि कारबाही हुने मान्यतानुसार जनआन्दोलनको दमनमा उत्रेका मात्र होइन, २०१७ सालयताका सबै दोषीमाथि कारबाही चलाइनु पर्छ र नेपालबाट दण्डहीनताको अन्त्य गरी भोलिका दिनमा हुन सक्ने मानवताविरोधी अपराधलाई निरुत्साहन गर्नु पर्छ।

**रतन भण्डारी**
रायल-२, चौडाम, बझाङ, हाल: काठमाडौं

**हिन्दु धर्मको उत्थानको लागि राष्ट्र नै हिन्दु हुनु अनिवार्य छैन । त्यसको विकासको लागि बरु आवश्यकता छ, यस धर्मका लागि कार्य गर्ने केही समर्पित, इमानदार, प्रगतिशील र सुधारवादी व्यक्तिहरूको ।**

# धर्मशून्यचाहिँ नहोस्



■ स्वामी आनन्द अरुण

**हालै प्रतिनिधिसभाले** 'नेपाल अब उपरान्त धर्मनिरपेक्ष राष्ट्र हुनेछ' भनी घोषणा गरेको छ । यसरी एक मात्र हिन्दु राज्य भनी चिनिएको र ९० करोड हिन्दुका लागि प्रतिष्ठाको विषय बनेको नेपालले अब त्यो पहिचान गुमाएको छ । हिन्दुका लागि यो एउटा नरमाइलो कुरा हुनसक्छ र त्यस्ता केही स्वर पनि उठिराखेका छन् । तर, यहाँ बुझ्नु पर्ने कुरा के हो भने धर्म व्यक्तिको आस्था र जीवन पद्धति हो । कुनै पनि व्यक्तिलाई आफ्नो आस्था र जीवन पद्धतिलाई कानुनीस्वरूप दिई अरूमाथि लाद्न मिल्दैन । त्यसकारण दुनियाँका अनेक देशले धर्मनिपेक्षतालाई अँगालेका छन् । नेपालले पनि आफूलाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरी ठूलो संख्यामा रहेका गैरहिन्दुप्रति न्याय गरेको छ र आफूलाई प्रगतिशील राष्ट्रहरूका माझ उभ्याएको छ ।

विचारणीय कुरा हो, यतिका वर्षसम्म हिन्दु राष्ट्र भए पनि हिन्दु धर्मको यहाँ के नै विकास भयो ? राष्ट्र हिन्दु हुँदाहुँदै पनि पशुपति, जानकी मन्दिर जस्ता गुठीका अधिकांश जग्गा धर्मकै संरक्षण गर्छु भन्नेहरूले पचाए । सबैलाई थाहा भएकै कुरा हो, पशुपतिमा पूजा र भेटीबाट उठ्ने पैसा र जिन्सी दाखिला नगरी वर्षमा एक लाख पनि नपुगेको देखाइएको अवस्था छ । अधिकांश प्राचीन र पुरातत्त्वका हिसाबले विश्वकै सम्पदामा गनिएका अमूल्य धार्मिक र सांस्कृतिक धरोहर मानिएका मूर्ति, घन्टा, त्रिशूल, गहनासम्म चोरिएर विदेशिएका छन् । कतिसम्म भने स्वयम्भूबाट बुद्धको अस्तुसम्म चोरियो, तर पत्ता लगाउने कुनै तत्परता देखाइएन । हो, धर्मको नाममा धूर्त भाँडहरूको जमात भने खडा भयो ।

नेपालमा हिन्दुका आस्था केन्द्रमध्ये मुख्य तीनको कुरा गरौं, पशुपति नाथ, जानकी मन्दिर र मुक्तिनाथ । हिन्दु राज्यमा हिन्दुका यी मन्दिरको दुर्गतिका चर्चा गरेरै साध्यै छैन । पशुपतिनाथ मन्दिर र त्यो क्षेत्रको त विकास भएन नै, त्यसबाट उठ्ने करोडौंको आम्दानी पुस्तैनी धर्मको रक्षा गर्छु भनेर किरिया खाएकाहरूले कुनै अपराधबोध नगरी भ्वाम पारे ।

मिथिला राज्यको ऐतिहासिक राजधानी जनकपुर र त्यसको केन्द्रमा अवस्थित जानकी मन्दिरको आफ्नै हृदयविदारक कथा छ । भेटीबाट आएको सम्पत्तिबाट मन्दिर परिसरको विकास, भौतिक पूर्वाधारको विकास त कहाँ हुनु ?, बरु वर्षौंदेखि गुठी मातहतमा भएको जग्गा पनि प्रभावशाली राजनीतिक व्यक्तिहरूको सहयोगले हडपिएको र हिनामिना भएको छ । त्यस क्षेत्रको विकासका लागि तयार गरिएको गुरु योजना कहिल्यै कार्यान्वयन भएन ।

हिमालको सुन्दर मनोरम काखमा अवस्थित मुक्तिनाथको महात्म्य उत्तराञ्चलको चारधामको जस्तै छ । अन्नपूर्ण क्षेत्रको पदयात्राको मार्गचित्रमा परेकाले गर्दा मुक्तिनाथ क्षेत्रमा केही पर्यटकीय आवासको व्यवस्था भए पनि अहिलेसम्म धार्मिक कारणले त्यहाँ विकासको कुनै पूर्वाधार खडा हुन सकेन । केही अत्यन्त उत्साही, सशक्त धनी व्यक्तिहरू मात्र त्यहाँ पुग्न सक्छन्, गरिब र अशक्त पुग्न सक्दैनन् । त्यो पवित्र तीर्थस्थल विकासको लागि प्रतीक्षारत छ ।

धर्मनिरपेक्ष राष्ट्र भारतमा मन्दिरहरूको आफ्नै संचालक समिति हुन्छ र जहाँ संचालकहरू इमानदार छन् त्यहाँ खुब विकास पनि भएको छ । हाम्रो उदाहरण हेरौं, राजनीतिक हस्तक्षेपका कारणले सारा विश्वबाट सहयोग आएर पनि ३० वर्ष बितिसक्दा पनि लुम्बिनीको गुरु योजनाको आधा काम पनि हुन सकेको छैन । अन्तर्राष्ट्रिय हवाई मैदान बनाइदिन सहयोग गर्न आएकाहरू पनि कमिसनको अत्यधिक मागले गर्दा त्यही रकम भारतको बुद्धक्षेत्रको विकासमा लगाउन बाध्य भए । अर्कोतिर भारतको तिरूपति बालाजीको मन्दिर भ्याटिकनलाई पनि उछिन्दै संसारकै सबैभन्दा धनी मन्दिरको रूपमा स्थापित हुँदै छ । यसको वार्षिक आम्दानी १० अर्ब पुगेको छ । मन्दिरले जनकल्याण जस्तै स्वास्थ्य, शिक्षा, वायुशक्तिबाट विद्युत् उत्पादनका आयोजनमा अर्बौं लगानी पनि गरेको छ । जनआस्थाका यस्ता मन्दिरको व्यवस्थापनमा उत्साही र इमानदार व्यक्तिहरू भए कतिसम्म विकास गर्न सकिन्छ भन्ने भरखरै निर्माण गरिएको नयाँदिल्लीको अक्षयधाम मन्दिरको उदाहरण लिन सकिन्छ । ६ अर्बको लागतमा तयार भएको त्यो विशाल मन्दिरले बर्सेनि करोडौंको आम्दानी गरिरहेको छ ।

हिन्दु धर्मको सबैभन्दा ठूलो रोग नै छुवाछुत र जातीय विभेद हो । बिरालो, मुसा हाम्रा मन्दिर र भान्छामा पसे हामीलाई त्यति आपत्ति छैन, तर तल्लाजात भनेर सदियौंदेखि हेपिएका र दबाइएका मानिसहरू त्यहाँ पसे भने अहिले पनि उत्पात मचाइने गरिएको छ । जातीय विभेदले अतीतमा घनघोर अत्याचार भएको छ । त्यस मानसिकताबाट हामी अहिले पनि मुक्त हुन सकेका छैनौं । सर्प, काग, कुकुर, गाई, रूख, नदीनालाको पूजा गर्ने र कणकणमा परमात्माको वास छ भन्ने दर्शन बोकेको हिन्दु समाजले वर्णविभेदको यो पुरानो क्यान्सरको अपरेसन नगरेसम्म आत्माघात सहिरहनु पर्नेछ ।

तसर्थ हिन्दु धर्मको उत्थानको लागि राष्ट्र नै हिन्दु हुनु अनिवार्य छैन । त्यसको विकासको लागि बरु आवश्यकता छ, यस धर्मका लागि कार्य गर्ने केही समर्पित, इमानदार, प्रगतिशील र सुधारवादी व्यक्तिहरूको ।

राज्य धर्मनिरपेक्षतामा जाँदा पनि केही पक्षमा ध्यान पुऱ्याउन आवश्यक छ । गरिब समाजमा आर्थिक प्रलोभनले धेरै धर्म परिवर्तन हुने गर्छ । त्यस्तो धर्म परिवर्तनले व्यक्तित्वमा कुनै गुणात्मक परिवर्तन ल्याउँदैन । परिवर्तन गर्न उक्साउनेहरूको मुख्य उद्देश्य आफ्ना धर्मावलम्बीहरूको संख्या बढाउने हुन्छ । कानुनी रूपले अवैधानिक भने पनि विगतमा पनि यो राष्ट्रमा पनि त्यो नकाम हुँदै आएको हो । यस विषयमा सबै पक्ष संवेदनशील हुनु पर्छ ।

कहिलेकाही प्रगतिशीलताको नाउँमा हामी अति अविवेकी हुन पुग्छौं । त्यस्तै अविवेकले सांस्कृतिक क्रान्तिको नाउँमा तिब्बत र चीनका महत्त्वपूर्ण गुम्बा, मन्दिर, मठहरू तोडिए, हजारौं दुर्लभ ग्रन्थ जलाइए । पछि चीनलाई बोध भयो, ठूलो गल्ती भयो र दुर्लभ सांस्कृतिक सम्पदा गुमाइयो । अब बाँकी गुम्बा र मठको संरक्षणका लागि चीनले करोडौं खर्चेर विगतको प्रायश्चित्त गरिरहेको छ । यस्तै अफगानिस्तानमा संसारको सुन्दर र अग्लो बामियान बुद्धको मूर्ति अतिवादी तालिवानी शासकहरूले तोडे र जसका लागि अफगानस्तान अहिले पछुताइरहेको छ र कालान्तरसम्म पछुताउनेछ । त्यस्तै सोभियत संघमा धर्मलाई जरैबाट उखाली फाल्नलाई सयौं वर्ष पुराना चर्च भत्काइए, तर धर्मलाई मुनष्यको मनबाट मेटाउन सकिएन । बरु त्यसको रुखो प्रतिक्रिया पैदा भयो । त्यही व्यवस्था ल्याउनेहरूका मूर्ति ढालिए र साहित्य जलाइए । भत्काइएका ठाउँहरूमा अझ सुन्दर र विशाल चर्चहरू पुनःस्थापित भए ।

धर्म र अध्यात्म मनुष्यको मौलिक आवश्यकता हो । जस्तो सुकै चर्को नारा र बल प्रयोगबाट पनि यो धेरै दिनको लागि मेटाउन सकिँदैन । मनुष्य आफै एक आस्थावान् प्राणी हो र उसले आफ्नो आस्था र श्रद्धाको कुनै न कुनै केन्द्र खोज्छ । उसले यस्ता आस्थाका केन्द्र पाएन भने जीवन र सामाजिक व्यवहारमा ठूलो अराजकता उत्पन्न हुन सक्छ । हामी भरखरै एक घोर दक्षिणपन्थी व्यवस्थाबाट मुक्त भएका छौं, अब अर्को अतिवादितातिर लाग्ने भुल हुन सक्छ । त्यस्तो नहोस् ।

राज्य धर्मनिरपेक्ष भएको छ । धर्मनिरपेक्षको अर्थ धर्मशून्यचाहिँ हुनु होइन । सबै धर्मप्रति समभाव, सबै धर्मको विकासको स्वतन्त्र अवसर र यिनीहरूबीचको समन्वय, सबै धर्ममा अन्तर्निहित आधारभूत मानवीय गुणहरूमा आधारित सम्प्रदायमुक्त आध्यात्मिकताको विकास नै धार्मिक निरपेक्षताको लक्ष्य हुनु पर्छ ।

osho@tapoban.com

## सात लाख चन्दा लिएर चार कमान्डर फरार

**जनतासँग जनसेना** पाल्न भनी रकम उठाएर चार माओवादी नेता फरार भएका छन् । शिक्षक एवं व्यापारी लगायतसँग उठाइएको रकम लिएर पार्टी परित्याग गरेका चार माओवादी कमान्डरलाई पार्टीले उच्चस्तरीय कारबाही अघि बढाएको छ ।

पूर्व नुवाकोट जनसरकार प्रमुख रजमान तामाङ, जिल्ला सदस्य गहेषेश्वर भट्टराई, रामचन्द्र रिजाल र मानसिंह तामाङ अहिले जनताको चन्दा कुम्ल्याएर पार्टी सम्पर्कबाट बाहिरिएका छन् । रकमसहित फरार हुने नेताहरूमध्ये रजमान तामाङ १ लाख ३० हजार, गहेषेश्वर १ लाख ५० हजार र रामचन्द्र ४ लाख रकमसहित फरार रहेकोले हाल सो पार्टीले ती नेताहरूलाई रकमसहित फिर्ता हुन १५ दिने अल्टिमेटम जारी गरेको जिल्ला जनसरकार प्रमुख राधिका तामाङले *समय*लाई बताइन् । जनताको रगतसँग जोडिएको चन्दा रकम नछाडिने पनि राधिकाले बताइन् । उनीहरूको पारिवारिक सम्पत्तिबाटै भए पनि उक्त रकम असुल गरिने उनको दाबी छ ।

चारित्रिक विचलन र अनुशासन हीनताका कारण पार्टीबाट बाहिरिएर जनताको रकम कुम्ल्याएर भाग्ने नेता तथा कार्यकर्ताको संख्या सयभन्दा बढी पुगिसकेको छ । हाल ती गलत प्रवृत्तिका नेताहरूमा भागदौड चलेको छ ।

माओवादीले पहिलो युद्धविराम भंग भएपछि स्थानीय शिक्षक तथा व्यापारीसँग ५ प्रतिशत चन्दा उठाउँदै आएकोमा २०६२ मा भएको कर्मचारीको तलब वृद्धिसँगै ८ प्रतिशत चन्दा उठाउँदै आएको छ ।

## थापापुत्रीको बिहे सामान्य भएको सेनाको दावी

**प्रधानसेनापति प्यारजंग** थापाको छोरीको बिहे तडकभडकपूर्ण भएको र त्यसमा अनावश्यक खर्च गरिएको नेपाली सेनाले अस्वीकार गरेको छ । नेपाली सेनाका प्रवक्ता नेपालभूषण चन्दले हालै जारी गरेको विज्ञप्तिमा केही पत्रपत्रिकामा थापाको छोरीको बिहेमा अनावश्यक रकम खर्च गरेको भनेर छापिएकाले उनको परिवार, नातागोता र वरपक्षलाई चोट पुऱ्याएको उल्लेख छ ।

बिहेका लागि जन्तीहरू 'चाटर्ड जेट'मा आएको र उनीहरूका लागि राजधानीमा सबै पाँचतारे होटलका कोठाहरू बुक गरिएकोसमेत सेनाले अस्वीकार गरेको छ । सेनाका अनुसार प्रधानसेनापति थापाको छोरीको बिहेमा नियमित उडानबाट १ सय ५० जनामात्र जन्ती आएको र उनीहरू आफ्नै खर्चमा सोल्टी होटलमा बसेका थिए । यसअघि थापापुत्रीको बिहेमा करोडौं खर्च भएको र पाँचदिने बिवाह समारोहमा चार सयभन्दा बढी भिआइपी जन्ती आएको सार्वजनिक भएको थियो । तर, अनावश्यक रूपमा करोडौं खर्च गरेर बिहेको तयारी गरेको खबर सार्वजनिक भएपछि केही कार्यक्रमहरू रोकिएका थिए । ■

## लोकतान्त्रिक गणतन्त्र युवा अभियान

**लोकतान्त्रिक** आन्दोलनमा भिन्न शैलीका कार्यक्रम गरेर चर्चामा रहेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) सम्बद्ध प्रजातान्त्रिक राष्ट्रिय युवा संघले लोकतान्त्रिक गणतन्त्रका लागि युवा अभियान सुरु गरेको छ ।

संघका अनुसार संविधानसभा मार्फत लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको निर्माण नाराअन्तर्गत उक्त अभियान जेठ १५ देखि असार १५ सम्म चल्नेछ । अभियान अवधिभर संघले ५० जिल्लामा आफ्ना कार्यक्रम लिएर जाने योजना बनाएको छ ।

जेठ ३ देखि ५ सम्म काठमाडौंमा सम्पन्न संघको केन्द्रीय समिति बैठकले युवाहरूका लागि युवा संसद्को अवधारणा संविधानमा समेट्न, परिवर्तनका लागि युवा कार्यक्रम सञ्चालन गर्न, युवा मन्त्रालय निर्माण गर्न, राष्ट्रिय युवा आयोग गठन गर्न र युवा रोजगार प्रवर्द्धन केन्द्र खोल्न सरकारसँग माग गरेको छ । संघले १८ विशेष प्रस्ताव पनि पारित गरेको छ, जसमा नेपाली नोट छाप्दा राजाको फोटो हटाउनु पर्ने र मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन गर्नु पर्ने लगायतका विषय छन् ।


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




रेडियो खबर पत्रिका
पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

हालचाल
जाता अबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

बिबिसी नेपाली सेवा
हरेक दिन राती (८:४५-९:१५)

हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

## अब सेफ्टी सेनिटरी प्याड



**जसमिन हाइजिन** प्रोडक्सले महिलाहरूका लागि उपयोगी सेफ्टी सेनिटरी प्याड बजारमा ल्याएको छ । नेपालको प्रतिष्ठित उद्योग तथा व्यापारिक समूहअन्तर्गतको जसमिनले रेगुलर र अल्ट्रा दुईखाले सेनिटरी प्याड उत्पादन र बिक्री सुरु गरेको हो ।

सेफ्टी सेनिटरी प्याड रेगुलर तथा सेफ्टी सेनिटरी प्याड अल्ट्रा नाम राखिएका दुवैखाले उत्पादनमा स्तरीय सामग्री प्रयोग गरिएको कम्पनीको दाबी छ । 'अमेरिकाबाट आयातित अत्यन्तै उच्च गुणस्तरको कच्चा पदार्थ प्रयोग गरिएको प्याड अत्याधुनिक मेसिन र प्रविधि प्रयोग भएको र नेपालमा तयार गरिएको पहिलो प्याड हो', कम्पनीको प्रेस विज्ञप्तिमा भनिएको छ ।

प्याडहरू मुलायम आरामदायी, सुरक्षा प्रदान गर्ने, चुहावट रोक्ने र अत्यधिक सोस्ने विशेषतायुक्त छन् । कम्पनीले प्याड निर्माणमा प्रयोग गरिएका स्तरीय सामग्रीका कारण प्याड ठिक ठाउँमा अडिने, नबाटारिने र नदोब्रिने किसिमको भएको जनाएको छ ।

सेफ्टी सेनेटरी प्याडको उपभोक्ता मूल्य (११ पिस)को ४० रुपैयाँ राखिएको छ भने सेफ्टी सेनेटरी प्याड अल्ट्राको मूल्य (१० पिस)को ८५ रुपैयाँ राखिएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'प्याडहरूको गुणस्तरको आधारमा मूल्यांकन गर्ने हो भने हालको मूल्य अन्य ब्रान्डका प्याडभन्दा सस्तो भएको महसुस महिला उपभोक्तालाई हुनेछ ।'

## बिंगो आटा नुडल्स बजारमा

**चौधरी ग्रुपले** बिंगो आटा नुडल्स बजारमा ल्याएको छ । बजारमा ल्याइएका अन्य नुडल्सको तुलनामा उक्त नुडल्समा कार्बोहाइड्रेड र प्रोटिनलगायतका तत्त्वहरूको समिश्रणका कारण स्वास्थ्यवर्धक रहेको दाबी कम्पनीको छ । आटाको प्रयोगबाट उत्पादन गरिएको यो नुडल्स खानाका रूपमा पनि उपभोग गर्न सकिने बताइएको छ । उपभोक्ताका लागि लाखौं रुपैयाँका उपहार पनि राखिएको कम्पनीले जानकारी दिएको छ । नुडल्सको उपभोक्ता मूल्य १० रुपैयाँ छ ।




## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*


सुपारीलाई बिक्रीको लागि तयारी गर्दै कृषकहरू

# उत्पादन बढ्यो, भाउ छैन

**नेपालमै व्यवसायिक** रूपमा सुपारीको खेती हुँदै आएको झापा जिल्लामा यस वर्ष सुपारीको उत्पादनमा अत्यधिक वृद्धि भए पनि कृषकले भाउ पाएका छैनन्, जसका कारण उनीहरू पीडित मात्र छैनन्, उत्पादनले भाउ र बजार दुवै नपाउँदा उत्पादित सुपारी बिग्रिएर जाने अवस्थामा पुगेको छ।

झापामा वार्षिक १० हजार मेट्रिक टनका दरले सुपारीको उत्पादन बढ्दै गएको तथ्यांक नेपाल सुपारीखेती विकास संस्थाले जनाएको छ। गत वर्ष ३३ हजार मेट्रिक टन उत्पादन भएकोमा यो अनुपात बढेर यस वर्ष ४५ हजार मेट्रिक टन पुगेको छ। झापामा सुपारीको व्यवसायिक खेती यस वर्ष २६ हजार हेक्टर जमिनमा गरिएको छ। झापा जिल्लाको प्रमुख नगदेबालीको रूपमा रहेको सुपारीले यस वर्ष उचित भाउ नपाएपछि कृषकहरूको लगानी नै नउठ्ने अवस्था सिर्जना भएको संस्थाका अध्यक्ष टेकेन्द्र शिवाकोटी बताउँछन्। शिवाकोटीका अनुसार गत वर्ष यही समयमा प्रतिकेजी सुपारी १ सय रुपैयाँ रहेकोमा यस वर्ष यो भाउ घटेर ६५ रुपैयाँ प्रतिकेजीमा सीमित हुन पुगेको छ। यसैगरी प्रशोधित सुपारी गत वर्ष १ सय ५० रुपैयाँ प्रतिकेजी रहेकोमा यस वर्ष यो भाउ घटेर प्रतिकेजी १ सय रुपैयाँमा सीमित भएको छ।

व्यवसायिक रूपमा कृषकहरू यसको खेतीमा लागे पनि सरकारले यसतर्फ कुनै ध्यान नदिएकाले यो अवस्था सिर्जना भएको कृषकहरूको गुनासो छ। सरकारले उचित बजार र भाउ व्यवस्था गरेर कृषकहरूलाई थप आकर्षित पार्नु पर्नेमा सरकारले यसतर्फ कुनै चासो नदिएको उनीहरूको गुनासो छ। संस्थाले बताएअनुसार कृषि मन्त्रालय,



कृषि विभाग, प्रधानमन्त्री कार्यालय सबैतिर डेलिगेसन गएको भए पनि अहिलेसम्म कुनै सुनुवाइ भएको छैन । प्रतिबिघा १ हजारभन्दा धेरै बोट लगाउन मिल्ने सुपारीखेतीका लागि चाहिने उन्नत बीउ, बिजन, औषधीका साथै प्राविधिक ज्ञान नभएका कारण थप समस्या झेल्नु परेको कृषक पूर्ण थापाको गुनासो छ ।

तयारी सुपारी भारततर्फ निकासी गर्दै आए पनि यस वर्ष सुपारी निकासीमा भारत सरकारले कडा नियम लगाइदिएपछि निकासी पूर्ण प्रभावित बनेको छ । गत वर्ष ५ हजार मेट्रिक टन सुपारी निकासी भएकोमा यस वर्ष अहिलेसम्म १ हजार मेट्रिक टनसमेत निकासी हुन सकेको छैन । भन्सार कार्यालयका भन्सार अधिकृत सेवन्त पोखरेलका अनुसार भारत सरकारले सुपारीको निकासीमा कठिन र अव्यवहारिक नियम लगाइदिएपछि यो समस्या सिर्जना भएको हो । भारत सरकारले सिलिगुडीमा रहेको एसिस्टेन्स कमिसन्स (एसी)समक्ष गएर निकासीको लागी स्वीकृति लिनु पर्ने, सिलिगुडीमा रहेको बैंकमा नै रकम जम्मा गर्नु पर्ने, कोलकातामा रहेको सेन्ट्रल फुड ल्याबोरोटरीमा गएर परीक्षण गरेर ल्याउनु पर्ने जस्ता कठिन र अव्यवहारिक नीति लगाएपछि निकासीमा समस्या भएको सुपारी निकासी गर्दै आएका व्यापारी भरत बराल बताउँछन् । यसका साथै समीकारक महसुलको रूपमा थप ४ प्रतिशत करको व्यवस्था गरेपछि झनै समस्या भएको उनको कथन छ । भारत सरकारको नियमानुसार निकासीका लागि सम्पूर्ण प्रक्रिया पूरा गर्न कम्तिमा एक महिनाभन्दा धेरै लाग्ने निकासीकर्ता व्यापारीहरू बताउँछन् ।

सुपारीको निकासीमा कमी आएपछि यसको मारमा कृषकहरू पर्ने गरेका छन् । स्थानीयस्तरमा व्यापारीलाई बिक्री गर्ने गरेका कृषकहरू व्यापारीले दिएको भाउमा आफ्नो उत्पादन बिक्री गर्न बाध्य छन् । व्यवसायिक किसिमले फस्टाउँदै गएको झापाको सुपारीखेतीका लागि बजारको व्यवस्था नै हुन नसकेका कारण समस्या भएको कृषकहरूको धारणा छ । वार्षिक प्रतिबोट १ सयदेखि २ सय रुपैयाँसम्म आम्दानी लिन सकिने र उत्पादनमा समेत सहज भएकाले यसको खेतीप्रति झापा जिल्लाका कृषकहरू आकर्षित हुँदै गएका छन्, तर उत्पादित सामग्रीका लागि बजार र मूल्यको प्रबन्ध नभएका कारण कृषकहरू पीडित पनि छन् ।

■ **नारायण खड्का/झापा** (तस्वीर पनि)






# सरकारी जग्गा अतिक्रमण



▲ सरकारी जग्गा अतिक्रमण गरी बसेका मुक्त कमैयाका परिवार

**परिवर्तित राजनीतिक** वातावरणसँगै सबैको ध्यान देशमा कस्ता कानुन र नीति बन्ने-बनाउने विषयमा तानिएको छ। मानिसहरू यतिखेर जनआन्दोलनबाट बनेको सरकारले गरेका र गर्नु पर्ने थुप्रै निर्णयको एकापसमा टीकाटिप्पणी र हर्ष तथा गुनासो गर्न व्यस्त छन्।

बाँकेमा भने यही मौकामा लामो समयदेखि भूमि अधिकारबाट वञ्चित भएका मुक्त कमैया र भूमिहीनहरूले सरकारी जग्गा अतिक्रमण गरेका छन्। देशको परिवर्तित राजनीतिक वातावरणपछि एकाएक सुकुमवासी र मुक्त कमैयाहरूले जग्गा पाउनु पर्ने माग राख्दै कोहलपुर र बनकटवामा राजमार्ग जोडिएको ऐलानी जग्गा नियन्त्रणमा लिएपछि सरकारलाई सात सयभन्दा बढी परिवारलाई कब्जामा लिएको भूमिबाट हटाएर अर्को ठाउँमा भूमिको व्यवस्था गर्न चुनौती थपिएको छ।

राजनीतिक क्रान्ति या ठूला परिवर्तन हुँदा राज्यको सक्रियता कम हुने मौका छोपी कम्तीमा सात सय परिवार सुकुमवासी र मुक्त कमैयाले झन्डै साढे तीन सय बिघा जमिन कब्जामा लिएर झुपडी बनाएका छन्।

सरकारी जग्गा कब्जा गर्नेहरूमा कमैया मुक्तिपछि खेतीयोग्य जमिनको कार्ड पाएका तर कार्डमा उल्लेख गरेअनुसारको जग्गा नपाएका कमैयाहरू र मध्यपश्चिमका विभिन्न पहाडी जिल्लामा बस्दै आएका सुकुमवासी छन्। सुकुमवासीमध्ये अधिकांश दलित र जनजाति रहेका छन्। बाँकेका विभिन्न ठाउँमा बस्दै आएका मुक्त कमैयाहरू कोहलपुर छेउमा जग्गा कब्जा गरी बसेका छन् भने सुकुमवासीहरूले बनकटवास्थित ३ सय बिघा ऐलानी जग्गा कब्जा गरेका छन्।

गत चैतदेखि नै सरकारी जग्गा कब्जा गर्ने दाउमा रहेका मुक्त कमैयाहरूले वैशाख दोस्रो सातामा जग्गा कब्जा गरेर झुपडी बनाउन सुरु गरेका थिए। कमैयाहरूले कोहलपुरमा जग्गा कब्जा गरेको थाहा पाएपछि अन्य सुकुमवासीले पनि बनकटवामा जग्गा कब्जा गरेका थिए।

कमैयाहरू सरकारले मुक्तिपछि घोषणा गरेको जग्गा उपलब्ध हुनु पर्ने माग गरिरहेका छन् भने सुकुमवासीहरू कमैयाहरूले जग्गा पाउँछन् भने आफूहरूले पनि जग्गा पाउनु पर्ने दाबी गरिरहेका छन्। सुकुमवासी र कमैयाहरूले झुपडी बनाउने क्रम जारी छ।

कमैया र सुकुमवासीहरूले ऐलानी जग्गा कब्जा गरेको घटनापछि विभिन्न संस्थाको चासो बढे पनि जिल्लास्थित अधिकारीहरू भने काम तेल हालेर बसेका छन्। भूमिहीनहरूले जग्गा कब्जा गरेको थाहा पाएपछि घटनास्थल पुगेका वन कार्यालयका एक रेन्जरलाई भूमिहीनहरूले घेराउ गरेकाले अन्य सरकारी अधिकारीहरू घटनास्थल पुग्न सकेका छैनन्। मुक्त भएदेखि जग्गा पाउन नसकेका पूर्व कमैया बाधु थारू यसपालि सरकारले घोषणा गरेको जग्गा लिनै पर्ने अडानमा छन्। बाँके, बनकटवा-९ का ४२ वर्षीय बाधुले जग्गा प्राप्त गर्नको लागि कोहलपुरस्थित राजमार्गछेउमै वन कार्यालयको जग्गामा परिवारलाई बसालेका छन्।

२०६० सालमा ५ कट्ठा जग्गा दिइएको कार्ड पाएका बाधुले सरकारले दिएअनुसारको जग्गा पाउन नसकेपछि अब सरकारी जग्गा कब्जा गर्नुबाहेक अन्य कुनै विकल्प नभएको बताए। बाधु जस्तै थुप्रै कमैयाहरूसँग सरकारले जग्गा उपलब्ध गराएको उल्लेख गरिएको कार्ड भए पनि जग्गा कुन ठाउँको हो भन्ने उनीहरूले थाहा पाउन सकेका छैनन्। जग्गा पाउन नसकेपछि मुक्त कमैयाहरू पुनः मालिकको घरमा बस्दै गुजारा गरिरहेका थिए। जग्गा कब्जा गरेका कमैयाहरूमध्ये केहीले रिक्सा चलाइरहेका छन् भने केहीले ज्याला मजदुरी गरेर गुजारा गरिरहेका छन्।

भूमिहीनहरूले कब्जा गरेको बस्तीमा प्रचण्ड गर्मीका बेला खानेपानीको धारासमेत नभएको उनीहरूले गुनासो गरेका छन्। 'शिविरमा खानेपानीको निकै समस्या छ', सुकुमवासी गोपाल विकले भने, 'जनताको सरकारले गरिबको कुरा सुन्ला भन्ने आशा लिएका छौं।' यता केही हुनेखाने व्यक्तिहरूले पनि ऐलानी जग्गा कब्जा गरेकोमा सुकुमवासीले गुनासो गरेका छन्।

सरकारी जग्गा कब्जामा लिन केही दलित समूहहरूले मध्यपश्चिमका विभिन्न जिल्लामा बसोवास गर्ने आफ्नो समूहका भूमिहीनलाई कोहलपुर बोलाएका छन्। गन्धर्व समाजका बाँके-बर्दिया अध्यक्ष कर्णबहादुर गन्धर्वका अनुसार जाजरकोटका ३५ परिवार भूमिहीन गन्धर्व परिवारलाई कोहलपुर बोलाइएको छ। अहिलेसम्म बाँके-बर्दियाका ९५ भूमिहीन गन्धर्वले सरकारी जग्गा ओगटेका छन्।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)






**रिपोर्ट** होर्डिङ बोर्ड

# धमाधम हटाइँदै




▲ राजाका भनाइ अङ्कित होर्डिङ बोर्डहरू माओवादी प्रचार गर्ने ठाउँ बनेका छन्

राजाका महावाणीको नाममा सडकमा टाँगिएका होर्डिङ बोर्ड जनआन्दोलनका क्रममा जनताको आक्रोश बनेर तोडिन थालेपछि अहिले सूचना विभागले राजधानीबाट त्यस्ता बोर्ड हटाउन थालेको छ। १५ महिनासम्मको राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनका क्रममा राजाको सडकमा झुन्डिएका बोर्डमा लेखिएका शब्द र व्यवहारमा भिन्नता भएपछि आन्दोलनकारीले होर्डिङ बोर्डलाई तीव्र निसाना बनाएका थिए। ती बोर्डमा मानवअधिकार, प्रजातन्त्रको परिभाषा र मान्यताको प्रशंसा गरिएका थिए, तर यो अवधिमै जनताले न्यूनतम मानवअधिकारको समेत अनुभूति गर्न पाएका थिएनन्। विधिको शासन र प्रजातन्त्रको पूर्णरूपमा उल्लंघन गरिएको थियो शाही शासनमा।

प्रतिनिधिसभाले ऐतिहासिक घोषणामार्फत राजाको अधिकारमा व्यापक कटौती गरेलगतै सूचना विभागले राजा र राजपरिवारका अन्य सदस्य र स्वर्गीय राजाहरूको भनाइ रहेका बोर्ड हटाउने निर्णय गरेको हो। यो निर्णयले अब राजधानीका सडकमा होर्डिङ बोर्डमा महावाणी पनि भनिने राजाका भनाइ देख्न नपर्ने भएको छ। राजाको प्रत्यक्ष शासनकालमा राजधानीका मुख्य सडकमा मात्रै सूचना विभागले राजा ज्ञानेन्द्रको नाममा थप एक सय बोर्ड राखेको थियो भने पुराना ४९ बोर्ड यथावत् थिए।

होर्डिङ बोर्डमार्फत राजाका भनाइलाई महावाणीका रूपमा प्रचार गर्ने कार्य राजा महेन्द्रले २०२४ सालदेखि सुरु गरेका हुन्। आन्दोलनकारीहरूले कर्फ्युका समयमा समेत त्यस्ता बोर्ड ढालेका थिए। तात्कालिक सरकारको ठाडो आदेशले विभागले शीतलनिवास, पानीपोखरी, लैनचौर, केशरमहल, दरवारमार्ग, रत्नपार्क, भोटाहिटी, न्युरोड, भद्रकाली, भृकुटीमण्डप, पुतलीसडक, सहिदगेट, त्रिपुरेश्वर, थापाथली, माइतीघर, सिंहदरवार, नयाँबानेश्वर र तीनकुने लगायतका ठाउँमा एक सय बोर्ड राखेको थियो। सूचना विभागका प्रशासकीय अधिकृत केदार भट्टराई भन्छन्, 'जनआन्दोलनमा जनताले राजाको नाममा राखिएका बोर्डप्रति देखाएका असन्तुष्टिको सम्मान गर्दै हामीले त्यस्ता बोर्ड हटाउने निर्णय गरेका हौं।'

आन्दोलनकारीले तीनकुनेदेखि बबरमहलसम्मका बीसवटा बोर्ड आन्दोलनका सुरुकै दिनमा भत्काएका थिए भने पुतलीसडक, सिंहदरवार, त्रिपुरेश्वर लगायतका क्षेत्रमा राखिएका अधिकांश बोर्ड आन्दोलनका क्रममा भत्काएर जलाइएका थिए।

राजाको प्रत्यक्ष शासनकालमै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलअगाडि विदेशी कुटनीतिज्ञहरूलाई भ्रामक प्रचार गर्न सुशासन, मानवअधिकार र प्रजातन्त्रको पक्षमा अंग्रेजी भाषामा लेखिएका नौवटा बोर्डसमेत थपिएका थिए। गत आइतवारदेखि विभागले बोर्ड हटाउने कार्य सुरु गरे पनि राजधानीबाट राजाको नाममा भएका पूरै बोर्ड हटाउन करिब दुई साताको समय लाग्ने बताएको छ। तर, केही कवि, शान्तिदूत गौतम बुद्ध र भगवान्का भनाइ भने यथावतै राख्ने विभागले बताएको छ।

सडक किनारामा राखिएका यस्ता बोर्ड ५ फिट चौडाइ र १४ फिट लम्बाइका छन्। विशेष तरिकाबाट बनाएकाले एउटै बोर्ड बनाउन ११ हजार रुपैयाँ खर्च भएको विभागले बताएको छ। स्टिलका पाताले बनाएका यस्ता बोर्ड झुन्डाउँदा समेत विशेष किला र नटबोल्टको प्रयोग गरिएको थियो, जसले गर्दा हुरीबतास र पानीले समेत यी बोर्डमा कुनै असर पुग्दैनथ्यो।

राजाको प्रत्यक्ष शासनको समयमा थपिएका एक सयवटा बोर्ड तयार गर्न एउटाको ११ हजारका दरले ११ लाख रुपैयाँ विभागले खर्च गरेको थियो। प्रकाशन र वितरण शीर्षकअन्तर्गत बनाइने यस्ता बोर्ड तयार गर्न तत्कालीन समयमा खर्च समायोजन गर्न अन्य शीर्षकबाट समेत रकमान्तर गरिएको विभागले बतायो। भट्टराई भन्छन्, 'नेपालको प्रतिभा बढाउने र सूचनामूलक सामग्री होर्डिङ बोर्डमार्फत जनतालाई सूसुचित गराउनु पर्ने हो, तर सरकारी हस्तक्षेपका कारण विगतमा सूचनामूलकभन्दा पनि राजाको प्रचारप्रसार गर्ने खालका सामग्रीले मात्र स्थान पाएका थिए।'

उता राजधानीमा आफ्नो व्यापक प्रचारप्रसारमा जुटेका माओवादीले भने राजाको भनाइ राखिएको होर्डिङ बोर्डमाथि आफ्ना नारा लेखिएको तूल टाँगेर प्रचार गर्ने नयाँ तरिका अपनाएका छन्। माओवादीले आफ्ना माग र नारालाई भित्तेलेखन, तूल र पोस्टरको माध्यमबाट राजधानीका भित्ता र पर्खाल रंगाएका छन्। जेठ १९ गते खुलामञ्चमा हुने आमसभा र निकट भविष्यमै हुने सरकार-माओवादी वार्तालाई ध्यानमा राखेर प्रचारलाई तीव्रता दिएको माओवादीहरूले बताउँदै आएका छन्।

■ गोविन्द परियार/काठमाडौं



तस्वीरहरू: तेजबहादुर बस्नेत



तस्वीरहरू : तेजबहादुर बस्नेत

▲ उपचार खर्च लिँदै जनआन्दोलनमा घाइते भएकाहरूका आफन्त

# घाइतेलाई खर्च

■ **मनीष गौतम/काठमाडौं**

**गोंगबुको प्रदर्शनमा** चैत २९ गते घाइते भएका शंकर अधिकारीको दाहिने हात भाँचिएको थियो। भाँचिएको उनको हातलाई घाँटीमा लगाइएको डोरीमा टेको दिइएको छ। घाइते भएपछि ५ दिनसम्म उनी उपचारका लागि त्रिवि शिक्षण अस्पताल भर्ना भएका थिए।

अहिले उनको बायाँ हातमा ओखतीका बिल, चिकित्सकको रिपोर्ट र एक्स-रे रहेको पोलिथनको झोला छ। यी सबै बोकेर उनी प्रदर्शनी मार्गस्थित नेपाल चिकित्सक संघको कार्यालय आएका छन्। सरकारले राहत दिने भनेपछि उनले यहाँ २ दिनदेखि पालो कुरेको बताए। 'आज बल्ल ५ हजार रुपैयाँ पाएँ', अधिकारी भन्छन्, 'फुटपाथमा सामान बेच्दै आएको मलाई यति पैसाले पनि धेरै राहत मिल्नेछ।'

यति बेला नेपाल चिकित्सक संघको परिसरमा 'जनआन्दोलन घाइते उपचार समन्वय तथा सहयोग समिति'को बोर्ड झुन्डिएको छ। बैसाखी टेकेका, अङ्गभङ्ग भएका अन्य घाइतेहरूको यति बेला यही परिसरमा भीड लाग्ने गरेको छ। उनीहरू सबै आन्दोलनको क्रममा घाइते भएकाले सरकारले उपलब्ध गराएको उपचार राहत लिन यहाँ जम्मा भएका हुन्।

भित्र एउटा कोठाबाट स्वास्थ्य सेवा विभागबाट खटिएका कर्मचारीले घाइतेलाई राहतस्वरूप चेक थमाउने गर्छन्। ९ हजार ७ सय ५० रुपैयाँको चेक बोकेर बाहिरिँदै गरेकी मीना रेग्मीले भनिन्, 'घाइते तथा मृतक आत्माले शान्ति पाएको छैन, प्रजातन्त्रका लागि ज्यान बाजी राखेर होमिएका घाइते तथा मृतकका परिवारलाई माग्नेझैं बनाइएको छ।' रेग्मीका १५ वर्षीय छोरा वैशाख ७ गतेको भिडन्तमा गोंगबुमा घाइते भएका थिए। उनले भनिन्, 'छोरा अझै निको भएको छैन, यही सोमवार अपरेसनका लागि फेरि अस्पताल बोलाइएको छ।'

सरकारले उपलब्ध गराएको रकम अति नै न्यून रहेको र त्यो पाउन पनि धेरै औपचारिकता पूरा गर्नु पर्ने गुनासो अधिकांश घाइते तथा उनीहरूका परिवारको छ। जनआन्दोलनका अर्का घाइते भरत परियार भन्छन्, 'यति रकम पाउन पनि हामीले यहाँ धर्ना दिनु पर्‍यो।' जेठ ७ गतेदेखि सुरु भएको राहत वितरणको चार दिनमा चार लाखभन्दा बढी रकम झन्डै ४० जना घाइतेलाई उपलब्ध गराइएको छ। यस अवधिमा बढीमा २६ हजारदेखि कम्तीमा २ हजार रुपैयाँसम्म एकजना घाइतेले पाएका छन्।

जनआन्दोलनको क्रममा सुरक्षाकर्मीको निर्मम प्रहारबाट घाइते भएकाहरूको उपचारका लागि नेपाल चिकित्सक संघको अध्यक्षको संयोजकत्व हुने गरी सरकारले मन्त्रिपरिषद्को निर्णयबाट वैशाख २४ गते उक्त समिति गठन गरेको थियो। घाइते तथा घाइतेहरूको हेरचाह गर्नेहरूका लागि उपलब्ध गराइने सहयोगसम्बन्धी मापदण्ड निर्धारण गर्न तथा उपचारपछि 'डिस्चार्ज' गरिएका विरामीलाई आवश्यक पर्ने थप औषधोपचार व्यवस्था मिलाउने जिम्मा समितिलाई दिइएको छ।

समितिले अस्पतालमा भर्ना भएका घाइते र उनीहरूको एकजना कुरुवाका लागि 'निर्वाहस्वरूप' दैनिक २ सय ५० रुपैयाँ भत्ता उपलब्ध गराएको छ। त्यसैगरी बिलअनुसारको औषधी खर्च र उपत्यकाबाहिरका विरामीलाई आतेजाते बस खर्च उपलब्ध गराउने निर्णय गरेको छ।

सरकारले कोषका लागि उपलब्ध गराएको २५ लाख रुपैयाँ अपुग देखिन्छ। 'यही दरमा रकम वितरण हुने हो भने १५-२० दिनमै सबै रकम सकिन्छ', राहत वितरणमा खटिएका स्वास्थ्य विभागका एक कर्मचारी भन्छन्, 'चार दिनमा बाँडिएको रकमलाई आधार मान्दा पनि सरकारद्वारा उपलब्ध राहतले साढे २ सयजनालाई मात्र समेट्नेछ।' आन्दोलनका क्रममा देशव्यापी घाइतेहरूको संख्या करिब ५ हजार भएको अनुमान छ।

राजधानीबाहिर घाइते भएकाहरूका लागि यस जनआन्दोलन घाइते उपचार समन्वय तथा सहयोग समितिले समेट्न नसकेको पनि देखिन्छ। 'राजधानीबाहिरका घाइतेलाई ध्यानमा राखी उपत्यकाबाहिर पनि राहत उपलब्ध गराउने स्थान तोकिनु पर्थ्यो', काठमान्डु मोडल अस्पतालका निर्देशक डा. भरत प्रधान भन्छन्, 'सरकारले घाइतेलाई सम्मानजनक राहत दिनु पर्थ्यो, जुन हुन सकेको छैन।'

### विवादमा तानियो सहयोग समिति

सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समेत प्रतिनिधित्व हुने गरी नेपाल चिकित्सक संघको अध्यक्षको संयोजकत्वमा गठित 'उपचार समन्वय तथा सहयोग समिति'को गठनलाई लिएर समिति सदस्यबीच असहमति उब्जिएको छ। असहमतिको मुख्य पक्ष सरकारले छनोट गरेको संस्था र व्यक्तिको

प्रवृत्तिलाई लिएर रहेको छ ।

असोज १८ गतेपछि राजा ज्ञानेन्द्रको कदमको खुला रूपले स्वागत गर्ने चिकित्सा क्षेत्रका बहुरूपी व्यक्तित्वको रूपमा ॐ नर्सिङ होमका डा. भोला रिजाल, राजाको कदमको वकालत गर्दै पत्रपत्रिकामा लेखरचना छाप्ने बी एन्ड बी अस्पतालका प्रमुख व्यवस्थापक डा. ऋषिकेशनारायण श्रेष्ठ, पशुपति क्षेत्र विकास कोषका निवर्तमान सदस्यसचिव वसन्त चौधरीद्वारा सञ्चालित नर्भिक अस्पताल लगायतका अन्य नर्सिङ होमलाई प्रजातान्त्रिक सरकारले 'उपचार समन्वय तथा सहयोग समिति' सदस्य मनोनयन गरेकोमा प्रजातान्त्रिक तथा वाम खेमाका चिकित्सकहरूले कडा असहमति जनाएका छन् । त्यसैगरी नेपाल चिकत्सक संघकी अध्यक्ष डा. सुधा शर्माको मनोनयन पनि विवादको घेरामा परेको छ । अध्यक्षको हैसियतले आन्दोलनमा औपचारिक उपस्थिति जनाए पनि डा. शर्माकै कारणले पेसाकर्मीहरू संगठन (पापड)को आन्दोलनमा चिकित्सकहरूको सहभागिता आशातीत नदेखिएको आरोप छ । आन्दोलनकारी चिकित्सकहरू आन्दोलनमा डा. शर्माको उपस्थितिलाई प्राविधिक मात्र मान्छन् ।

सरकारले बनाएको यस समितिमा उपस्थिति नरहने काठमाडौं मोडल अस्पतालले बताएको छ । जनआन्दोलनको क्रममा घाइते भएकाहरूको उपचारको लागि मोडल अस्पतालको उल्लेख्य भूमिका छ ।


'विगत केही वर्षदेखि लगातार राजाको निरंकुशताको समर्थनमा रहेका, जनआन्दोनप्रति खुला समर्थन जनाउने साहस नभएका तथा चिकित्सा क्षेत्रका व्यक्तिहरू थुनामा पर्दा ऐक्यबद्धता जनाउन नसक्ने व्यक्ति तथा संस्थालाई छनोट गरेको छ', काठमाडौं मोडल अस्पतालले समिति गठनबारे असहमति जनाउँदै सरकारलाई पत्र लेखेको छ, 'सम्पूर्ण समय र शक्ति राजाको निरंकुशताको समर्थन र गुणगानमा बिताउने तथा राजालाई रातो कार्पेट ओछ्याउने अनि अन्त्यमा अवसरवादी ढंगले रातारात जनआन्दोलनको समर्थन गरेको ढोङ गर्ने प्रतिगामी तथा अवसरवादी व्यक्तिहरूको संलग्नता रहेकाले यस्तो अवस्थामा समितिमा संलग्न हुनु जनआन्दोलनको भावना र मर्मविपरीत हुने भएकाले यो अस्पताल समितिमा संलग्न हुन नसक्ने जानकारी गराउँछ ।' ■

## अझै सिकिस्त



**जनआन्दोलनको** क्रममा घाइतेहरू महिनौंसम्म राजधानीस्थित विभिन्न अस्पतालमा उपचारार्थ भर्ना भएका छन् । 'मुलुकभरका अस्पतालमा आन्दोलनको क्रममा सिकिस्त भएका घाइतेहरू अझै पनि ८०-८५ जनाको हाराहारीमा रहेको अनुमान छ', उपचार समन्वय तथा सहयोग समितिका सदस्यसचिव डा. भीम आचार्य भन्छन्, 'डिस्चार्ज भएर फलो-अपमा आउनेहरूको संख्या सयौं रहेको छ ।'

यसैबीच काठमाडौं मोडल अस्पतालको इन्टेन्सिभ केयर युनिट (आइसियु)मा जनआन्दोलनका एक घाइते जीवनमरणको दोसाँधमा बाँचिरहेका छन् । सतुंगल निवासी ३६ वर्षीय विष्णुलाल महर्जन वैशाख ७ गते कलंकीको प्रदर्शनमा प्रहरीको गोली लागेर सख्त घाइते भएका हुन् । तत्काल उनलाई उपचारार्थ काठमाडौं मोडल अस्पतालमा ल्याइएको थियो । उपचारमा संलग्न चिकित्सकका अनुसार उनलाई पक्षघात भएको छ । अस्पताल भर्ना भएदेखि उनलाई स्लाइनको माध्यमबाट शरीरलाई आवश्यक पोषण दिइएको छ । लुगा सिलाई जीवन निर्वाह गर्दै आएका उनको श्रीमती र तीनजना सन्तान छन् । 'अस्पताल भर्ना भएदेखि उहाँको स्वर सुन्न पनि पाएकी छैनँ', सुकसुकाउँदै उनकी श्रीमती लक्ष्मी महर्जन भन्छिन्, 'उहाँलाई केही तलमाथि भयो भने हाम्रो बाँच्ने कुनै आधार पनि छैन ।' ■






# राष्ट्रसेवा कि दासता !

■ किरण भण्डारी/काठमाडौं

**राष्ट्रिय ढुकुटीबाट लाखौं खर्चेर तालिम दिइएका झण्डै १५ हजार तल्लो दर्जाका सेना र प्रहरीका लागि जागिर भन्नु नै घरेलु नोकर भएर ठुलाबडाको चाकर गर्नु बनेको छ ।**

■ जनआन्दोलन–२ उत्कर्षमा रहेका बेला शिक्षण अस्पताल प्रसूति वार्डमा भर्ना भएकी एक बानियाँ थरकी महिलाको क्याबिनबाहिर दुईजना सैनिक जवान ड्युटीमा खटेका देखेर अरू विरामीले जिब्रो टोके । सेनाको मानवअधिकार सेलका कर्नेल पत्नीका सेवाका लागि समेत सिपाही खट्नु पर्ने अवस्था छ भने सेनाभित्र अरू विभागको हविगत के होला ?

■ पूर्व प्रधानसेनापति सच्चितशमशेर राणाको घरमा बिजुली मर्मत गर्न वैशाखको दोस्रो साता सेनाको एमइएस (मिलिटरी इन्जिनियरिङ सर्भिस)बाट प्राविधिक मगाइयो ।

■ प्रधान सेनापतिबाट अवकाश पाएपछि २०५७ सालमा धर्मपालवरसिंह थापाले मनमैजु गाविस, नेपालटारमा घर बनाउन थाले । सेनाभित्र नरम छवि बनाउन सफल थापाको घर निर्माणको रेखदेख गर्न सेनाले दुलाल थरका कर्णेललाई खटायो । डकर्मी, मिस्त्री, ज्यामी काम पनि सेनाकै जवानहरूले गरे । सेनाको २–३ वर्षको परिश्रमपछि मात्र उनको महल तयार भयो ।

■ सूर्यबहादुर थापा र शेरबहादुर देउवा पछिल्लोपटक प्रधानमन्त्री रहँदा उनीहरूको सुरक्षामा खटिएका डिएसपी भोगेन्द्र थापाले बालाजु वनस्थलीनेर घर बनाउँदा निर्माण कार्यको हेरविचार गर्ने नाइकेको रूपमा प्रहरीका सईलाई खटाइएको थियो ।

■ आइजिपी हेमबहादुर सिंहले २०४५ सालमा बारा जिल्ला फत्तेपुर गाविस दुधौरा नदी किनारको बीस बिघाको मौजा किने । नदी कटानबाट पिरोलिएर साविकका जग्गाधनीले बेचेको जग्गालाई प्रहरी लगाएर उनले एक वर्षमा नै लोभलाग्दो बनाए । अवकाशपछि डेढ दशकसम्म पनि उनको जग्गामा बाँध लगाउने र खेती गर्ने काम सिमरा, बाराका प्रहरीको थाप्लामा नै पर्‍यो । माओवादी जनयुद्ध चरमोत्कर्षमा पुगिसक्दासम्म पनि उनको मौजा प्रहरीको पसिनाले सिंचित गर्न छाडिएको थिएन ।

**मुलुकको पछिल्लो** परिवर्तन युगान्तकारी र ऐतिहासिक भएको आम जनसमुदायले महसुस गरे पनि तल्लो दर्जाका सेना र प्रहरीलाई भने लोकतन्त्रको झिनो आभास पनि मिल्न सकेको छैन, अहिले पनि उनीहरूको अवस्था उल्लिखित दृष्टान्तभन्दा रतिभर फरक छैन।

आफ्ना हाकिम रिझाउन राणाकालीन शैलीमा नित्य चाकरी गर्नुपर्ने नियतिबाट हजारौं सिपाही मुक्त भएका छैनन्, न त उनीहरू यो दासतापूर्ण व्यवहारविरुद्ध बगावत गर्न सक्ने स्थितिमा नै छन्।

देश रक्षाको शपथ खाएर महिनौंको तालिम लिएर सक्षम बनेपछि एक्काइसौं शताब्दीमा पनि हाकिमको घरमा दास बस्नु पर्ने अभिशापबाट पीडित सैनिक र प्रहरी जवानको संख्या १५ हजारभन्दा बढी भएको *समय*ले गरेको खोजबाट देखिएको छ।

सरकारी मानो खाएर ठूला बडाको घरमा केटाकेटीको स्याहार सुसार र सरसफाइ गर्न भान्छे, बगैंचे बन्न र खेतीपाती पसिनाले सिंचन बाध्य फौजका तल्ला कर्मचारी हाकिमको घर बनाउँदा कुल्ली, ज्यामी र मिस्त्री समेत बन्नु पर्छ। सेना-प्रहरीलाई रनर, फलोअर्स वा अर्दलीका नाममा घरेलु कामदार बनाइने सत्य उजागर गर्न उपर्युक्त घटना प्रतिनिधि दृष्टान्त मात्र हुन्।

सेनामा यस्ता क्रियाकलापलाई अधिकार मानिन्छ भने प्रहरीमा पनि सामान्य रूपमा लिने गरिएको छ। मानवअधिकारको खिल्ली उडाउँदै राज्यको संरक्षणमा फस्टाएको यो प्रवृत्ति झिनो मात्रामा निजामती र न्याय प्रशासनमा समेत देखिएको छ।

तालिम प्राप्त जवानलाई सैनिक र प्रहरी हाकिमको व्यक्तिगत काममा खटाउँदा गरिब मुलुकलाई ठूलो आर्थिक भार खेप्नु परिरहेको छ। सुरक्षाबलका वहालवाला अधिकृत, अवकाशप्राप्त उच्च अधिकृतको सेवा सुसारमा खटिएका जवानहरूको तलब र रासनका लागि राज्यकोषबाट वार्षिक २ अर्ब रुपैयाँभन्दा बढी खर्च भइरहेको पनि खोजले देखाएको छ।

सेनाको जर्नेलदेखि वहालावाला लप्टनसम्म र प्रहरीका आइजिपीदेखि इन्सपेक्टरसम्मले मनोमानी ढंगले उपभोग गरिरहेको यस्ता सुविधाका लागि कुपोषणले पिल्सिएका कर्णालीका जनताले तिरेको कर समेत खर्च भइरहेको छ।

निम्नस्तरको कर्मचारीलाई व्यापक शोषण गरेर व्यक्तिगत मोजमस्तीको साधन बनाउने प्रथाको आयतन सेनामा सर्वाधिक छ। अर्थमन्त्री रामशरण महतद्वारा जेठ १ गते प्रतिनिधिसभामा प्रस्तुत 'अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी श्वेतपत्र २०६३' लाई आधार मान्ने हो भने सेनाका वहालवाला र पूर्व हाकिमको गुलामीमा मात्र राष्ट्रले वार्षिक करिब सवा अर्ब खर्चिरहेको पुष्टि हुन्छ।

सेनाभित्रका डकर्मी, सिकर्मी, इलेक्ट्रिसियन, प्लम्बर, भान्छेलगायतको प्राविधिक जनशक्तिको दुरुपयोग र अवकाशप्राप्तको सुविधासमेत जोड्ने हो भने यो रकम डेढ अर्ब नाघ्छ।

महतले श्वेतपत्रमा 'सेनातर्फ १० हजार दरबन्दी थप गरी राज्यलाई वार्षिक १ अर्ब २१ करोडको दायित्व थप भएको' उल्लेख गरेका छन्। सैनिक मुख्यालय स्रोतका अनुसार महतले उल्लेख गरेको संख्याभन्दा बढी सैनिक हाकिमको घरकाजमा छन्। माओवादी जनयुद्ध वा अन्य बहानामा हजारौं दरबन्दी थप गरी हाकिमहरूले आफ्नो सान सौकत र मस्तीमा साविकभन्दा बढोत्तरी ल्याएको पूर्व र वहालावाला उच्च सैनिक अधिकारीहरूको आरोप छ।

जमदारदेखि प्रधानसेनापतिसम्मले ब्यारेकमा बस्दा व्यक्तिगत काम सघाउन एकजना रनर पाउने नियम प्रचलनमा छ। सैनिक मुख्यालयको पिएसओ (प्रिन्सिपल स्टाफ अर्डर)को निर्णयको हवाला दिँदै हजारौं सैनिकलाई घरायसी काममा खटाउने गरिएको छ। सेना स्वयंले बनाएको कथित आन्तरिक नियमको समेत खिल्ली उडाउँदै प्रभावशाली अधिकृतका घरमा मनखुसी संख्यामा सिपाही खटाउने गरिएको छ। आफूखुसी बनाएको नियममा समेत कुनै पनि तहकाले घरायसी काममा लगाउन पाउने प्रावधान छैन।

'जनताको करबाट तलब खाने सिपाहीलाई घरमा काम लगाउनु सरासर दुरुपयोग हो', पूर्व कर्नेल प्रदीप कार्की भन्छन्, 'तर सेनाका हाकिमका घरमा भान्छे, पूजारीदेखि बगैंचे र मसल्चीसम्म ब्यारेकबाट खटाइने गरिएको छ।'

सैनिकले बसालेको आन्तरिक नियममा वहालवाला कर्णेल र अवकाशप्राप्त जर्नेलभन्दा तल्लो दर्जाका अधिकृतले अर्दली राख्न पाउने व्यवस्था छैन, तर व्यवहारमा प्रभावशाली लप्टन, क्याप्टेन र मेजरभन्दा माथि सबैजसो सैनिक अधिकारीको घरधन्दामा सैनिक जवानलाई खटाइने गरेको छ। भूतपूर्वमा समेत अधिकांश फुल कर्नेलसम्मको घरको सान सेनाकै जवानले बढाइदिएको पाइन्छ।

अर्दली भन्ने शब्द बढी प्रचलनमा भए पनि तालिमवाला सिपाहीलाई नै घरेलु कामदारमा खटाउने गरिएको छ। फलोअर्स वा पिपाको दरबन्दी

---

**सेना-प्रहरीमा आफूखुसी नियम बनाएर तालिमप्राप्त सिपाहीलाई घरायसी काममा लदाउने प्रचलन छ। दुवै संगठनले 'नियम' बनाएर घरायसी कामदारको रूपमा खटिने जवानको संख्या पदअनुसार किटान गरेको भए पनि व्यवहारमा त्यसको समेत उल्लंघन हुने गरेको छ।**

**पारिवारिक पृष्ठभूमि, माथिल्ला दर्जाको अधिकारीसँगको नाता-सम्बन्ध, राणा, शाह, बस्नेत र थापा जस्ता 'बाबुसाहेब' वा 'काजी' थरका अधिकांश अधिकृतका हकमा भने तजबिजी नियमसमेत पालना हुँदैन।**

**त्यतिमात्र होइन नियमले दिएको तहभन्दा धेरै तल्ला तहका कतिपय प्रभावशाली अधिकृतले घरमा सिपाहीलाई कामदार बनाएर सामन्ती शैलीको जीवनयापन गरिरहेकै छन्।**

**आफ्नो घर-कम्पाउन्ड, बगैंचा र खेतीपातीको क्षेत्रफलअनुसार नियमले तोकेभन्दा दोब्बर वा बढी सिपाहीलाई घरायसी काममा कजाउने गरिएको पनि पाइन्छ।**

**आन्तरिक नियम भने निम्नानुसार छ –**

**सेनातर्फ (गार्डबाहेक)**

| पद | बहालवाला | अवकाशप्राप्त |
|---|---|---|
| प्रधानसेनापति | असीमित | ५ जना |
| तीनतारे जर्नेल | ५ | ३ जना |
| दुई तारे जर्नेल | ४ | २ जना |
| एकतारे जर्नेल | ३ | १ जना |
| फुल कर्णेल | २ | - |
| कर्णेल | १ | - |

*स्रोतः रक्षा मन्त्रालय*

**सशस्त्र र जनपद प्रहरीतर्फ (गार्डबाहेक)**

| पद | बहालवाला | अवकाशप्राप्त |
|---|---|---|
| आइजिपी | असीमित | ३ |
| एआइजी | ३ | २ |
| डिआइजी | २ | १ |
| एसएसपी | १ | - |
| एसपी | १ | - |

*स्रोतः गृह मन्त्रालय*

**रनर, अर्दली वा घरायसी कामदार राखेर सुविधा उपयोग गरिरहेका वहालवाला अधिकृत पदाधिकारीको संख्या (दरबन्दीको आधारमा)**

| | |
|---|---|
| सेना- | ४,८७१ |
| जनपद प्रहरी- | १,३९२ |
| सशस्त्र प्रहरी- | ९६६ |
| सिडिओ- | ७५ |
| एलडिओ- | ७५ |
| न्यायाधीश (सर्वोच्च, पुनरावेदन र जिल्ला)- | २४७ |





तस्वीरहरू : तजबहादुर बस्नेत

बन्दैन महल यस्तो सिपाहीको पसिना नबगी : सिपाही लदाएर ठड्याइएका केही नमुना, क्रमशः पूर्वजर्नेल केशव गिरीको कुपन्डोलस्थित महल, पूर्वप्रधानसेनापति प्रज्वल्लसमशेरको दरबार र पूर्वजर्नेल

सीमित संख्यामा हुने र ब्यारेकमा उनीहरूको दिनहुँ काम हुने हुँदा बन्दुकधारी नै घरायसी काममा भिड्न बाध्य छन्।

गुल्म-गण-वाहिनी वा कुनै युनिटमा आवश्यकभन्दा अधिक दरबन्दी स्वीकृति गराएर घरायसी काममा खटाउने प्रवृत्ति हावी भएको छ। माओवादी समस्या चर्केदेखि अर्थ मन्त्रालय र सेनाबीच दरबन्दी बढाउने विषयमा हुने किचलो सार्वजनिक भइरहेको छ। अर्थतन्त्रको ढाड सेकिने गरी बर्सेनि सेना थपेर ५० हजारबाट १ लाख पुऱ्याइसक्दा पनि सरकारले 'घरायसी कामदार फिर्ता गर' भनी सैनिक नेतृत्वलाई औंला ठड्याउने हिम्मतसम्म गर्न सकेको छैन।

जर साप, कर साप, मेजर साप वा क्याप्टेन सापको घरमा खटिने सेनाले अघिल्लो पुस्ताको बुहार्तन खेप्नु पर्छ। घरको काम, भातभान्छा, सरफाइ, बगैंचाको काम गर्ने तथा धारा, बिजुली, टेलिफोनको बिल तिर्ने त्यस्तो सिपाहीको प्राथमिक ड्युटी हो। त्यसका साथै सम्पन्न जर्नेल र कर्नेलको घरमा गाईभैंसीको हेरचाहदेखि खेतीपातीको कामसमेत धान्नु पर्छ उनीहरूले।

अर्दलीहरू आफ्नो हाजिरी रहने ब्यारेकबाट तलब सुविधा खाएर रानी सा'पको खटनमा नातेदारको सेवामा समेत हाजिर हुनु पर्ने बाध्यतामा छन्। पहाडको पाखोबारी वा मधेसको मौजा रुङ्नसमेत खटाइने गरेकोमा माओवादी समस्या चर्केपछि त्यसबाट भने उनीहरूलाई मुक्ति मिलेको छ।

अहिले पनि हाकिमको छोरीज्वाइँ वा साला-सालीसम्मलाई रिझाउनु पर्ने अवस्था विद्यमान छ। हाकिमको घरमा खटिएका सैनिक रातदिन काम गरेबापत कामको धपेडीबाहेक केही पनि थप पाउँदैनन्। शान्ति सेनाको लालिपपमा सेवा सुसारमा तल्लीन सिपाहीहरू आफ्नै रासन खान्छन्। घर कम्पाउन्ड फराकिलो भएको जर्नेलकहाँ बसेकाले त्यहीं पकाएर खान्छन्। अधिकांश घरेलु कामदार बनाइएका सिपाहीहरूले दुई छाक खाना र खाजाका लागि नजिकको ब्यारेक धाउनु पर्ने हुन्छ।

'सेनाभित्र तल्ला तहकालाई दया गऱ्यो भने हेप्छन् भन्ने मान्यता छ', पूर्व मेजर मणि पनेरु भन्छन्, 'त्यसैले अधिकांश जरसाप करसापकहाँ न्यूनतम मानवीय व्यवहार पनि गरिंदैन।' हाकिमकहाँ नाना परिकार देखेर मुख मिठ्याउने अर्दलीहरूले ब्यारेकको उसीना चामलले पेट भर्नु पर्ने अवस्था छ।

सैनिक संगठन सञ्चालनको विधि निर्देश गर्ने सैनिक ऐन २०१६, शाही नेपाली सैनिक नियुक्ति, बढुवा र अरू विविध व्यवस्थासम्बन्धी नियमहरू २०२० र प्रधानसेनापतिको काम कर्तव्य र अधिकार तथा सेवा सर्त ऐन, २०२६ मा अर्दली, सुसारे वा घरेलु कामदारसम्बन्धी कुनै व्यवस्था नहुनुले शक्तिको आडमा यस्ता सुविधा उपभोग गरी दुरुपयोग भइरहेको पुष्टि हुन्छ।

प्राविधिक सैनिकहरू समेत हाकिमको सेवामा अहोरात्र खटिनु पर्छ। सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिकल लगायत सीपवालाहरूको एमइएस, इमई (इलेक्ट्रिकल एन्ड मेकानिकल), पायोनियर गणका २ हजार ५ सयभन्दा अधिकांश कर्मचारीको पहिलो कर्तव्य हाकिमको व्यक्तिगत सेवा हो। वाहिनी, गण, गुल्म, अस्पताल र अन्य युनिटमा प्राविधिक कामका लागि तयार गरिएको जनशक्तिको पनि कार्यालयको काम दोस्रो प्राथमिकता राखिएको हुन्छ।

ब्यारेकको काम ठेक्का दिएर प्राविधिक कामदारलाई निजी काममा खटाउने प्रचलन व्याप्त छ। कहाँसम्म भने सैनिक अस्पतालमा रहेका इन्जिनियरिङसम्बन्धी प्राविधिकलाई समेत त्यहाँका हाकिम र डाक्टरको घरायसी काममा भ्याई नभ्याई हुन्छ। वैशाख ११ यताको अवस्थामा पनि पूर्व हाकिमहरूको सेवामा समेत खासै कमी नआउनुले सेनामा व्याप्त जडता छर्लंग हुन्छ।

'अस्पतालको काम छोडेर पनि कर्नेल, जर्नेलको घरको पर्खाल लगाउने, प्लास्टर गर्ने, धारा, बिजुली, ढल निर्माणलाई प्राथमिकता दिई काममा खटाउने चलन छ।' तीन वर्षअघिसम्म अस्पतालमा रहेका इन्जिनियर पनेरु भन्छन्, 'घरायसी काममा मान्छे पठाएन कि सिध्याइदिन्छु भन्ने धम्की आइहाल्छ।'

घरायसी कामदारको रूपमा खटिएका केही सिपाहीले मात्र हाकिमको घरको साता/मासिक जमघटको चटारो धान्न नसक्ने हुँदा त्यस्ता पर्वमा अन्तर्गतको वा निकटको ब्यारेकबाट थप मानिस खटाउने प्रचलन छ।

'अस्पतालको काममा खटिएका तल्ला कर्मचारीलाई समेत मदनमान मल्लको घरमा कार्पेट ओछ्याउनेदेखि कृष्णनरसिंह रायमाझीको घरमा भाँडा माझ्ने काममा पठाइयो', सेनाको ज्यादती स्मरण गर्दै पनेरु भन्छन्, 'अस्पतालमा त यस्तो छ, अरू विभागको अवस्था झन् कति डरलाग्दो होला।'

सेनाका तल्ला तहका कर्मचारीको चरम शोषण हाकिमहरूको घर निर्माणका क्रममा हुन्छ। मेजरदेखि प्रधानसेनापतिसम्म अधिकांशको घर बनाउन सेनाको प्रयोग हुने गरेको देखिएको छ। घरेलु कामदार राख्न सक्ने हैसियतवाला लप्टन, क्याप्टेनले पनि घर बनाउन सिपाहीको प्रयोग गर्छन्। सैनिक अधिकृतहरूलाई काठमाडौंमा एउटा घर बनाउन कामदार पठाइदिने समझदारी सेनाभित्र बनेको छ। अधिकार दुरुपयोग गरेर बनाइएको यो नियमकै व्यापक दुरुपयोग गर्दै पैसा, पद, नाता र शक्तिका हिसाबले प्रभावशालीले लुट मचाइरहेका दर्जनौं उदाहरण छन्।

'एउटा घर पनि नहुनेलाई सिपाही र मिस्त्री दिएर मद्दत गरिदिने चलन छ', कार्की भन्छन्, 'तर बिजनेस कम्प्लेक्स बनाउने र ४-५ वटा घर ठड्याएर यसको चरम दुरुपयोग भइरहेको छ।' घर बनाउने नाममा निर्लज्ज ढंगले सिपाहीको चरम दुरुपयोग गर्नेहरूको सूचीमा पूर्व सैनिक सचिव ऋषिकुमार पाण्डे, पूर्व प्रधानसेनापतिद्वय सच्चितशमशेर राणा, प्रज्वल्लशमशेर राणा, पूर्व जर्नेल केशव गिरी लगायतको नाम अग्रणी छ।

भ्रष्ट सैनिक अधिकारी धेरैवटा घर बनाउन सक्ने हैसियत राख्ने हुँदा त्यस्ताबाट नै दुरुपयोग भइरहेका उदाहरण प्रशस्त छन्। पाण्डेले काठमाडौंमा तीनवटा घरका साथै नुवाकोट, त्रिशूली, रसुवा र हेटौंडा लगायतका स्थानमा सेनालाई दलाएर घर बनाएका थिए। पूर्व प्रधानसेनापति राणाले काठमाडौंमा दुईवटा र पोखरामा समेत सानदार महल बनाएका छन्। कुपन्डोल र पुल्चोकमा रहेका गिरीका तीनवटा घरमा सेनाको पसिना परेको छ।





सदीप शाहको हवेली

घर निर्माणका लागि जर्नेलहरूले पायोनियर गण र आफूअन्तर्गत वा निकटस्थ गण-गुल्मबाट सिपाही खटाउने चलन छ। कर्नेल र तल्ला तहकाले भने गण-गुल्ममा रहेका मिस्त्री र सैन्यलाई बढी मात्रामा प्रयोग गर्ने गरेको पाइन्छ।

'श्रम शोषण गर्दा अनुशासनको परीक्षण हुने र मेहनतको कदर गरे अनुशासन बिग्रने' दरिद्र मानसिकताबाट ग्रसित सैनिक अधिकारीले घर बनाउन कुल्ली-ज्यामी-मिस्त्री काममा लागेकामाथि समेत कुनै दया देखाउँदैनन्। 'वर्षौं लगाएर केशव गिरी जर्नेलको घर बनाउने काम सकिएपछि बिदा हुने बेलामा १० रुपैयाँका दरले पुरस्कार पाएका थियौं', केही वर्षअघि कुपन्डोलमा गिरीको घर बनाउन खटिएका एक हवल्दार भन्छन्, 'हामीलाई यस्ता कामबाट छुटकारा दिए सरकारको जयजयकार गर्थ्यौं।'

एउटा सैनिक तयार गर्न राष्ट्रको २ लाख रुपैयाँभन्दा बढी खर्च हुन्छ। उसैलाई अफिसरको रनर, फलोअर्स वा अर्दलीको रूपमा खटाइन्छ। विभिन्न शारीरिक र हतियारसम्बन्धी तालिम लिएको सिपाही रनर भएपछि जुत्ता, पेटी, बुट टल्काउने, लुगा धुने, आइरन लगाउने जस्ता काममा लाग्नु पर्छ।

यति मात्र होइन ब्यारेकको सम्पत्ति र स्रोत प्रमुखको निजीसरह हुने अभ्यास देखिन्छ। सेनाका अधिकांश ब्यारेकमा गाई, बंगुर, खसी र बँदेल पाल्ने चलन छ। तरकारी र फलफूल पनि उत्पादन हुन्छ। सिपाहीले ती वस्तुको सेवा सुसार सबै गर्छ। जमिनदारको घरको हलीले पनि मिठोचोखो चाख्न पाउला, तर ब्यारेकमा आफ्नो मेहनतले उत्पादन भएको दूध, मासु, तरकारीमा सैनिक जवानको हक लाग्दैन। मेजर, कर्नेलले ती वस्तु आफूखुसी प्रयोग गर्छन्। अधिकांश परिमाण आफ्नो घरमा र चाकडीमा खर्च हुन्छ।

इमई (इलेक्ट्रिकल एन्ड मेकानिकल इन्जिनियरिङ)का जर्नेल पूर्णप्रसाद ढकालको जाउलाखेलस्थित निवासमा नगरकोटबाट दिनहुँ २ लिटर दूध ओसारिएको वा सुन्दरीजलस्थित हातहतियारसम्बन्धी गणबाट थानकोटमा एक सैनिक अधिकृत कहाँ दूध पुऱ्याइएका उदाहरण सेनाभित्र शोषण र चाकरी मानिदैन। यसरी दूध, फलफूल र मासु ओसारपसार गर्न ब्यारेकले टिएडिए समेत दिएर सिपाहीलाई कुदाइरहेको पाइन्छ।

सेनाभित्र यस्ता तमाम खाले विकृति बढाउन शान्ति सेनामा पठाउन जर्नेल र प्रभावशाली कर्नेलहरूको कोटा प्रणालीले झनै प्रश्रय दिएको छ। शान्ति सेनामा खटिँदा २-४ लाख रुपैयाँ कमाइ हुने भएकाले उनीहरू हाकिमको निगाहबाट कोटामा पर्न घरायसी सेवामा दत्तचित्त हुन बाध्य छन्। 'शान्ति सेनालाई तजबिजी होइन, नियमले निर्देशित गर्ने बनाउनु पर्छ', पनेरु सुझाव दिन्छन्।

उक्त कार्यका साथै सैनिक अधिकारीको घरमा हुने पूजापाठदेखि बिहेसम्म जनशक्ति र अन्य व्यवस्थापनमा समेत सेनाको नै प्रयोग हुने गरेको छ। सेनालाई आलोचित बनाउने तमाम विकृतिको नियन्त्रण गरेर छवि सुधार्न राजनीतिक तहबाट पहल सुरु हुनु पर्ने पूर्व जर्नेल गोपालसिंह बोहराको सुझाव छ। जनआन्दोलनबाट बनेको सरकारका प्रधानमन्त्री र रक्षामन्त्रीले प्रधानसेनापतिलाई बोलाएर सेनाविरुद्ध यस्ता गुनासा आइरहेको छ, मैले फेरि सुन्नु नपरोस् भन्ने हो भने यस्ता दुरुपयोगको समस्या पूरै नियन्त्रण हुने बोहराको ठोकुवा छ।

बेलायती उपनिवेशबाट थलथलिएको भारतमा सैनिक अधिकृतले व्यक्तिगत काम सघाउन एकजना ब्याटम्यान पाउँछ, तर ऊ सेनाभित्रको हुँदैन। सिभिलियनलाई आफ्नो सहयोगीमा अधिकृतले भर्ना गर्छ, तलब भने सरकारले भुक्तानी गर्छ। सरकारलाई दीर्घकालीन भार नहोस् भनी ब्याटम्यानको जागिर अस्थायी बनाइएको छ। तर, त्यही भारतको सिको गर्ने नेपाली सेनामा दासयुग विद्यमान छ।

अर्दली प्रथाबारे पटक पटक जानकारी माग गर्दा पनि सैनिक प्रवक्ता नेपालभुषण चन्दले केहि पनि बताएनन्। 'लोकतन्त्र आयो भन्दैमा अर्दली पाउने सैनिकको संख्या र त्यो व्यवस्थाबारे बताई हाल्न मिल्दैन।' उनी भन्छन्, 'पत्रिकाहरूले पनि यस्तो कुरो बाहिर ल्याएर सेनाको मनोबल गिराउनु हुँदैन।'

## शक्तिको चरम दुरुपयोग



गोपालसिंह बोहरा
पूर्व जर्नेल

**ब्यारेकमा** बस्ने सैनिक अधिकृतको सरसफाइ, कपडा धुने, बुट, पेटी टल्काउने लगायत कामका लागि एकजना रनर दिने चलन छ। सेनाले त्यस्तो व्यक्ति सम्बन्धित अधिकृतका निम्ति मात्र उपलब्ध गराएको हो न कि परिवार वा नातेदारको सेवाको लागि। प्रभावशाली व्यक्तिहरूले अधिक दुरुपयोग गर्ने गरेकामा इमानदार अफिसरहरूले पनि उही आरोप खेप्नु परेको छ। शक्ति, प्रभाव र पैसाका हिसाबले साधनसम्पन्न व्यक्तिबाट बढी दुरुपयोग भइरहेको छ।

२०४६ सालपछि पनि बहुदलीय सरकारले सेनामा सुधार गर्ने कुनै कोसिस गरेन, मुकदर्शक भयो। अहिले पनि सरकारले चाहने हो भने यस्ता विकृति क्षणभरमै समाप्त हुन्छ। यसका लागि कुनै ठूलो कसरत गर्नु पर्दैन। प्रधानमन्त्री र रक्षामन्त्रीले प्रधानसेनापतिलाई बोलाएर 'जनशक्तिको दुरुपयोग भएको सुनिएको छ रोक्नुपऱ्यो' भन्ने निर्देशन दिनेबित्तिकै यो जालो चुँडिन्छ।

## चाकरी प्रथा तुरुन्त हटाउनुपर्छ



प्रदीप कार्की
पूर्व कर्नेल

**सेनामा** २००७ र २०४६ सालमा पनि प्रजातन्त्र आएन र अहिले पनि लोकतन्त्र आएको छैन भन्ने ज्वलन्त उदाहरण अर्दली वा रनर वा फलोअर्सका नाममा घरेलु कामदार राख्ने चलन यथावत् रहनु हो। शक्तिको आडमा मानवअधिकार हननको पनि दृष्टान्त मान्न सकिन्छ यस्तो अभ्यासलाई।

गरिब करदाताले तिरेको पैसाबाट अर्दली राख्न पाउने प्रचलन तत्काल खारेज गर्नु जरुरी छ। होइन भने माओवादी द्वन्द्वको आडमा जर्नेल-कर्नेल थपेर 'टप हेभी' बनाइएकाले सैनिक अधिकृतको सेवामा जुट्नु पर्ने सेनाको संख्या अझ थपिन सक्छ। अहिले नै १५ प्रतिशतभन्दा बढी सैनिकको दुरुपयोग भइरहेकोमा नियन्त्रण नगर्ने हो भने संख्या अझै चुलिन सक्छ।


निरीह सिपाहीहरू: यस्तै तल्लो दर्जाका सेना/प्रहरी नै हुन् ठूलाबडाकहाँ कमैया बस्नुपर्ने !

## दरबारिया जगजगी तोडिनुपर्छ


मणि पनेरु, पूर्वमेजर

हामीले सिको गरेको बेलायत वा भारतको सेनामा सिपाहीलाई नोकर चाकर त के कुनै पनि व्यक्तिगत काम लगाइँदैन। अधिकृतको सुरक्षाबाहेकको काममा सैनिक जनशक्तिलाई खटाइँदैन। मेजरभन्दा माथिल्लो अधिकृतले व्यक्तिगत सहायताका लागि सेनाबाहिरको व्यक्तिलाई नियुक्त गर्न पाउँछ। सरकारले त्यस्तो व्यक्तिको पारिश्रमिक व्यहोरिदिन्छ, तर ऊ कुनै जागिरे भने हुँदैन।

तर हाम्रो लाखौं खर्चेर तालिम दिएको दक्ष सेनालाई बुट पालिस घोट्नदेखि घरमा श्रीमतीको फरिया धुने कामसम्ममा लदाउने गरिएको छ। लोकतन्त्र आयो भनिए पनि सेनामा कुनै परिवर्तन आएको छैन र विगतको अभ्यास हेर्ने हो भने आउँदैन पनि। जसरी एकजना गरिबको नाम धनबहादुर राख्दैमा ऊ धनी हुँदैन, शाही नेपाली सेनाको नाम नेपाली सेना बनाउँदैमा तत्काल प्रवृत्ति फेरिँदैन। सरकारले आशा गरेकै भरमा यस्ता दुरुपयोग रोकिँदैनन्। त्यसको लागि सेना र राजाको नाता पूर्णरूपमा टुट्नु पर्छ। राणा, शाह, बस्नेत, थापाहरूको जगजगी अन्त्य हुनु पर्छ। जनजाति र अन्य जातिका अधिकृतले योग्यताका आधारमा माथि जान पाउने समावेशी प्रणाली सुरुवात हुनु पर्छ। अनि मात्र सेनामा लोकतन्त्र आउँछ।

प्रहरीमा शोषणको प्रकृति सेनासँग मिल्दोजुल्दो छ, तर मात्रात्मक हिसाबले एक चौथाइभन्दा पनि कम देखिन्छ। सशस्त्र र जनपद प्रहरीको इन्सपेक्टरभन्दा माथिको दरबन्दी नै २ हजार ५ सयभन्दा कम छ। अवकाशप्राप्त डिआइजीसम्मले मात्र प्रहरी घरायसी काममा राख्ने गरेको देखिएको छ। त्यस्ता अधिकारीको संख्या १ सयभन्दा कम छ।

प्रहरीमा घरायसी काममा खटिने पिपाको संख्या आनुपातिक रूपमा सेनाभन्दा बढी भए पनि तालिमप्राप्त जवान घरमा खटिने अनुपात सेनाभन्दा निकै कम छ। गृह मन्त्रालय स्रोत प्रहरीमा २ हजारभन्दा बढी प्रहरी घरायसी काममा नखटिएको दाबी गर्छ। जेठ ७ गते महेन्द्र पुलिस क्लबमा भएको कार्यक्रममा घरमा कामदार राख्ने कुरामा जोडदार प्रश्न उठेपछि प्रहरीमा यस्तो प्रवृत्तिमा सुधार आउने लक्षण देखिएको छ।

प्रहरीतर्फ घर बनाउने काममा 'फटिक'को प्रयोग गर्ने प्रचलन कम हुँदै गएको छ। १० वर्षअघिसम्म एसपीसम्मको घर निर्माणमा तालिमे प्रहरीलाई अधिक प्रयोग गर्ने चलन भएकोमा अहिले कम मात्रामा छ। सामाजिक-धार्मिक कार्यमा भने प्रहरीका उच्च अधिकृतबाट हुने जनशक्तिको दुरुपयोगको मात्रा सेनाकै हाराहारीमा छ।

### निजामती छैन अछुतो

न्यायाधीश, संवैधानिक निकायका केही अधिकारी, सिडियोले अर्दली र स्वकीय सचिवको नाममा दुरुपयोग गर्ने गरेको देखिएको छ। यस्तो दुरुपयोग जिल्ला विकास समिति, वन, कृषि, पशु, सडक, सिँचाइ जस्ता प्राविधिक कार्यालयमा पनि उल्लेख्य मात्रामा छन्।

जिल्ला, पुनरावेदन र सर्वोच्चका न्यायाधीशले पियनसरह अस्थायी कर्मचारीको रूपमा एकजना अर्दली भर्ना गर्न पाउने सुविधा छ। सिडिओले पनि खरिदार सहायकस्तरको स्वकीय सचिव र पियनसरहको भान्छे भर्ना गर्ने सुविधा पाउँछन्। राजस्व न्यायाधिकरण, कर्जा असुली न्यायाधिकरण, प्रशासकीय अदालत र विशेष अदालतका सदस्यहरूले पनि अर्दली सुविधा पाइरहेका छन्।

तर व्यवहारमा केही न्यायाधीश र सिडिओले त्यस्ता कर्मचारी भर्ना नगरी विभिन्न फर्जी नाममा भुक्तानी लिने गरेको आरोप छ। न्यायाधीशको हकमा महालेखापरीक्षकको २०५७/५८ को प्रतिवेदनले अर्दलीको नाममा पैसा लिने तर भर्ना नगर्ने प्रवृत्ति देखिएको भन्दै औंल्याएको थियो।

कतिपय सिडिओले भान्छे वा स्वकीय सचिव भर्ना नगर्ने वा श्रीमती र परिवारको सदस्यको नाम राखेर भुक्तानी लिने गरेका छन्। अर्दली वा भान्छेको काममा कार्यालयको पियन प्रयोग गरी शोषण भएका प्रशस्त उदाहरण छन्। सैनिक-प्रहरीभन्दा कम भए पनि यस्ता विकृतिको सुधारको लागि आवाज उठिरहेको छ।

संवैधानिक नियुक्ति पाएका सैनिक, प्रहरी, गृहप्रशासन पृष्ठभूमिका व्यक्तिले पदको प्रभावले सम्बन्धित संगठनबाट घरेलु कामदार मगाएको भेटिएको छ। अख्तियार र निर्वाचन आयोगमा ४ पदाधिकारीले सैनिक र प्रहरीलाई घरेलु कामदारको रूपमा राखिरहेका छन्।

एलडिओले जिल्ला विकास समितिबाट निर्णय गराएर भान्छेको तलब लिने गरेका छन्, तर व्यवहारमा भान्छेलाई बिल भर्पाईबाट मिलाएर तलब दिने र सुविधाबापतको तलब आफूले बुझेको पनि देखिएको छ।

वन कार्यालयमा वनपालेलाई निजी सहायकको रूपमा प्रयोग गर्ने चलन छ। प्रशस्त विकास बजेट हुने कृषि, पशु, सडक र सिँचाइ कार्यालयमा आयोजनाका नाममा अस्थायी कर्मचारी भर्ना गरी प्रमुख र अधिकृतहरूको सेवामा लगाउने प्रचलन छ।

'सामन्ती संस्कारको अवशेषको रूपमा नागरिक प्रशासनभित्रै कायम यस्तो अघोषित अर्दली प्रथा खारेज गरी मानवअधिकारको सम्मान गर्नु पर्छ', सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले भने, 'हामी नवनियुक्त कम्युनिष्ट मन्त्रीलाई त्यही सुझाव दिन्छौं।' ■




तेजबहादुर बस्नेत

# नियोजित हिंसा ?

**राजधानीको बानेश्वरस्थित** एभरेस्ट नर्सिङ होममा उपचारार्थ लगिएका ६० वर्षीय तुलसीराम गौतमको चिकित्सकको लापरवाहीका कारण मृत्यु भएको जनाउँदै यसको विरोधमा हिंसात्मक प्रदर्शन भएको छ। सयौंको संख्यामा उपस्थित उत्तेजक समूहद्वारा जेठ १० गते उक्त अस्पताल तोडफोड । प्रदर्शनकारीलाई तितरबितर पार्न प्रहरीले लाठीचार्ज गर्दा पाँचजना घाइते पनि भए। नर्सिङ होममा ढुंगामुढा हुनथालेपछि उपचारार्थ भर्ना भएका झन्डै १ दर्जन विरामीलाई अन्यत्र सार्नु पर्‍यो।

दमको रोगबाट पीडित गौतमलाई जेठ १० गते बिहान ४ बजे नर्सिङ होम पुर्‍याएको र 'अक्सिजन' उपलब्ध नगराएकाले मृत्यु भएको उनका परिवारले बताएको छ। 'ड्युटीमा खटिएका डा. सन्तोष खड्काले अक्सिजन छैन भन्दै लापरवाही गरे', गौतमका छोरा सोमहरि बताउँछन्। अक्सिजनको अभावमा उनको केही छिनमै मृत्यु भएको थियो। उनलाई पहिले पनि 'फलो अप'का लागि उक्त नर्सिङ होममा लगिने गरिएको थियो।

अस्पतालले गल्ती भएको स्वीकार गर्दै मृतक परिवारलाई साढे दुई लाख रुपैयाँ क्षतिपूर्ति दिने जनाएको छ।

अघिल्लो दिन बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा यस्तै आक्रोशित भीडले अस्पताल तोडफोड गर्नुका साथै एक चिकित्सकलाई मरणासन्न हुने गरी कुटपिट गरेको थियो। अस्पतालमा उपचारार्थ ल्याइएका विरामीको चिकित्सकहरूको लापरवाहीले मृत्यु भएको दाबी गर्दै आक्रोशित भीडले सुरु गरेको तोडफोडमा पछि उत्तेजक समूह मिसिएको थियो। भीडले स्थिति नियन्त्रण गर्न गएका सुरक्षाकर्मीमाथि पनि आक्रमण गरेका थिए, जसमा १५ प्रहरी घाइते भएका थिए। भीडले एक एम्बुलेन्स जलाउनुका साथै निजी क्लिनिक र औषधी पसल तोडफोड गरेको थियो।

उत्तेजक समूहले हुल दंगा गर्दै स्वास्थ्य संस्थामा क्षति पुर्‍याउँदासम्म सरकारले स्थिति नियन्त्रण गर्न नसकेको आरोप लगाउँदै नेपाल चिकित्सक संघलगायत सर्वसाधारणले भर्त्सना गरेका छन्। स्वास्थ्य संस्थाद्वारा लापरवाही भएको महसुस भएपछि सम्बन्धित पक्ष आक्रोशित हुनु स्वभाविक भए पनि तोडफोड र ध्वंसात्मक क्रियाकलाप हुँदा सरकारले नियन्त्रण गर्न नसकेकामा सर्वसाधारण रुष्ट भएका छन्।

# राजावादीहरूको रडाको

**धर्मनिरपेक्ष राज्य** घोषणाको विरोधमा राजावादीहरूको अगुवाइमा वीरगञ्जमा सुरु भएको भड्कावपूर्ण प्रदर्शन चर्किँदै गएको छ। अहिले प्रदर्शनकारीहरूको भीडबाट राजावादी हराएका छन् र धर्म जागरण मञ्चको नेतृत्वमा सहरभरि विरोध कार्यक्रम जारी छन्। हिन्दुहरूको नाममा राजावादीहरूले विरोध प्रदर्शन गरेको तथ्य स्थानीय पत्रिकाहरूले प्रकाशमा ल्याएपछि राजावादीहरू टाउको लुकाउन बाध्य भएका हुन्।

वीरगन्जको माईस्थानबाट सुरु भएको विरोधको आगो सल्कँदै बारा र पर्साको गाउँसम्म पुगेको छ। प्रदर्शनकारीले दिनदिनै राजमार्गमा टायर बाल्ने र यातायात अवरुद्ध पार्ने काम सुरु गरेका छन्। यातायात अवरुद्ध पारिएपछि आक्रोशित यातायात मजदुरले १० जेठ बुधवार वीरगन्ज बजार बन्द गराए। प्रदर्शनकारीले 'अब खुलारूपमा गाई काटिने भयो, धर्म नाश हुने भयो' भन्ने जस्ता कुरा गरेर आमहिन्दुको धार्मिक आस्था भजाउन खोजेका छन्।

प्रदर्शनकारीहरूले 'धर्मनिरपेक्ष राष्ट्र घोषणा फिर्ता गर, हिन्दु राष्ट्र पुनः घोषणा गर' भन्ने खालका नारा लगाउन थालेका छन्। प्रदर्शनकारीहरूको भीडबाट 'अमेरिकी साम्राज्यवाद मुर्दावाद, मुस्लिम आतंकवाद मुर्दावाद' नारा पनि उठ्न थालेको छ। वीरगन्ज नगरको प्रत्येक पसल, सडकमा गुडिरहेका सवारीमा गेरु रंगको कपडामा त्रिशूल र ॐ अंकित झन्डा झुन्ड्याइएको छ।

शिव सेना नेपाल वीरगन्ज नगरका अध्यक्ष धीरज शर्मा हिन्दु राष्ट्र भएकाले नै नेपालमा धार्मिक सहिष्णुता कायम रहँदै आएको तर्क गर्छन्। हिन्दु नेताहरूको भनाइमा धर्मनिरपेक्ष राज्य घोषित गरिएकाले अबका दिनहरू हिन्दु र मुस्लिम दुवैका लागि कठिन हुनेछन्। नगर अध्यक्ष शर्मा धर्मनिरपेक्ष राज्यको घोषणाले बहुसंख्यक हिन्दु र अल्पसंख्यक मुस्लिमबीच मुठभेडको स्थिति निम्त्याउने दाबी गर्छन्। भारतीय हिन्दु धार्मिक संस्थाहरू (विश्व हिन्दु परिषद्, शिवसेना, राष्ट्रिय स्वयंसेवक)ले यहाँको आन्दोलनलाई समर्थन गर्दै प्रतिनिधिसभा घोषणा-२०६३ को विरोध गरेका छन्।

■ रवि दाहाल/वीरगन्ज




राम सराफ

▲ धर्मनिरपेक्ष राज्य घोषणाको विरोधमा सडक प्रदर्शनमा उत्रेका हिन्दुहरू



तस्वीरहरू : तेजबहादुर बस्नेत

शान्तिवार्ताका सरकारी संयोजक कृष्णप्रसाद सिटौला, माओवादी संयोजक कृष्णबहादुर महरा र माओवादी सदस्य दीनानाथ शर्मा

**ढिलै भए पनि सरकारले माओवादीसँग विगत एक वर्षदेखि निरन्तर वार्तामा संलग्न गृहमन्त्री कृष्णप्रसाद सिटौला, माओवादी राजनीतिलाई निकै हदसम्म बुझ्नसक्ने पर्यटनमन्त्री प्रदीप ज्ञवाली र श्रम तथा यातायात राज्यमन्त्री रमेश लेखकको तीनसदस्यीय वार्तासमिति बनाइसकेको छ भने माओवादी प्रवक्ता कृष्णबहादुर महराको नेतृत्व वार्ताटोली केही दिनदेखि राजधानीमा राजनीतिक छलफलमा व्यस्त छ ।**

# धेरै आशा, थोरै शंका

■ सुवास देवकोटा/काठमाडौं

**सरकार र माओवादीबीच** शीर्षस्थ र टोलीस्तरमा अनौपचारिक वार्ता सुरु भए पनि सरकारी पक्षको वार्तासमिति निर्माण र पूर्णतामा भएको ढिलाइले औपचारिक वार्ता अझै सुरु भएको छैन । बन्दी रहेका आफ्ना सबै नेता तथा कार्यकर्ता रिहा हुनु पर्ने, बेपत्ता पारिएकाको स्थिति स्पष्ट पारिनु पर्ने र भारतमा बन्दी रहेका ७० भन्दा बढी आफ्ना नेता-कार्यकर्ता रिहाइका निम्ति औपचारिक प्रयास थाल्नु पर्ने पूर्वसर्त माओवादीले वार्ताका निम्ति सरकारसँग राखेको छ । बन्दी माओवादीको रिहाइका निम्ति पहल भइरहेको सरकारले उल्लेख गरे पनि सुरक्षानिकायको त्यसप्रति अनिच्छा र न्यायिक प्रक्रिया बाधक बन्न सक्ने संकेत देखिएको स्रोतहरू बताउँछन् । स्रोतका अनुसार राजनीतिक समस्या समाधान नभएसम्म सबै प्रकारका माओवादी बन्दीको रिहाइ खतरा हुनसक्ने सुरक्षानिकायहरूको आशंका छ ।

तर, सहयात्री सात दलको सरकारलाई सहयोग गर्न आएको उल्लेख गर्ने माओवादी वार्ताटोली र सरकारबीच वार्ता सुरु भइहाल्नेमा कुनै शंका छैन । ढिलै भए पनि सरकारले माओवादीसँग विगत एक वर्षदेखि निरन्तर वार्तामा संलग्न गृहमन्त्री कृष्णप्रसाद सिटौला, माओवादी राजनीतिलाई निकै हदसम्म बुझ्नसक्ने पर्यटनमन्त्री प्रदीप ज्ञवाली र श्रम तथा यातायात राज्यमन्त्री रमेश लेखकको तीनसदस्यीय वार्तासमिति बनाइसकेको छ भने माओवादी प्रवक्ता कृष्णबहादुर महराको नेतृत्वको ३ सदस्यीय वार्ताटोली केही दिनदेखि राजधानीमा राजनीतिक छलफलमा

व्यस्त छ । माओवादी वार्ताटोलीका सदस्य दीनानाथ शर्माका अनुसार सरकारले आह्वान गर्नासाथ वार्तामा बस्न माओवादी टोली तयार छ ।

यसै साता सुरु हुने सरकार-माओवादी वार्ताको पहिलो एजेन्डा युद्धविराम आचारसंहिता टुंगो लगाउनु हुनेछ । माओवादी अनुसार सरकारलाई उनीहरूले प्रस्तावित दसबुँदे आचारसंहिता बुझाइसकेका छन्, तर सरकारबाट अझै त्यसको जवाफ आएको सार्वजनिक भएको छैन । आचारसंहिताबारे टुंगो लागेपछि दुवै वार्ताटोलीले त्यसमा हस्ताक्षर गर्नेछन् र त्यसले मान्यता पाएको मानिनेछ । यसैगरी वार्तामा आफूले उठाउने दसबुँदे मार्गचित्र विद्रोही माओवादीले सार्वजनिक गरेको छ, तर सरकारबाट अझै कुनै मार्गचित्र सार्वजनिक भएको छैन । मन्त्रीहरू वार्ताअघि मार्गचित्र प्रस्तुत गर्नेभन्दा माओवादीसँग खुला छलफल गर्न सरकार तयार रहेको बताइरहेका छन् । माओवादीद्वारा सार्वजनिक मार्गचित्रमा उल्लिखित पुरानो संसद्, संविधान तथा सरकार विघटन र खारेज गर्ने, राजनीतिक दल, नागरिक समाज र विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूसमेतको प्रतिनिधित्वमा राजनीतिक सम्मेलन गरी अन्तरिम विधान र अन्तरिम सरकारको गठन गर्ने तथा निर्वाचनमा अभिव्यक्त जनमतअनुसार जनमुक्ति सेना र 'शाही' सेनासमेत समग्र राज्यको पुनर्संरचना गर्ने बुँदामा बढी विवाद हुने देखिन्छ । विवाद हुनसक्ने यी बुँदाको सहमतिलाई नै माओवादी वार्ता सफलताको मूल चुरो मान्छ भने सरकार र सात दलले अझै त्यसलाई स्विकारेका छैनन् । सात दल र सरकार संविधानसभा निर्वाचन नभएसम्म वर्तमान प्रतिनिधिसभाले निरन्तरता पाउनु पर्ने बताइरहेका छन् भने अन्तरिम विधानबारे पनि सात दल र सरकारको विचार अझै सार्वजनिक भएको छैन ।

## हतियार व्यवस्थापन : चुनौती

सात दल-माओवादीबीच गत मंसिरमा भएको बाह्रबुँदे समझदारीमा 'संविधानसभा निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने' उल्लेख भए पनि अहिले वार्तामा यो विषय नै सबैभन्दा महत्त्वपूर्ण र उत्तिकै चुनौतीपूर्ण हुने देखिन्छ । मन्त्रीहरूबाट माओवादीलाई सार्वजनिकस्थलमा हतियार प्रदर्शन नगर्न चेतावनीयुक्त आग्रह भइरहे पनि अनौपचारिक वार्तामा हतियारबारे अहिलेसम्म कुनै छलफल नभएको माओवादी दाबी छ । 'सेनालाई पूर्णरूपमा लोकतान्त्रिक व्यवस्थाको मातहत ल्याउने हो भने हाम्रो सेना समस्या बन्दैन, किनभने हाम्रो सेना राजनीतिको मातहत रहेकाले राजनीतिक समस्या समाधान हुनासाथ त्यसलाई हाम्रो सेनाले नस्विकार्ने प्रश्नै उठ्दैन', माओवादी वार्ताटोली सदस्य शर्मा भन्छन् । जनआन्दोलनमार्फत भएको राजनीतिक परिवर्तनप्रति राष्ट्रिय सेनाको प्रतिबद्धता पुष्टि हुने क्रममै भएको र त्यसको प्रजातान्त्रीकरण प्रक्रिया व्यवहारिक रूपमा अझै अघि नबढेको भए पनि माओवादी सेनाको व्यवहारबारे राजनीतिक दल र नागरिक समाज अझै आश्वस्त हुन सकेका छैनन् । यद्यपि, माओवादी नेताहरू राष्ट्रिय सेना वर्तमान राजनीतिक परिवर्तनप्रति प्रतिबद्ध हुने ग्यारेन्टी हुनासाथ माओवादी सेना र हतियार समस्या नबन्ने बताउँछन् ।

**सात दल-माओवादीबीच गत मंसिरमा भएको बाह्रबुँदे समझदारीमा 'संविधानसभा निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने' उल्लेख भए पनि अहिले वार्तामा यो विषय नै सबैभन्दा महत्त्वपूर्ण र उत्तिकै चुनौतीपूर्ण हुने देखिन्छ ।**

तर, संविधानसभा निर्वाचनअघि आफ्नो सेना भंग गर्ने वा मिसाउनेमा भने माओवादीको असहमति स्पष्ट प्रकट भएको छ । 'राजनीति निश्चित नभई सेनाको टुंगो हुने कुरै हुँदैन, तर निर्वाचनमा सेना र हतियारको अनुगमनका लागि हामी पहिलेदेखि तयार छौं', शर्मा भन्छन् । माओवादी हतियार र सेनाको भविष्यवारे सरकार-माओवादी वार्तामा छलफल हुने निश्चित भए पनि त्यसबारे सात दल र सरकारको धारणा सार्वजनिक भएको छैन, तर राष्ट्रिय सेनाको प्रजातान्त्रीकरण सम्भव नभए वा माओवादी हतियार तथा सेनाबारे टुंगो नभए निर्वाचन निष्पक्ष नहुने आमविश्वास छ ।

राष्ट्रिय सेना पुनर्गठन र समायोजनका लागि माओवादी सेनाको आकार रहस्यमा रहनु पनि समस्या देख्छन्, केही विश्लेषक । गत असोज-कात्तिकको केन्द्रीय समितिको बैठकपछि माओवादीले आफ्नो सेना सात डिभिजनमा विभाजन गरेको दाबी गरे पनि त्यसको संख्याबारे आधिकारिक पुष्टि छैन । प्रहरी, सशस्त्र प्रहरी र शाही नेपाली सेनाबाट लुटेका तथा भारतको 'कालो बजार'बाट किनेका हतियारबाट सात डिभिजनको सेना बनेको विश्वास गर्न धेरै तयार छैनन् । माओवादी नेता पनि आफ्नो सेना र आफूसँगको हतियार ठूलो मात्रामा नरहेको स्विकार्छन् । सेना पुनर्गठन वा समायोजनमा माओवादीले आफ्नो सेनाको आकारबारे गलत दाबी गरेर राष्ट्रलाई समस्यामा पार्ने केहीको आशंका छ ।

## चन्दा समस्या

माओवादी चन्दा अभियान सरकार-माओवादी वार्ता सफलताका लागि समस्या बन्न सक्ने धेरै क्षेत्रबाट बताइए पनि सरकारले औपचारिकरूपमा त्यसबारे माओवादीसँग आपत्ति जनाएको छैन । बरु, सात दलका केही नेता र वर्तमान सरकारका केही मन्त्रीले 'सेना' पाल्न माओवादीलाई समस्या परे सरकार त्यसका लागि बजेट दिन तयार रहेको बताएका छन् । तर, माओवादी वार्ताटोली सदस्य शर्माका अनुसार उनीहरूले अझै त्यसबारे सरकारलाई कुनै प्रस्ताव दिएका छैनन् भने सरकारले पनि माओवादी सेना पाल्न बजेट दिनेबारे कुनै निर्णय भएको जानकारी माओवादीलाई दिएको छैन । युद्धविरामपछि पनि माओवादी चन्दा अभियान जबरजस्ती शैलीमा चलेको गुनासो आम बने पनि माओवादी वार्ताटोली सदस्य शर्मा भने 'सबै राजनीतिक दलले चन्दा लिएजस्तै चन्दा लिएको तर त्यो अन्य राजनीतिक दलभन्दा भिन्न र खुला शैलीमा भएको' बताउँछन् । आफ्नो पार्टी बदनाम गर्न अनेक तत्त्व सक्रिय रहेको जेठ ९ गते नेपाली सेनाका जवान चन्दा उठाउँदै गर्दा समातिनुले पुष्टि भएको पनि शर्माको दाबी छ ।

लामो समय भूमिगत रहेको माओवादीले आफ्ना नेताहरू सार्वजनिक गर्नासाथ उनीहरूका फरक भनाइ पनि समस्या र अन्योलको विषय बनेको छ । जेलबाट भर्खरै रिहा भएका मातृका यादवले 'आगामी अन्तरिम सरकारको नेतृत्व माओवादीलाई दिनु पर्ने' बताएर जन्माएको अन्योल माओवादी अध्यक्ष प्रचण्डले नै मेट्नु पर्‍यो भने वार्ताटोली सदस्यसँगै सार्वजनिक भएका १३ केन्द्रीय नेताहरूले अनेक ठाउँका सभामा वार्तालाई समस्या पर्न सक्ने भनाइ सार्वजनिक गरिरहेका छन् । यद्यपि, ती भनाइलाई वार्ताका लागि माओवादीबाट सरकारलाई दबाब दिएको मात्र मान्नु ठिक हुने धेरैको विचार छ ।

सरकार-माओवादी वार्ता आशा र आशंका साथ सुरु हुन लागे पनि वार्ताप्रति माओवादी प्रतिबद्धता पहिलेको भन्दा अत्यधिक रहेको पुष्टि गर्ने आधार प्रशस्त छन् । आसन्न वार्ता सकारात्मक दिशामा गए त्यसको टुंगो लगाउन माओवादी अध्यक्ष प्रचण्ड नै राजधानी आउने निश्चित भएको माओवादी भनाइ सार्वजनिक भएको छ भने माओवादी जनवर्गीय संगठनहरू यसपटक आफूलाई खुला राजनीतिमा अब्बल बनाउन अन्य राजनीतिक दलसम्बद्ध जनवर्गीय संगठनका जसरी नै प्रस्तुत भइरहेका छन् । यसैगरी नयाँ राजनीतिक परिस्थितिमा भर्खरै जेलमुक्त केन्द्रीय नेता सुरेश आले मगरलाई काठमाडौंमा खुल्ने केन्द्रीय कार्यालय प्रमुख तोकेर माओवादीले खुला हुने संकेत दिएको छ भने कयौं माओवादी नेताहरूले वार्ता विफल भए पनि सहर नछाड्ने बताएर विगत जनआन्दोलनमा आफ्नो सहभागिता रहेको र त्यसबाट भएको परिवर्तनमा आफ्नो स्वामित्व रहेको सन्देश दिन खोजेका छन् । यद्यपि, सात दल र सरकार माओवादीबाट असम्भव सर्त सारिनेमा सशंकित छन् भने 'विदेशी चलखेल'ले खुला राजनीतिमा आफ्नो पुनरागमन असम्भव पार्नेमा माओवादी सतर्क छ । ■

# मुद्दाहरूमा मतभेद

■ विश्वमणि पोखरेल/काठमाडौं



**पुनःस्थापित प्रतिनिधिसभामा** पहिलो पटक नियमापत्ति गर्दै प्रतिनिधिसभाको जेठ ८ को बैठकमा कांग्रेस सांसद आफ्ताव आलमले माओवादीबाट आफ्नै जिल्ला रौतहटमा भएको अपहरणबारे जानकारी दिए । उनले माओवादीबाट सात दलसँगको बाह्रबुँदे समझदारी उल्लंघन भएकोमा गम्भीर आपत्ति जनाए । नियमापत्ति भन्दै सदनको नियमित कारबाही अघि बढ्न नदिएका आलमले आफ्नै गृह जिल्ला र आफ्नै पार्टीका कार्यकर्ताको अपहरणबारे प्रश्न उठाउनु स्वभाविक थियो । अपहरणको घटनाको विवरण दिँदै 'यो कस्तो युद्धविराम हो, यो कस्तो समझदारी हो' भन्ने प्रश्न गरेपछि आलमको समर्थनमा सबैजसो सांसद उत्रिए । उनीहरूले गडगडाहटपूर्ण ताली बजाएर माओवादी ज्यादतीविरुद्ध आवाज बुलन्द गरे ।

सदनमा माओवादीबाट भएका चन्दा आतंक र युद्धविराम उल्लंघन भएका विषयमा पटक पटक कुरा नउठेका होइनन् । तर, प्रतिनिधिसभा पुनःस्थापनापछि सार्वजनिक महत्त्वका विषय र विशेष समयमा सांसदहरूले बोल्ने परम्परा तोड्दै आलम नियमापत्ति गर्दै समय लिएर बोले । आलम मात्र होइन सोही दिन नियमापत्ति गर्दै बोल्ने अन्य सांसदहरूले पनि माओवादीबाट बाह्रबुँदे समझदारी पालना नभएकोमा आपत्ति प्रकट गरे । एमालेका सांसद जगन्नाथ खतिवडाले आफ्नो गृहजिल्ला उदयपुरमा जडान हुन थालेको टेलिफोन उपकरण माओवादीले कब्जामा लिएको र १० प्रतिशत कमिसन मागेको जानकारी गराउँदै सरकारको ध्यानाकर्षण गराएका थिए ।

बाह्रबुँदे समझदारी र युद्धविराम पालना नभएकोमा सार्वजनिक रूपमा माओवादीको आलोचना हुन थालेको छ भने माओवादीका अन्य प्रमुख राजनीतिक मागमा पनि सात दलबीच मतैक्य बन्दै गएको देखिन्छ । माओवादीको प्रतिनिधिसभा तत्काल विघटन गर्नु पर्ने, अन्तरिम शासन विधान लागू हुनु पर्ने मागका विपक्षमा दलहरू सकारात्मक र सहयोगी बनेका छैनन्, माओवादीका मागविपरीत नीति बुन्दै छन् ।

प्रारम्भिक अवस्थामा यो प्रतिनिधिसभा छोटो अवधिका लागि हुनु पर्छ भन्ने एमालेका नेताहरू अहिले अर्को वैकल्पिक व्यवस्था नहुन्जेल प्रतिनिधिसभा कायम हुनु पर्छ भन्ने अडान राख्न थालेका छन् । एमाले महासचिव माधवकुमार नेपालले सार्वजनिक कार्यक्रममार्फत प्रतिनिधिसभा जीवित रहनु पर्ने जोडदार माग गर्दै आएका छन् । उनले प्रतिनिधिसभामा 'प्रतिनिधिसभा विघटन गर्ने काम आत्मघाती कदम हुने' बताएका थिए । तर, एमालेले संक्रमणकालीन अवस्थामा माओवादी र जनआन्दोलनका सहयोगी नागरिक समाजको पनि सहभागिता हुने खालको राजनीतिक परामर्श सभा गठनको प्रस्ताव अघि सारेको छ । एमालेले संक्रमणकालीन अवस्थामा कसरी अगाडि बढ्ने र संविधानसभाको प्रक्रिया र स्वरूप कस्तो हुने भन्नेबारे अध्ययन गरेर प्रतिवेदन पेस गर्न तीन साताअघि अधिकारीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । कार्यदलका एक सदस्यका अनुसार विभिन्न पेसाका करिब चार सय जनासँगको अन्तरक्रियापछि अन्तरिम प्रतिवेदन तयार पारिएको छ ।

कार्यदलका एक सदस्य प्रतिनिधिसभाले गरेका घोषणालाई सहयोगी हुने किसिमको अन्तरिम संविधानको पक्षमा रहेको बताउँछन् । ती सदस्यले एमाले प्रतिनिधिसभा विघटनको पक्षमा नरहेको जानकारी दिए ।

नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) दुवै प्रतिनिधिसभा विघटनको पक्षमा त छैनन् नै, अन्तरिम शासन विधानको आवश्यकताबारे पनि सहमत छैनन् । कांग्रेस केन्द्रीय सदस्य रामचन्द्र पौडेल भन्छन्, 'प्रतिनिधिसभा विघटन हुनु हुँदैन । यस्तै उत्तरदायी निर्वाचित संस्थाले प्रतिस्थापित गरेपछि मात्र प्रतिनिधिसभा विघटन हुन्छ ।'

अन्तरिम शासन विधानका बारेमा पौडेल अहिल्यै हतारिन नहुने बताउँदै भन्छन्, 'सात दल अन्तरिम विधानबारे हतारिन हुँदैन, यो त माओवादीसँग वार्ता भएपछि निकै पछिको कुरा हो ।'

सद्भावना (आनन्दीदेवी)का हृदयेश त्रिपाठी एवं जनमोर्चाका नवराज सुवेदी पनि प्रतिनिधिसभा विघटन हुन नहुने धारणा राख्छन् भने दुवै तत्काल अन्तरिम शासन विधानको पक्षमा जान नहुने धारणा राख्छन् । हृदयेश भन्छन्, 'प्रतिनिधिसभाले सार्थक काम गरिरहेको छ भने यसलाई विघटन गर्न हुँदैन ।' त्रिपाठीले अन्तरिम शासन विधान माओवादीसँगको वार्ता र सहमतिमा बन्न सक्ने बताए । सुवेदी भने यही प्रतिनिधिसभाले अन्तरिम शासन विधान अनुमोदन गर्नु पर्ने बताउँछन् ।

उता, सात राजनीतिक दलको कार्यदलमा लामो समयदेखि अल्झिएर रहेको स्थानीय निकायको पुनःस्थापनाको मुद्दालाई नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले एमालेको सहयोगमा प्रतिनिधिसभाको कार्यसूचीमा राख्ने रहस्यमय प्रयास गरे । स्थानीय निकाय पुनःस्थापनाबारे एमाले र नेमकिपा हतारिएका छन् भने दुवै कांग्रेस र सद्भावना पुनःस्थापनाको पक्षमा खुलेर उभिएका छैनन् । १० जेठमा समाभुख सुवासचन्द्र नेम्वाङले बिजुक्छेमार्फत दर्ता गराउन खोजिएको प्रस्तावबारे सात दलका प्रतिनिधिबीच छलफल गराएका थिए । बिजुक्छे प्रस्तावक र एमाले स्थायी कमिटी सदस्य ईश्वर पोखरेल समर्थक रहने गरी खुसुक्क दर्ता गर्न खोजिएको प्रस्ताव केही दिनका लागि रोकिएको बुझिन्छ । २०५४ को स्थानीय निकायको निर्वाचनमा सबैभन्दा बढी वर्चस्व रहेको एमाले स्थानीय निकाय पुनःस्थापनाको पक्षमा छ । नेपाली कांग्रेसले आधिकारिक धारणा दिएको छैन भने कांग्रेस प्रजातान्त्रिकको स्वतन्त्र धारणा छैन । सद्भावना र जनमोर्चा पुनःस्थापनाको खिलाफमा छन् ।

सरकार गठन कांग्रेस, एमाले र कांग्रेस (प्रजातान्त्रिक) बाहेक सात दलमध्येको वाममोर्चाका प्रतिनिधि प्रभुनारायण चौधरी मात्र सरकारमा छन् । सद्भावना र जनमोर्चा नेपालले सरकारमा जाने निर्णय गरेका भए पनि पछिल्लो मन्त्रिपरिषद् विस्तारमा पनि उनीहरू सरिक गराइएका छैनन् ।

## माओवादीमा मतभिन्नता

युद्धविराम गरेर वार्ताको टेबुलमा बस्न लागेको



अवस्थामा पनि माओवादी नेतृत्वका फरक फरक अभिव्यक्तिले उनीहरू शान्ति प्रक्रियामा कति इमानदार हुने हुन् भन्ने आशंका जन्माएको छ। माओवादीको नेतृत्वपंक्तिका जिम्मेवार सदस्यका अभिव्यक्ति र पेसागत र भातृ संगठनका काम कारबाही र नीतिले त्यस्तो आशंका जन्माएको हो।

माओवादी नेता अग्नि सापकोटाले आफूहरूले फेरि हतियार उठाउन सक्ने बताएका छन् भने वार्ताटोलीका सदस्य दीनानाथ शर्माले अब कहिल्यै हतियार नउठाउने दाबा संचारमाध्यममार्फत गरेका छन्। उता केन्द्रीय सदस्य मातृका यादवले अन्तरिम सरकारको नेतृत्व माओवादीले गर्नु पर्ने धारणा अघि सारे पनि अध्यक्ष प्रचण्डले त्यसको खण्डन गरेका छन्। यसबाहेक युद्धविराम र वार्ताको स्थितिमा आइपुग्दा पनि माओवादीका भातृ संगठनहरूले दबाबमूलक कार्यक्रम छाडेका छैनन्। अनेरास्ववियु (क्रान्तिकारी)ले विभिन्न शैक्षिक माग अगाडि तेर्स्याएर शैक्षिक क्षेत्रमा अन्योल सिर्जना गरेको छ भने माओवादीको मजदुर संगठनले उद्योगहरूमाथि चन्दा र आफ्ना कार्यकर्ता भर्ती गर्नु पर्ने दबाबमूलक कार्यक्रम ल्याएका छन्।

## दलहरूमा समस्या

जनआन्दोलनका अगुवा सातै राजनीतिक दलहरूमा एकापसमा आन्तरिक रूपमा विवाद र समस्या देखा परेका छन्। आन्तरिक राजनीतिक किचलोको सबैभन्दा बढी मारमा सार्वजनिक रूपमा सबैभन्दा क्रान्तिकारी देखिएको जनमोर्चामा परेको छ भने नेपाली कांग्रेस (प्रजातान्त्रिक)भित्र सभापति शेरबहादुर देउवाको विपक्षमा चर्को मोर्चाबन्दी बनेको छ।

सात दलसँगको गठबन्धनमा जनमोर्चा नेपाल भनिने पार्टी प्रतिनिधिसभामा अहिले तीन चिरा परेको देखिन्छ। निर्वाचनमा संयुक्त जनमोर्चाबाट निर्वाचित लीलामणि पोखरेल, अध्यक्ष अमिक शेरचनसँग नजिक छन् भने निर्वाचनमा राष्ट्रिय जनमोर्चाबाट निर्वाचित पाँचजना सांसद दुई चिरा परेका छन्। वैधानिक हिसाबले जनमोर्चाका संसदीय दलको नेता परि थापा छन् भने नवराज सुवेदीले उनको साथ दिएको देखिन्छ। सांसदहरू चित्रबहादुर केसी, डिलाराम आचार्य र हरि आचार्यको बेग्लै मोर्चा छ। यी तीनैजना नेता मोहनविक्रम सिंहसँग नजिक मानिन्छन्। अमिक र लीलामणि अर्का नेता प्रकाशसँग नजिक छन् भने थापा र सुवेदी प्रकाश र मोहनविक्रम सिंहभन्दा पृथक् अर्का नेता रामसिंह श्रीसका अनुयायी मानिन्छन्।

सरकारमा सहभागी हुने-नहुने कुरामा उनीहरूबीच तीव्र विवादमा अल्झिएको जनमोर्चाका नेता शेरचनले उप-प्रधानमन्त्रीको दाबी गरेका छन्। जनमोर्चाको एक जानकार सूत्रका अनुसार उप-प्रधानमन्त्रीको दाबा गर्नु भनेको सरकारमा नजाने, तर निहुँ खोज्नु मात्र हो।

नेपाली कांग्रेसभित्र देखिने गरी कुनै राजनीतिक समस्या आएको छैन। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला पार्टीका जिम्मेवार नेताहरूबाट टाढिएको अनुभव गर्न थालिएको छ। चुनौतीपूर्ण राजनीतिक अवस्था र कमजोर स्वास्थ्यका बीच कोइराला पार्टीका सक्रिय नेता कार्यकर्ताबाट टाढिँदै गएको बुझिन्छ।

एमालेभित्र पनि असन्तोषका स्वर सुनिन थालेका छन्। सरकारमा नेतृत्व केपी ओलीले गर्ने पार्टी महासचिव माधवकुमार नेपालको निर्णय एमालेका अधिकांश केन्द्रीय सदस्यलाई चित्त बुझेको छैन भने गृह र संचारजस्ता महत्त्वपूर्ण मन्त्रालय माग गरेर लिन नसकेकोमा क्षोभ प्रकट हुन थालेको छ।

सात राजनीतिक दलको अर्को सहभागी नेपाल सद्भावना (आनन्दीदेवी)मा सरकारमा को जाने भन्ने गम्भीर प्रश्नले घर गरेको छ। सांसद राजेन्द्र महतो र हृदयेश त्रिपाठी दुवैजना सरकारमा जान इच्छुक भएकाले समस्या आइलागेको बुझिन्छ। ■

## चन्दाको अन्तर्राष्ट्रिय समुदायद्वारा विरोध

**माओवादीसँग** वार्ताको घोषणालाई सर्वत्र स्वागत गरिए पनि जारी चन्दा आतंकले मुलुकमा भय र अन्तर्राष्ट्रिय जगत्मा आशंका सिर्जना गरेको छ। शान्ति प्रयासलाई स्वागत गर्ने मुलुकहरूले नै माओवादीलाई विश्वसनीयता स्थापित गर्न आग्रह गरेका छन्।

भारतीय संयुक्त लगानीको डावर नेपालसँग १० करोड रुपैयाँ माग गरेपछि तत्काल काठमाडौंस्थित भारतीय राजदूत शिवशंकर मुखर्जीले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा परराष्ट्र मन्त्री खड्ग ओलीसँग कुरा गरी उक्त उद्योगको सुरक्षा माग गर्दै माओवादी गतिविधिप्रति क्षोभ व्यक्त गरेका थिए। त्यसलाई भारतीयवृत्तमा सात दलहरूसँगको बाह्रबुँदे समझदारीविपरीतको रवैयाका रूपमा लिइएको मात्र हैन, त्यसले माओवादीविरुद्ध भारत सरकारको आक्रोश निम्त्याउने सम्भावना बढाएको छ।

उता बेलायतले शान्ति स्थापना र स्थिरताको प्रक्रियामा अन्तर्राष्ट्रिय जगत् हर सहयोग दिन इच्छुक रहेको बताउँदै माओवादीले हिंसामा नफर्कने अठोटबारे सबैलाई विश्वस्त तुल्याउनु पर्ने बताएको छ। बेलायती राजदूत किथ ब्लुमफिल्डले त्यसका लागि माओवादीले हतियार बिसाउनु पर्ने बताएका छन्।

जबजरस्ती चन्दा असुलीको निरन्तरता र हतियारलाई वार्ताको पूर्वसर्त बनाउन नहुने माओवादी अडानले उनीहरूप्रति केही समयदेखि देखिँदै आएको सकारात्मक रवैया फेरि परिवर्तन हुन थालेको संकेत देखापरेको छ।

अमेरिकी दूतावासले पनि माओवादी शान्ति प्रक्रियाको पक्षमा रहेको आफ्नो चरित्र र व्यवहारले पुष्टि गर्नु पर्ने बताएको छ।

त्यसैगरी माओवादी बालसेनालाई तत्काल मुक्त गरी उनीहरूलाई परिवार तथा स्कुलमा फर्काउनु पर्ने र बाल अपहरण बन्द गर्न तथा शिक्षा क्षेत्र अवरुद्ध नपार्न पनि माओवादीमाथि खास गरी अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था र राष्ट्रसंघको दबाब बढ्दै गएको छ। तर, त्यसलाई माओवादीले आधिकारिकरूपमा कुनै सकारात्मक प्रतिक्रिया जनाएका छैनन्। 'बालबालिकाहरू जंगलमा हैन परिवार र स्कुलमा हुनु पर्छ', नेपालका लागि क्यानडाली राजदूत लुसी एडवार्डस् भन्छिन्।

'माओवादी वार्ताटोलीले नेपालस्थित अन्तर्राष्ट्रिय कुटनीतिक नियोगसँग पनि सम्पर्क गर्ने सम्भावना छ र हामी उनीहरूसँग आफ्नो स्पष्ट अडान राख्नेछौं', काठमाडौंस्थित एक पश्चिमी राजदूतले भने। त्यो भनाइ या चासोमा कुटनीतिक जगत्को आमसहमति देखिन्छ। ■



## सहमतिका बुँदाहरू:

१. सम्पूर्ण उद्योगहरूबाट श्रमिक आपूर्तिमा ठेकेदारी प्रथा हटाएर उद्योगमार्फत नै मजदुरलाई काममा लगाइनेछ।
२. काममा लगाउँदा खाइपाइ आएको तलब भत्ता अन्य सेवा सुविधा आदि नघट्ने गरी काममा लगाइनेछ।
३. उद्योग प्रतिष्ठानमा दैनिक ज्यालादारीमा काम गरीआएका कामदारलाई दैनिक ज्यालाबापत न्यूनतम एक सय रुपैयाँ दिनु पर्नेछ।
४. उद्योग प्रतिष्ठानमा काम गर्ने कामदारको नियुक्ति पत्र दिने सम्बन्धमा उद्योगको स्थायी उत्पादनसँग प्रत्यक्ष सरोकार राख्ने कामदारलाई उद्योगको प्रकृतिअनुसार सम्बन्धित समान प्रकृतिका उद्योग प्रतिष्ठानसँग सामूहिक वा एकल वार्ता गरी उद्योगसँग वार्ता भएपछि नियुक्ति पत्र दिइनेछ।
५. उद्योग प्रतिष्ठानमा थप कामदार कर्मचारी नियुक्ति गर्नुपर्दा विज्ञापन प्रकाशित गरी नियुक्ति गरिनेछ।
६. उद्योगको आवश्यकतानुसार ओभर टाइममा काम गर्ने र

# वार्ताको बाधक ?

■ **मधुसूदन पौडेल/काठमाडौं**

**शान्तिवार्ता प्रक्रियामा** माओवादीको 'चन्दा अभियान' एउटा अप्ठेरोका रूपमा उभिएको छ। माओवादी व्यवहारलाई अन्तर्राष्ट्रिय समुदायले अत्यन्तै सूक्ष्मरूपमा नियालिरहेको समयमा बहुराष्ट्रिय कम्पनीका अहितमा माओवादीले दोहोऱ्याएको व्यवहारले उनीहरू सशंकित बनिरहेका छन्। डावर नेपाललगायत केही भारतीय लगानीका उद्योगहरू माओवादी निसानामा पर्नासाथ नेपालका लागि भारतीय राजदूत शिवशंकर मुखर्जीले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र उप-प्रधानमन्त्री खड्गप्रसाद ओलीसमक्ष स्पष्ट रूपमा यस्ता व्यवहार रोक्नु पर्ने अडान पेस गरेका थिए।

नेपालमा संचालित भारतीय लगानीका उद्योगको संरक्षणका मामिलामा भारतीय पक्षको चासो अलि धेरै नै देखिँदै आएको छ। खास गरी नेपालसँग जोडिएका माथिल्लो तहका समस्या समाधानका लागि समेत भारतीय उद्योगको संरक्षणलाई उसले 'सौदावाजी' रूपमा समेत उपयोग गर्दै आएको छ। यसको प्रत्यक्ष उदारहण हो, गत चैतमा नवीकरण गरिएको नेपाल-भारत पारवाहन सन्धि। तीन महिना ढिलो गरी उक्त सन्धि नवीकरण गर्दा उसले भारतीय लगानीको युटिएललाई काठमाडौं उपत्यकामा सीमित 'मोवाइल' सेवा संचालन गर्न दिनु पर्ने र उसका सेवाहरू अवरुद्ध गर्न नपाइने अनौपचारिक सहमति गर्न बाध्य बनाएको थियो, तत्कालीन सरकारलाई। जनआन्दोलन उत्कर्षमा पुगेका दिनहरूमा नेपाल टेलिकम र मेरो मोवाइलका सेवाहरू अवरुद्ध पारिँदा पनि युटिएलका सेवा कायमै रहनुमा यसै सर्तले काम गरेको थियो।

अहिले भारतीय उद्योगहरू माओवादीको 'निसाना' बनाइँदा नजिकिँदै गएको सरकार-माओवादी वार्तामा असर पुग्ने समस्या पनि देखिएको छ।

यस मामिलामा माओवादी नेतृत्वको केही हदसम्म चलाखी पनि देखिएको छ। निजी क्षेत्रलाई नकारात्मक असर पर्ने कुनै पनि व्यवहारलाई अत्यन्तै गम्भीरतापूर्वक लिने युरोपेली संघ वा अन्य पश्चिमा राष्ट्रहरूका अवैतनिक वाणिज्यदूत रहेका उद्यमीहरूसँग माओवादीद्वारा चन्दा नमागिनुको अर्थ यही हुन सक्ने विश्लेषण उद्यमी-व्यवसायीहरूबीच चलेको छ। एक उद्यमी भन्छन्, 'जुन उद्यमीसँग चन्दा माग्दा अन्तर्राष्ट्रिय सरोकार बन्ने सम्भावना रहन्छ, उनीहरूलाई अहिलेसम्म केही भनिएको छैन।' स्रोतहरूको दाबीमा भने जारी माओवादी 'चन्दा अभियान'प्रति अन्तर्राष्ट्रिय समुदायको चासो बढिरहेको छ। सात दलको आग्रहमा माओवादीप्रति नरम देखिएका शक्ति राष्ट्रहरूले सरकारलाई यस विषयमा चर्को दबाब दिने सम्भावना छ।

तर 'चन्दा अभियान'को दायरामा मुलुकका अधिकांश व्यवसायिक घराना पनि परेका छन्। नेपाल उद्योग वाणिज्य महासंघ स्रोतका अनुसार त्यहाँ प्रतिनिधित्व गर्ने प्रायः सबै उद्यमीहरूसँग माओवादीले फरक-फरक दर राखेर चन्दा मागेका छन्। 'सबै सत्ता' रिफाउँदै आएका मूलधारका उद्यमीहरूले भोलि माओवादी सत्तामा आउने वा वार्ता असफल भएको अवस्थामा पनि 'दुख व्यहोर्नु पर्ने' विश्लेषणका आधारमा चन्दा बुझाएका छन्, यसलाई मुद्दा बनाउनुको साटो। महासंघका अध्यक्ष चण्डीराज ढकाल भन्छन्, 'जोखिम मोल्न चाहँदैनन्, उद्यमीहरू जसका कारण उनीहरूले व्यहोरिरहेका सबै समस्या बाहिर आउँदैनन्।' उद्यमीहरूका अनुसार माओवादीले उनीहरूसँग हैसियतअनुसार ५० लाखदेखि २ करोड रुपैयाँसम्म चन्दा उठाइरहेका छन्।

पछिल्ला दिनमा माओवादीको 'चन्दा अभियान' फस्टाउँदै गएका बैंकहरूमा केन्द्रित छ। माओवादीले सरकारी तर अमेरिकी व्यवस्थापन रहेका नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकबाहेक अन्य सबै बैंकसँग चन्दा मागेका छन्। शिष्टतापूर्वक सम्बोधन गरिएका पत्रमार्फत २५ देखि ५० लाख रुपैयाँ चन्दा दिन उनीहरूसँग आग्रह गरिएको छ। पछिल्लो समयमा स्थापित र तुलनात्मक रूपमा कम आर्थिक कारोवार रहेका बैंकहरूसँग २५ लाख रुपैयाँ मागिएको एउटा वाणिज्य बैंकका अध्यक्षले बताएका छन्।

तर बैंकहरूबाट चन्दा असुल्न भने माओवादीलाई गाह्रो पर्ने देखिएको छ। नेपालका स्थापित अधिकांश बैंकहरू संयुक्त लगानीका छन्। स्ट्यान्डर्ड चार्टर्ड, हिमालयन, नविल वा एसबिआई लगायतका बैंकमा नेपालीका अतिरिक्त अन्तर्राष्ट्रिय लगानीकर्ताहरू छन्। माओवादीले मागेको चन्दाबारे ती अन्तर्राष्ट्रिय लगानीकर्तालाई जानकारी दिइसकिएको एक व्यवस्थापकले बताएका छन्। माओवादीलाई चन्दा दिन बाध्य हुने वातावरण अन्त्य गर्न भारत, पाकिस्तान वा अन्य लगानीकर्ता मुलुकहरूले सरकारलाई चर्को दबाब दिने निश्चित रहेको संयुक्त लगानीमा संचालित बैंकका संचालकहरू बताउँछन्।

बैंकहरूको नेतृत्वदायी संस्था नेपाल बैंकर्स एसोसिएसनले चन्दा दिन नसकिने प्रस्ट पारेको छ। बैंकमा रहेको रकम निक्षेपकर्ताको रहेको र उनीहरूको रकम चन्दा दिने अधिकार बैंक संचालकहरूले नराख्ने उसले बताएको छ। ५० लाख रुपैयाँ चन्दा मागिएका एक बैंकका कार्यकारी प्रमुख भन्छन्, '५० लाख त के हामीले ५० रुपैयाँ पनि निकाल्न सक्दैनौं।' चन्दा

त्यसरी बढी समय काम गरेबापत आधारभूत तलबको डेढी ज्याला दिइनेछ ।

७. काम लगाउँदा दैनिक ८ घन्टा कार्य दिन लागू गरी बढी काम लगाउनु पर्दा ओभरटाइम गणना गर्नु पर्नेछ ।

८. जनआन्दोलन २०६२-६३ को १९ दिन बन्दको तलब भत्ता र सुविधाका सम्बन्धमा सम्बन्धित कामदार र व्यवस्थापक बसी आपसी समझदारीबाट दिइनेछ ।

९. यो समझदारी आजका मिति (जेठ ६ गते) देखि नै लागू हुनेछ र यसमा लेखिएका सर्तहरूको कार्यान्वयन ४५ दिनभित्र गरिनेछ ।

१०. उद्योग प्रतिष्ठानहरूबाट हिसाब लिई काम छाडी गएका कामदारलाई पुनर्वहाली गर्न सम्बन्धित उद्योग बाध्य हुनेछैन र हिसाब नलिएका कामदारहरूको हकमा बुँदा ११ अनुसार टुंग्याइनेछ ।

११. माथिका दफाहरूमा उल्लिखित सर्तहरूका अतिरिक्त अन्य समस्याहरूका सम्बन्धमा आवश्यक परेमा अखिल नेपाल ट्रेड युनियन महासंघ र वीरगन्ज उद्योग वाणिज्य संघ र सम्बन्धित उद्योग प्रतिष्ठानका प्रतिनिधिहरूले आपसी छलफल गरी निर्णय गर्नेछ ।



दिन चाहने बैंकहरूले संचालकहरूबाट रकम उठाउनु पर्छ, तर कुनै ग्राहकको खाताबाट झिक्न मिल्दैन ।

माओवादीले राजधानीका अधिकांश तारे होटलहरूसँग पनि चन्दा मागेका छन् । होटलहरूमा दिइएको दर भने बैंकहरूभन्दा अलि बढी एक करोड रुपैयाँसम्म छ । पाँचतारे होटलहरू १ करोड रुपैयाँको दायरामा परेको संचालकहरूले बताएका छन् । माओवादी द्वन्द्वकै कारण संकट व्यहोरिरहेका होटलहरूले पनि माओवादीको मागअनुसार चन्दा बुझाउन नसक्ने गुनासो जेठ १० गते अर्थमन्त्री डा. रामशरण महतसमक्ष राखेका छन् र सरकारबाटै समस्या समाधानका लागि पहल गर्न आग्रह गरेका छन् । होटल संघ नेपालका अध्यक्ष प्रकाश श्रेष्ठ भन्छन्, 'यो राष्ट्रिय समस्या हो । यसको व्यवस्थापन सरकारले गर्नु पर्छ ।'

माओवादीले भने जनसेना पाल्न चन्दा उठाउनु आफ्नो बाध्यता रहेको उल्लेख गरेको छ । सात दलका नेता वा मन्त्रीहरूका भनाइले पनि माओवादीको खर्च व्यवस्थापनको जटिलता कायमै रहेको देखाउँछ । चन्दा प्रकरणले व्यापकता पाउन थालेपछि एमाले महासचिव माधव नेपालले माओवादी जनसेनाको भरण-पोषणको जिम्मेवारी सरकारलाई नै लिन भनेका थिए । अर्थमन्त्री महतले पनि चन्दाको विकल्पमा बरु सरकारसँगै सहयोग माग्न माओवादीलाई आग्रह गरेका थिए । माओवादी अध्यक्ष प्रचण्ड वा वार्ताटोली संयोजक कृष्णबहादुर महराले पनि जनसेना र पार्टीको खर्च संचालनका लागि रकम उठाउनु अनिवार्य रहेको तर्क अगाडि सार्दै आएका छन् । चन्दा नउठाउन आग्रह गर्ने सरकारसमक्ष आफ्नो पार्टीलाई बजेट निकासा गर्न आग्रह पनि गरेका छन् । तर, नेपाल वा महतले भनेजस्तो माओवादी खर्च व्यवस्थापनका लागि सरकारी पक्षबाट कुनै कदम अगाडि बढाइएको छैन ।

करिब ३० हजारको संख्यामा रहेको जनसेना र त्यत्तिकै संख्यामा रहेका राजनीतिक नेता तथा कार्यकर्ता पाल्ने समस्या माओवादीसँग एकातिर छ भने आफूप्रति उब्जिन सक्ने अविश्वासको वातावरणसँग जोगिनु पर्ने चुनौती अर्कोतिर ।

माओवादी खर्च चलाउन चन्दाको विकल्प उनीहरूलाई दिनु पर्नेमा केही अन्तर्राष्ट्रिय समुदाय र सरकार पनि गम्भीर छन्, स्रोतहरूको भनाइमा । त्यसका लागि केही स्कान्डेभियन मुलुकहरू माओवादीलाई औपचारिक रूपमा आर्थिक सहयोग उपलब्ध गराउने पक्षमा देखिएका छन् भने भारत पनि यसका लागि सकारात्मक रहेको बुझिएको छ । चन्दाको बोझबाट नागरिकहरूलाई मुक्त गराउन सरकार पनि यस मामिलामा गम्भीर रहेको बताइन्छ । माओवादी निकट मानिएका मानवअधिकारवादीहरूले पनि उसलाई अन्तर्राष्ट्रिय आर्थिक सहयोग जुटाउन पहल गरिरहेका छन्, काठमाडौंमा । चन्दाको गुनासो सुनाउनेहरूलाई उनीहरूले केही समयपछि यस्तो समस्या भोग्नु नपर्ने आश्वासन दिइरहेबाट पनि अन्तर्राष्ट्रिय सहयोग आउने सम्भावनातर्फ यसले इंगित गरेको छ । यद्यपि, माओवादीले अन्तर्राष्ट्रिय सहयोग ग्रहण गर्ने विषयलाई कसरी लिन्छन् भन्ने खुलासा भने भएको छैन ।

## माओवादी–बहुराष्ट्रिय कम्पनी सहमति

वीरगन्ज क्षेत्रमा स्थापित राष्ट्रिय एवं बहुराष्ट्रिय कम्पनी र माओवादी मजदुर संगठनबीचको विवाद साम्य भएको छ । अखिल नेपाल ट्रेड युनियन महासंघले कम्पनीहरूलाई मजदुरविरोधी नीति त्याग्न दबाब दिएको भने पनि डावर नेपाललगायतका उद्योगहरूले भने आफूहरूसँग चन्दा मागिएको बताएका थिए । तर, जेठ पहिलो साता दुवै पक्ष मजदुर हितसँग जोडिएका एघारबुँदे सहमतिमा पुगी समस्या टुंग्याएका छन् ।

यस क्षेत्रमा स्थापित बहुराष्ट्रिय र राष्ट्रिय कम्पनीहरूबाट चन्दा उठाउने काम भने विगत तीन वर्षदेखि निरन्तर जारी छ । त्यसका लागि माओवादी मजदुर संगठन अखिल नेपाल ट्रेड युनियन महासंघले हेटौंडा नजिकै पर्ने मकवानपुरको हटियालाई केन्द्रका रूपमा प्रयोग गर्दै आएको थियो । सरकार-माओवादी युद्धविरामअघि यस क्षेत्रका उद्यमीहरू हटिया उक्लिएरै माओवादीलाई चन्दा बुझाएर फर्किन्थे । अध्यक्ष शालिकराम जमरकट्टेल आफैले यो मोर्चा सम्हालेका थिए । पछिल्लो युद्धविरामपछि चन्दा आतंकअरू मचिएपछि उद्यमी-व्यवसायीहरू त्यसविरुद्ध उभिए र अहिले दुवै पक्षबीच मजदुर समस्यासँगै जोडेर एकहदसम्म चन्दाको विवाद पनि साम्य पारिएको छ । तर, हेटौंडाका उद्यमी-व्यवसायीहरू भने माओवादीले अहिले पनि चन्दा आतंक कायमै राखेको बताउँछन् । हेटौंडा उद्योग संघका अध्यक्ष माधव अधिकारीले एक विज्ञप्तिमार्फत चन्दा उठाउने कार्य बन्द गर्न माओवादीलाई आग्रह गरेका छन् । माओवादीले युद्धविराम गरेर राजनीतिक मूलधारमा फर्कने प्रतिबद्धता गरिरहेकाले औद्योगिक क्षेत्रमा लगानीको राम्रो वातावरण बन्ने आशा पलाइरहेका बेला अचानक उद्योगहरूमा सुरु गरिएको यस्तो अभियानले स्वदेशी पुँजीपतिहरूलाई नै त्रसित बनाइदियो ।

माओवादी निकट अखिल नेपाल ट्रेड युनियन महासंघले डावर नेपाल प्रालि, सूर्य नेपाल प्रालि, हुलास स्टिल प्रालि, त्रिवेणी समूह, शंकर समूह, नेपाल बोर्डस्, महाशक्ति सोप, नेपाल टोबाको, त्रिशक्ति पोली ब्यागलाई घोषितरूपमै आन्दोलनको निसाना बनाएको थियो । यीमध्ये अन्य उद्योगको श्रमिकसमस्या वार्ता गर्न तयार भए पनि डावर नेपाल र शंकर समूह व्यवस्थापन पक्ष वार्ताका लागि उदासीन देखिएपछि कारखानामा जबरजस्ती प्रवेश गरेर सभा आयोजना गर्न थालेको महासंघको दाबी छ ।

बहुराष्ट्रिय कम्पनी डावर नेपालसँग माओवादीले १० करोड चन्दा मागेको दाबी गरिएको छ । माओवादी विशेष केन्द्रीय कमान्ड इन्चार्ज अनन्तको नाममा ३ जेठमा जारी पत्रमा डावर नेपालसँग ७ करोड रुपैयाँ माँग गरिएको छ । त्यसअघि १८ मंसिर २०६० र २२ मंसिर २०६१ मा बारा जिल्ला कमिटीद्वारा क्रमशः दुई करोड र एक करोड माग गरिएको थियो । तर, महासंघले ती पत्र पार्टीका नामबाट आए पनि शंकास्पद भएको दाबी गरेको छ ।

■ रवि दाहाल/वीरगन्ज र कमल अधिकारी/ हेटौंडाको सहयोगमा

**माओवादी अब पारदर्शी हुनै पर्छ : उसको इलाका कुन हो ? कर दर के हो ? कर कहाँ लगाइन्छ र कसरी लगाइन्छ ? शिक्षकको तलबबाट दिनु पर्ने कर (चन्दा) वा कसैको घरमा पसी खाना तयार गर्न लगाउने प्रक्रिया कुन प्रकृतिको कर हो, सामान्य नागरिकलाई स्पष्ट बोध गराउनु पर्छ ।**



■ राघवध्वज पन्त

# माओवादी चन्दा र नागरिक चासो

**वर्तमान राजनीतिक** संक्रमण र माओवादी समस्याको उचित समाधान हुन नसक्नुको एक कारण माओवादीबाट 'प्रतिबद्धताविपरीत चन्दा आतंक र असुली' नै भएकोमा कुनै विरोध हुन सक्दैन । सात दलका मन्त्री तथा नेताहरूको भाषण, अन्तर्वार्ता र कुराकानी हेर्दा उनीहरूले माओवादी चन्दाको कडा विरोध गरेको देखिन्छ भने एकै साथ, कहिले परोक्ष त कहिले प्रत्यक्ष माध्यमबाट माओवादीको वित्तीय साधन आवश्यकतातर्फ सहानुभूति र सहयोगको भावना पनि व्यक्त गर्न खोजेको देखिन्छ । यस्तो विरोधाभास सुल्झाउन सत्यको नै बोध हुनु पर्छ, तर सत्यको बोध कसले गराउने ?

यसबारे माओवादीको कुरा बरु प्रस्ट देखिन्छ, बाबुराम भट्टराईले वैशाख २१ गते बिबिसीमा दिएको अन्तर्वार्तानुसार यो 'चन्दा होइन, कर हो, यो त कुनै अर्थतन्त्रमा पनि हुन्छ ।' भट्टराईका अनुसार देशमा अहिले दुई राज्य, दुई सेना, दुई अर्थतन्त्र र दुई संस्कृति छन् । यी दुई राज्यका आ-आपना इलाका छन्, जसमा कर उठाइन्छ ।

तर, के माओवादीको तर्क सत्य हो ? यसमा सात दलको धारणा प्रस्ट छैन । यी अर्थतन्त्र, संस्कृति, इलाकाबारे सात दलको के धारणा छ ? ती के हुन् ? कहाँ छन् ? कसरी सञ्चालन भएका छन् ? यस विषयमा सबैलाई जानकारी दिनु आवश्यक छ । यसपछि भने हामी स्वयं कसको इलाकाभित्र बस्छौं, कसले उठाएको कर हुन्छ र कसले उठाएको चन्दा हुन्छ भनेर तोकेर भन्न सक्छौं । यो जानकारी सरकारले नै मात्र दिनु पर्ने भन्ने छैन । माओवादी पनि पारदर्शी हुनु पर्छ : उसको इलाका कुन हो ? कर दर के हो ? कर कहाँ लगाइन्छ र कसरी लगाइन्छ ? शिक्षकको तलबबाट दिनु पर्ने कर (चन्दा) वा कसैको घरमा पसी खाना तयार गर्न लगाउने प्रक्रिया कुन प्रकृतिको कर हो, सामान्य नागरिकलाई स्पष्ट बोध गराउनु पर्छ । हालको बारा-पर्सा औद्योगिक समस्याका सम्बन्धमा त गिरिजाप्रसाद कोइराला र प्रचण्ड सक्रिय भए, तर सामान्य नागरिकलाई परेको समस्याका सम्बन्धमा कसले सक्रियता देखाउने ? पारदर्शिता दुर्लभ वस्तु हुन सक्दैन । अन्यथा सबै दोष माओवादीले लिनु पर्ने हुन्छ ।

यसैगरी सात दलबाट पनि स्पष्ट जवाफ आउनु जरुरी छ, उनीहरूले बाह्रबुँदे समझदारीमा निर्णयार्थ छलफल गर्दा माओवादीलाई एउटा सत्ता मानेका थिए कि राजनीतिक दल ? र अब के मान्छन् ?

कांग्रेस महामन्त्री रामचन्द्र पौडेलले चन्दा उठाउन बन्द गरे माओवादी सैन्यको निमित्त आवश्यक रकम नेपाल सरकारले उपलब्ध गराउन सक्ने विचार व्यक्त गरेका छन् । त्यस्तै एमाले महासचिव माधव नेपालले माओवादी सेनाको भरणपोषणको जिम्मा सरकारले लिनु पर्ने माग (उनले पनि माग गर्न पर्छ र ?) गरेका छन् । देशका दुई वरिष्ठ राजनीतिज्ञले माओवादीको वित्तीय खर्च पनि सरकारबाटै उपलब्ध गराउने विचार के आधारमा गरेका हुन् ? त्यसलाई राष्ट्रको कुन स्रोतबाट कसरी र कहिलेसम्म धान्ने योजना बनाएका छन् ।

सरकार वैशाख-जेठसम्म टाट उल्टने स्थितिमा पुग्ने भनेर म आफै संलग्न संस्था इन्स्टिच्युट फर डेभलपमेन्ट स्टडिज (आइएफडिएस)ले माघ २०, २०६२ मा एक प्रतिवेदन प्रकाशित गरेको थियो । यसको प्रभावका सम्बन्धमा चैत २४, २०६२ मा *समय*मा प्रकाशित लेखमा पनि विश्लेषण गरिएकै छ । अहिले आएर अर्थमन्त्री रामशरण महतले कर्मचारीलाई तलब बाँड्न साथै आन्तरिक र बाह्य ऋण भुक्तानी गर्न पनि गाह्रो परेको जानकारी दिएका छन् । तर, सरकार भने नयाँ बजेट ल्याउन मात्र हैन, टाट पल्टिएको बजेटमा सामान्य हेरफेर गर्नसम्म पनि राजी छैन । अर्थमन्त्रीले अहिले आर्थिक स्थितिका सम्बन्धमा जे जति कुरा गरेका छन्, त्यो त उनलाई आफ्नै मन्त्रालय संचालन गर्न परेको कठिनाइमा केन्द्रित छ । नयाँ आर्थिक नीति र कार्यक्रम ल्याउन कुनै पनि कार्य सुरु गरिएको छैन । यतिले नपुगेर माओवादीको सम्पूर्ण खर्च पनि सरकारले व्यहोर्ने प्रस्तावसम्म जिम्मेवार नेताहरूबाट आइरहेछ । यो कसरी सम्भव छ ?

यसैबीच स्वयं प्रचण्डबाट पनि आफ्नो सैन्य संचालनका लागि सरकारसँग वित्तीय साधन माग गरेको छापामा पढ्न पाइयो । आफ्नै राज्य भएको दाबी गरेको सत्ता (वा दल)ले दैनिक कार्य सञ्चालनार्थ पनि युद्धविराम गरेको सत्तासँग सहयोग माग्नु विरोधाभासपूर्ण भएन र ? यसबाट त चन्दा आतंक वा वैदेशिक सहयोगविना माओवादी वित्तीय कारणले नै टिक्नै नसक्ने बुझिन्छ । तर, माओवादी अब अस्थायी स्रोत (चन्दा) विस्तारै त्यागेर स्थायी आयको स्रोतको खोजीमा रहेको जेठ ९ गते एक राष्ट्रिय दैनिकमा कृष्णबहादुर महराले दिएको अन्तर्वार्ताबाट स्पष्ट बुझिन्छ । यस क्रममा संसद्वादी नेताहरूले के आधारमा वक्तव्य दिएका हुन् ? बुझिनसक्नु छ ।

साधारण नागरिकको त कतै पनि विश्वासको आधार नै भएन, न राजा न त राजनीतिक दलका नेता । २०४६ सालमा मनोनीत आयोग, मनोनीत मन्त्रिपरिषद् र श्री ५ बाट संविधान तयार गर्ने प्रक्रिया अपनाएर २०४६ को संविधान हुबहु २०१५ को संविधान तयार गरिएअनुरूप बनाइयो । पछि यी संविधान निर्माताहरूमध्येबाटै न्यायाधीश र राजनीतिज्ञका रूपमा संविधान तयार गर्दा बहुमतबाट टुंगो नलागेको व्यवस्था लागू गरी देशमा अनिश्चितता र राजनीतिक अस्थिरता सिर्जना गरे, जसको उपज माओवादी विद्रोही हो । अब तिनै राजनीतिक नेताहरू संविधानसभाको नारा दिएर फेरि एकचोटि देशको संविधान बनाउने अधिकार खोज्दै छन् । यी राजनीतिक नेताहरूलाई फेरि यो जिम्मेवारी दिने आँट के एउटा सचेत नागरिकले गर्न सक्छ ? सक्तैन । हुनत उहाँहरूको तर्क छ संविधानलाई दरवारबाट संशोधन नभएर आयोगबाट प्रस्तुत मस्यौदा नै स्वीकृत भएको भए राजाबाट, उदाहरणस्वरूप, धारा १२७ नै प्रयोग हुन सक्ने थिएन । प्राप्य जानकारीअनुसार (जसको प्रमाण इन्स्टिच्युट फर डेभलपमेन्ट स्टडिजमा सुरक्षित छ), आयोगको सिफारिसअनुसार गएको धारा १२७ नै स्वीकृत भएको भए असोज १८ मात्र हैन माघ १९ को शाही कदम पनि संवैधानिक हुन्थ्यो र सायद जनआन्दोलन पनि सम्भव हुन सक्दैनथ्यो । आयोगले धारा १२७ लाई निम्नानुसार हुन सिफारिस गरेको थियो :

यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन श्री ५ बाट आदेश जारी गरिबक्सनेछ र त्यस्तो आदेश यसै संविधानमा परेसरह मानिनेछ ।'

यस सिफारिसमा विश्वनाथ उपाध्याय, लक्ष्मण अर्याल, माधव नेपाल, भरतमोहन अधिकारी, दमननाथ ढुंगाना आदि सबैको सही छ । यिनै नेता र नागरिक समाजका अगुवाहरूलाई फेरि कसरी नयाँ संविधान बनाउन जिम्मेवारी दिने ? तिनै व्यक्तित्वले सबैलाई नयाँ संविधान सन्दर्भमा पाठ सिकाउन खोज्नु असंगत व्यवहार हो ।

संविधानसभा सन्दर्भमा राष्ट्र नै एक जुट छ, तर लक्ष्य अझै प्रस्ट छैन खास गरी सात दलको । सबै सत्ता (वा दल)ले आ-आफ्नो छुट्टै र मिलेर पनि संविधान तयार गरेर जनतालाई जनमतमार्फत निर्णयात्मक भोट खसाल्ने अवसर दिनु उपयुक्त हुनेछ । यो नै सच्चा प्रजातान्त्रिक व्यवहार हुन्छ, नेताहरूको क्षमतानुसारको जिम्मेवारी पनि । ■

# त्याग होइन, अडान



भास्कर ओझा

**आमनिर्वाचन २०५६ मा** सिरहाबाट निर्वाचित भएर काठमाडौं आउँदै गर्दा चित्रलेखा यादवले चितवनमै समाचार सुनिन्, 'नेपाली कांग्रेसले चित्रलेखा यादवलाई उपसभामुख पदमा उम्मेदवार बनाउने निर्णय गरेको छ।' नेपाल टेलिभिजनको अंग्रेजी समाचारबाट पाएको खबर चित्रलेखाका लागि नौलो थियो। पार्टीले उनको मनसाय बुझ्ने र जानकारी दिने आवश्यकता ठानेको थिएन। बाटोमै उपसभामुख बन्दा पनि चित्रलेखालाई कुनै उत्साहित बनाएन। पढेलेखेकी मधेसी महिला अनि हकअधिकारका लागि जुझारु परिचय बनिसकेकाले उनको स्वभाविक अपेक्षा थियो- मन्त्री बन्ने। तर, पार्टी निर्णय विरुद्ध त्यस बेला चित्रलेखाले कुनै विद्रोह गरिनन्, पार्टीले दिएको जिम्मेवारी चुपचाप स्विकारिन्।

तिनै चित्रलेखाले अहिले आएर जनआन्दोलनबाट बनेको मन्त्रिपरिषद्मा आफू नबस्ने घोषणा गरिन् र पुनःस्थापित प्रतिनिधिसभाको सांसदको हैसियतमा सेवा गर्ने प्रतिबद्धता व्यक्त गरिन्। प्रश्न स्वभाविक छ, किन चित्रलेखाले जलस्रोत मन्त्रालय जस्तो आकर्षक मन्त्रालय त्याग गरिन् त ? यादव भन्छिन्, 'मेरो अन्तरात्माले दिएन।'

चित्रलेखाको स्पष्टीकरण सटीक छ। पुनःस्थापित प्रतिनिधिसभाको पहिलो बैठकको अध्यक्षता गर्ने ऐतिहासिक जिम्मेवारी अनि प्रतिगमनविरुद्ध आन्दोलनका क्रममा सडक संसद्को अध्यक्षता गर्ने चित्रलेखा योगदान भुलेर सभामुखको जिम्मेवारी नदिने सात राजनीतिक दलको निर्णय उनलाई चित्त बुझेको थिएन। निश्चय नै एमालेका सुवास नेम्वाङलाई सभामुख बनाउने सात राजनीतिक दलको गणितीय राजनीतिक चलखेलबाट उनी सन्तुष्ट थिइनन्। उनले सभामुख पदका लागि उम्मेदवारी नदिएर त्याग गरेको चर्चा भइरहेका बेला मन्त्री पद पनि अस्वीकार गरिन्। चित्रलेखाको मन्त्री पद अस्वीकार त्याग नै हो त ?

चित्रलेखाको मन्त्रीपद अस्वीकार सोझै सभामुखको चयनको राजनीतिमा गएर ठोक्किएको छ। त्यसैले उनको यो राजनीतिक निर्णयलाई त्यागको संज्ञा दिनुभन्दा सैद्धान्तिक अडानको अभिव्यक्ति मान्न सकिन्छ। कारण, प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाललगायत सात राजनीतिक दलका शीर्षस्थ नेताहरूले उनलाई सभामुखको हठ नलिन आग्रह गर्दै रोज्जा मन्त्रालयको मन्त्री बनाउने आश्वासन दिएको चर्चा राजनीतिक वृत्तमा अझै सेलाएको छैन। चित्रलेखा भन्छिन्, 'मैले पहिलेदेखि सात दलका नेताहरू र आफ्नो पार्टीमा पनि मन्त्री हुन्नँ भन्दै आएकी थिएँ।'

चित्रलेखाको पछिल्लो निर्णयबाट उनले आफ्नो भावी राजनीतिक सम्भावनाको क्षेत्र फराकिलो बनाएकी छन्। वैशाख ३०, २०६३ मा सभामुख पदको निर्वाचनमा चित्रलेखाले उम्मेदवारी नदिएर सात राजनीतिक दलबीचको राजनीतिक सम्बन्ध बिग्रनबाट जोगाएकी हुन्। उनले त्यस बेला भनेकी थिइन्, 'मेरा कारण सात दलको समझदारी टुट्नदिन्नँ।' तर सभामुखकै हैसियतमा उनले समावेशीकरण र सहभागितामूलक राजनीतिको नारा उठिरहेको वर्तमान समयमा एउटी मधेसी अनि महिलालाई सभामुखको पद नदिएकोमा असन्तोष पोख्न पनि पछि परेकी थिइनन्। समसामयिक राजनीतिको अभिन्न अंग बनेको सहभागितामूलक र समानुपातिक प्रतिनिधित्व हुनु पर्छ भन्ने नाराको सम्मान नगरेको आरोप लगाउँदै उनले भनेकी थिइन्, 'समावेशी लोकतान्त्रिक यात्रामा हामीले खुट्टा कमायौं।'

त्यसो त पुनःस्थापित प्रतिनिधिसभाको अध्यक्षता गर्दै १५ वैशाख २०६३ मा चित्रलेखाले सांसदहरूसँग पदको मोहबाट टाढा रहन आग्रह गरेकी थिइन्। उनले भनेकी थिइन्, 'कुर्चीमोहलाई जनताले अनुमोदन गर्नेछैनन्। भोलि पनि नेतृत्वले कुर्चीमोहकै पछि लागेको अनुभूति भयो भने जनताले माफ गर्नेछैनन्।'

विद्यार्थी कालदेखि नै राजनीतिमा लागेकी चित्रलेखा अंग्रेजी साहित्यमा स्नातकोत्तर हुन्। आठ वर्षको कलिलै उमेरदेखि 'प्रजातन्त्र' शब्दले प्रभावित पारेको र त्यसको खोजीमा राजनीतिकर्मी बनेको उनको भनाइ छ। २०४२ सालदेखि नेपाली कांग्रेसको विद्यार्थी संगठनबाट राजनीतिमा सक्रिय यादव २०४६ सालको जनआन्दोलनका बेला दुई नानीकी आमा हुँदा हुँदै पनि त्रिभुवन विश्वविद्यालय कीर्तिपुर नेपाल विद्यार्थी संघको कोषाध्यक्षको जिम्मेवारी सम्हालेकी थिइन्। चित्रलेखा विगतको राजनीतिक लगाव सम्झँदै भन्छिन्, 'श्रीमान् अध्ययनका क्रममा भारतमा हुनुहुन्थ्यो, छोरो सासूको जिम्मा र छोरी आमाको जिम्मा छाडेर म राजनीति गरिरहेकी थिएँ।'

जनकपुर माइती भएकी चित्रलेखा सिरहाको कांग्रेस राजनीतिमा २०४८ सालदेखि प्रत्यक्ष संलग्न भएकी हुन्। कांग्रेसले २०५१ को निर्वाचनमा उनलाई टिकट दिए पनि उनी हारिन्। कांग्रेसको आन्तरिक कलहको सिकार बनेको स्मरण गर्दै चित्रलेखा भन्छिन्, 'पार्टीभित्रको घात-अन्तरघातका कारण म थोरै भोटले मात्र पराजित भएँ।' २०५६ मा निर्वाचित भएपछि दुई वर्ष बित्न नपाउँदै उत्पन्न भएको कांग्रेसी कलहमा उनी विभाजित देउवा गुटमा लागिन्। अहिले चित्रलेखा देउवासँग पनि सन्तुष्ट छैनन्।


कांग्रेस (प्रजातान्त्रिक)को पछिल्लो राजनीतिक किचलोमा चित्रलेखा देउवाविरुद्धको गुटमा उभिए पनि संसदीय दलको नेता को हुने भन्ने आन्तरिक झगडाबाट आफूलाई अलग राखिन्। भ्रष्टाचारको आरोपमा सामाजिक बहिष्कारको अवस्थामा पुगेका चिरञ्जीवी वाग्ले तथा दरवारले चुनीचुनी भ्रष्टाचारको आरोप लगाएर अख्तियार दुरुपयोग अनुसन्धान आयोग र पछिल्लो समय भक्तबहादुर कोइराला आयोगका मार्फत थुप्रै कांग्रेस नेताहरूमाथि धावा बोलेको बेला पनि रहस्यमय ढंगले बचेका विजय गच्छदारले नेतृत्व गरेको देउवाविरोधी अभियानमा उनी प्रत्यक्ष सहभागी बनिनन्। संसदीय दलको निर्वाचनमा अनुपस्थित भएर उनले वाग्ले र गच्छदारको अभियानको समर्थन गरिनन्। देउवाविरुद्ध चित्रलेखालाई उभ्याउने वाग्ले र गच्छदारको राजनीतिक खेलमा उनले साथ दिइनन्।

प्रतिनिधिसभा पुनःस्थापनापछिको करिब एक महिनाको राजनीतिक जीवनमा सभामुख चयन, आफ्नै दलको नेता चयनदेखि मन्त्री पद अस्वीकार गर्ने चित्रलेखाका 'अन्तरात्माका' निर्णयले उनको व्यक्तित्वको चित्र सुझबुझपूर्ण राजनीतिज्ञको रुपमा लेखिएको छ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



गिरिजाप्रसाद कोइराला



लिलामणि पोखरेल



सुवासचन्द्र नेम्वाङ

# खबरदारी फितलो कार्यान्वयनप्रति

**प्रतिनिधिसभा घोषणा–२०६३** को मसी सुक्न नपाउँदै यसको कार्यान्वयन पक्ष फितलो र जनआन्दोलनको भावनालाई ठेस पुर्‍याउने खालको भन्दै प्रमुख दलहरूबाट नै सरकार र सभामुखको आलोचना सुरु भएको छ।

जेठ ८ गते मन्त्रिपरिषद् विस्तारबारे प्रतिनिधिसभालाई पठाएको पत्रलाई आधार बनाएर दरवारले अनधिकृतरूपमा प्रतिनिधिसभाको टाउको टेक्न खोजेको र त्यसमा सघाएको भन्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा सभामुख सुवासचन्द्र नेम्वाङमाथि सांसदहरू खनिइरहेका छन्।

प्रतिनिधिसभाको १० गतेको बैठकमा एमाले र जनमोर्चाका सांसदहरूले राजदरवारले राजाको सक्रिय शासनकालकै शैलीमा मन्त्री नियुक्तिसम्बन्धी पत्र लेख्ने हिम्मत कसरी गर्‍यो भन्ने प्रश्न एकस्वरले उठाए भने प्रधानमन्त्री र सभामुख त्यसको सहायक भएकोमा उनीहरूले प्रतिनिधिसभासमक्ष जवाफ दिनु पर्ने माग राखे।

साथै प्रधानमन्त्री कोइराला र राजा ज्ञानेन्द्रबीच जेठ ८ गते साँझ भएको भेटवार्ता विवरण पनि प्रतिनिधिसभालाई जानकारी दिनु पर्ने जोडदार माग गरे। विशेष समयमा अधिकांश सांसदले घोषणा पूर्णरूपमा कार्यान्वयन गर्न आवश्यक कदम अविलम्ब चाल्न सरकारको ध्यानाकर्षण गरे।

जनमोर्चा सांसद लीलामणि पोखरेलले आन्दोलनको भावना मन्त्रीको नियुक्ति राजाले गर्ने र त्यसले सूचना प्रतिनिधिसभालाई दिने प्रचलनलाई यथावत् राख्नु नभएको बताए। कोइरालाले राजासँग गरेको भेटबारे प्रतिनिधिसभालाई जानकारी गराउनु पर्ने माग पनि उठिरहेको छ। 'राजाले डाकेर प्रधानमन्त्री राजदरबार गएका हुन् वा प्रधानमन्त्रीको अनुरोधमा राजाले समय दिएका हुन्, यो बताउनु पर्‍यो', उनको माग थियो।

**मन्त्रिपरिषद् विस्तारको सूचना राजदरवारले प्रकाशित गरेर प्रतिनिधिसभा घोषणा- २०६३ का निम्न दफाहरू उल्लंघन भएको भन्दै सांसदहरू विरोधमा उत्रेका छन्।**

**२ (१) नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ।**

**२ (४) सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ।**

**५ (५) विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइनेछ।**

**९ (क) राज्यका सबै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यसप्रति निष्ठावान् रही सबैले आफ्नो अधिकार प्रयोग गर्नु पर्नेछ।**

घोषणा ड्राफ्ट गर्दादेखि नै सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावलीमा संशोधन गरी मन्त्रीको नियुक्ति र शपथग्रहण प्रधानमन्त्रीले गराउने निधो भइसकेकोमा, सो पालना नभएको भन्दै पोखरेलले *समय*सँग आक्रोश व्यक्त गरे। घोषणा आएको एक सातासम्म सरकार सञ्चालनको आधारभूत निर्देश मानिने ती नियमावली यथावत् राख्नुको नियतमाथि उनले प्रश्न गरे।

राजप्रासाद सेवा निजामती सेवा अन्तर्गत राखिसकेको अवस्थामा दरवारका कुनै अमुक सचिवले पठाएको चिठीको डिक्टेसन प्रधानमन्त्रीले गर्न नमिल्ने दावी गर्दै पोखरेल भन्छन्, 'घोषणापछि मन्त्रिपरिषद् विस्तारको पहिलो महत्त्वपूर्ण काममा नै सरकार चुक्यो।'

आफ्नै निर्णय बर्खिलाप गरेका प्रधानमन्त्रीको गल्ती ढाकेर सभामुखले अर्को भुल गरेको एमाले सांसद जगन्नाथ खतिवडाले सदनमा जोडदार रूपमा उठाए। प्रधानमन्त्रीले गरेको गल्तीलाई सम्मानित प्रतिनिधिसभासमक्ष तत्काल उजागर हुने विषय सभामुखले ढाकछोप गरी केही दिन लम्ब्याइदिएका छन्।

प्रधानमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् विस्तार र हेरफेर भन्ने व्यहोराको दरवारबाट प्राप्त पत्रमा राजाका प्रमुख मुख्यसचिव पशुपतिभक्त महर्जनको सहीछापसम्म थियो। राजाको सक्रिय कालकै ढाँचामा आएको पत्रमाथि सांसद्हरूको सम्भावित आक्रोशबाट जोगाउन सभामुखले मन्त्रीहरूको नाम र विभाग पढेर सुनाएका थिए।

*समय*सँगको कुराकानीका क्रममा पोखरेलले सभामुख नेम्वाङसमक्ष प्रतिगमनलाई तह लगाउने प्रशस्त विकल्प हुँदाहुँदै उल्टो मतियार बनेको आरोप लगाए। 'विघटित संस्था राजप्रासादबाट आएको पत्र नपढ्ने वा हाउसको निर्णय गराएर दरवारमा नै चिठी फर्काइदिनु पर्थ्यो', पोखरेल आक्रोश व्यक्त गर्छन्, 'तर बेनामी पत्रको रूपमा मन्त्रीको नाम मात्र पढियो।'

प्रतिनिधिसभाको १० गतेको बैठकमा विशेष समय लिएर पहिलो वक्ताका रूपमा प्रस्तुत एमालेका ईश्वर पोखरेलले प्रतिनिधिसभाको घोषणाविपरीत काम हुनु आपत्तिजनक भएको बताए। उनले कार्यविभाजन र कार्यसम्पादन नियमावली तत्काल जारी गर्न, यथाशीघ्र राजप्रासाद सेवालाई निजामती प्रशासनको अंग बनाउन, राजदरवारको सुरक्षा व्यवस्था मिलाउन र राष्ट्रिय सुरक्षापरिषद्को पुनर्गठनको विषयलाई जोडदार रूपमा उठाएका थिए।

■ **किरण भण्डारी/काठमाडौं**

**कानुनले मात्र सार्वजनिक र निजी चिजवस्तुको प्रयोगमा सीमारेखा कोरेर दण्डको डर देखाउनु भनेको छुवाछूतको मासिकतालाई बाह्य रूपमा मात्र दमित गर्नु हो । त्यसरी दमित छुवाछूतको मानसिकता सार्वजनिक धारा र मन्दिर प्रवेशको सन्दर्भमा प्रकट नभए पनि अन्य रूपमा अझै बलियो र प्रतिशोधपूर्ण रूपमा क्रियाशील भई नै रहेको छ ।**



# राज्य पुनर्संरचनामा दलित सवाल

■ रत्नबहादुर बागचन्द

**राज्यको वर्तमान** संरचनामा दलितको हैसियत उपमानवको भन्दा माथि उठ्न सकेको छैन । भौतिक शरीर, इन्द्रीय, चेतना, रूप, रंग, आकार र रगतसमेत एकै प्रकारको बनाई प्रकृतिले मानवको हैसियत दिए पनि हाम्रो राज्यसंरचनामा दलित छुन नहुने अछुत प्राणी नै छ ।

वर्तमान राज्यसंरचनामा दलित समस्या समाधानका सम्बन्धमा समावेशी लोकतन्त्रको कुरा उठाउने गरिएको छ, तर समावेशीकरण आंशिक हो कि पूर्ण, त्यहाँसम्म सोचिएको छ जस्तो लाग्दैन । राज्यसंरचनामा दलितलाई कुनैमा समावेश गराउने कुनैमा प्रतिबन्ध लगाउने गरी गरिने व्यवस्थालाई पूर्ण लोकतान्त्रिक समावेशीकरण मान्न सकिन्न । उदाहरणको लागि दलितलाई गरिँदै आएको वञ्चितीकरणको प्रक्रिया हटाई अब उपरान्त छुवाछूत नगर्ने र छुवाछूत अन्त्य भयो भनी राज्यबाट भनियो भने त्यो धारा, इनार वा मन्दिरमा प्रवेश दिइने कुरामा मात्र सीमित रहँदैन ।

समावेशीकरणको सिद्धान्तले धारा, इनारको प्रयोग वा मन्दिरको प्रवेशलाई मात्र खुला गर्दैन । यसले घरको ढोकादेखि सुरु भएर भान्छा र शयनकक्ष हुँदै शरीरमार्फत रगतमा मिसिँदै अन्तरघुलनका माध्यमबाट दलित गैरदलित वा छुवाछूत भाव मेटाउदै नयाँ सम्बन्धको जन्म गराई छुवाछूतमुक्त मानिसको पहिचानसहित समाजमा स्थापित गर्ने बाटो खोल्छ । आजको जस्तो आंशिक समावेशीकरणको बुझाइले वास्तविक समावेशीकरणको प्रतिनिधित्व गर्दैन । वास्तविक दलित जनताको सवाल भनेको भेदभावका दृष्टिले 'जात मासिने' बनाई राज्यसंरचनाका हरेक पाटोमा दलितको समान सहभागिता गराइनु हो ।

अहिलेसम्म राज्य, राजा, शासक जाति र दलहरू सबैले सार्वजनिकस्थलमा छुवाछूत गर्न नहुने कुरासम्मलाई कागजी कुरामा मात्र समेटेको देखिन्छ । यसबाट शासकहरू मूलरूपमा छुवाछूतको अन्त्य चाहँदैनन् अथवा तीन हजार वर्ष पुरानो छुवाछूत मानसिकताको धरातलमा विकसित यो प्रवृत्तिबाट मुक्त हुने चाहना उनीहरूमा प्रत्यक्षत: देखिँदैन । सनातन धर्म र परम्पराको नाममा बचाइराख्ने नियत हो कि भन्ने आशंका अझै मेटिन सकेको छैन । निजी स्थानबाहेक सार्वजनिक स्थानमा मात्र छुवाछूत वर्जित गरिनु भनेको सरासर छुवाछूतलाई भित्री रूपमा अझै मलजल गर्ने अधिकार सुरक्षित राख्नु नै हो ।

कानुनले मात्र सार्वजनिक र निजी चिजवस्तुको प्रयोगमा सीमारेखा कोरेर दण्डको डर देखाउनु भनेको छुवाछूतको मासिकतालाई बाह्य रूपमा मात्र दमित गर्नु हो । त्यसरी दमित छुवाछूतको मानसिकता सार्वजनिक धारा र मन्दिर प्रवेशको सन्दर्भमा प्रकट नभए पनि अन्य रूपमा अझै बलियो र प्रतिशोधपूर्ण रूपमा क्रियाशील भई नै रहेको छ ।

समावेशीकरणको लक्ष्य र यसलेदिने अन्तिम परिणाम के हुन्छ भन्ने राम्ररी बुझेर समावेशीकरणको कुरा गरिएको हो भने यसका प्रक्रियालाई बढी प्रभावकारी बनाउनेतर्फ कार्यनीति अगाडि ल्याउनु पर्दछ ।

## सात दल–माओवादी गठबन्धनका चुनौतीहरू

दोस्रो जनआन्दोलनबाट राजकीयसत्ता प्राप्त गरेका सात दल-माओवादी गठबन्धनका सामु राज्य पुनर्संरचनाका सम्बन्धमा दलित सवालमा निम्न चुनौतीहरू छन् :

**दलित सवालका दुई विकल्प** : जातका आधारमा विभाजित भएर जाने वा जातका आधारमा विभाजित भएर नजाने । पहिलो विकल्पअनुसार जातका आधारमा विभाजित भएर जाने हो भने दलितका लागि भूमिसहित पूर्ण पृथक् स्वायत्त शासनको व्यवस्था गर्नु पर्दछ । जसअन्तर्गत बसाइँसराइ गरी दलितहरू कुनै निश्चित भूमिमा आपसी अन्तरघुलन भई रक्तमिश्रणको माध्यमबाट जात मिसिई 'एक जात दलित राज' कायम गर्न सक्नेछन् भने अहिलेका शासक वर्ग र जातिहरू दलितसँग रक्तमिश्रण हुने र जात मासिने खतराबाट मुक्त हुन सक्नेछन् ।

दोस्रो विकल्पको रूपमा रहेको जातका आधारमा विभाजित भएर नजाने बाटो रोज्ने हो भने त्यसका लागि पूर्णसमावेशीकरणको संरचना बनाउनु पर्‍यो । पूर्ण समावेशीकरणको बाटोमा राज्यका प्रत्येक संरचना र क्षेत्रमा दलितलाई ससम्मान समावेश गर्नु पर्‍यो जसअन्तर्गत दलित सहित सबै जातजातिका बीच सजिलै अन्तरघुलनको माध्यमबाट रक्तमिश्रण हुँदै जातीय छुवाछूत मासिँदै जाने र कोही पनि अछुत वा चोखो नरहेको नयाँ समाजमा रूपान्तरित हुन सक्नेछ । त्यसका लागि पूर्ण समावेशीकरणको सिद्धान्त अपनाई निजी घरको ढोकादेखि भान्छा, सुत्ने कोठासम्म रक्तमिश्रण समेतमा प्रवेश दिई छुवाछूत अन्त्य गर्न तयार हुनु पर्दछ ।

## दलित आन्दोलनका चुनौतीहरू

सदाझैं राज्यबाट ठगिएका दलितहरूका आफू समेतको योगदानबाट निरंकुश शासनलाई परास्त गरी भर्खरै बनेको सात दलको सरकारबाट भोग्नु परेको उपेक्षा समेतको पृष्ठभूमिमा निम्न चुनौतीहरू छन् :

१. सबै शक्तिको श्रोत जनता नै हुन् भन्ने प्रमाणित भएको अवस्थामा सार्वभौमशक्तिको स्रोत असी प्रतिशत हालसम्मका शासक जातजाति समूहहरूका अतिरिक्त बीस प्रतिशत (जनसंख्याको हिसाबले) हामी दलित पनि हौं भनेर ठम्याउने ।

२. दलित सदा दलित रहने हो भने दलित जनताले आफूमा रहेको मुलुकको बीसप्रतिशत सार्वभौमशक्ति शासकहरूलाई दिँदै आएकोमा अब हामी आफै उपभोग गर्छौं तिमी बाँकी असी प्रतिशत सार्वभौमशक्तिका आधारमा राज्य चलाऊ भन्नु पर्‍यो वा छुट्टै दलित भूमिको माग नगर्ने हो भने यही समाजमा सम्मानपूर्ण जीवन बाँच्न पाउने गरी पूर्ण समावेशीकरणको माग गर्नु पर्‍यो ।

३. २००४ सालदेखि जुर्मुराउन सुरु गरेको दलित आन्दोलन २०६३ सालसम्म आइपुग्दा राजनीतिक आन्दोलन, सचेतना आन्दोलन, महिला आन्दोलन, विद्यार्थी आन्दोलन, छुवाछूतविरुद्ध आन्दोलन, हलिया मुक्ति आन्दोलन, सुकुमवासी आन्दोलन र पेसागत आन्दोलनका विविध रूप, रंग र आकार प्रकारमा फैलिसकेको छ । यिनै इन्द्रेणी आन्दोलनका रूप, रंग र आकार प्रकारलाई एउटा बृहत् संयुक्त दलित आन्दोलनको छाता ओढाउन जरुरी छ ।

आज हामी एक्कासौं शताब्दीको नयाँ नेपालको खाका कोर्ने मोडमा आइपुगेका छौं । यस बखत राज्यका जिम्मेवार शक्ति र स्वयं दलितले पनि दलित सवालमा स्पष्ट दृष्टिकोण नबनाउने हो भने भावी पुस्ताले कसैलाई माफी दिनेछैनन् । यी विषयमा अन्तरिम शासन विधान, अन्तरिम सरकार, संविधानसभा निर्वाचन र नयाँ संविधानको परिकल्पनाको लागि निर्णय लिनुअघि आफ्नो धारणा सार्वजनिक गर्नु अत्यावश्यक छ ।

*(लेखक सामाजिक न्यायको क्षेत्रमा कार्यरत अधिवक्ता हुन्)*



ज्योति देवकोटा

**हालै प्रतिनिधिसभामा भएको घोषणाभन्दा ठूलो र प्रेरणादायी अर्को के घटना हुन सक्ला र ? यसले नेपालको इतिहासको एउटा अध्याय समाप्त गरेको छ र अर्कोको सुरुवात ।**

# नेपालीकै उपलब्धि

■ **लुसी एडवार्डस, क्यानडेली राजदूत**

**उनको लागि** यो अर्को एउटा 'पोस्टिङ' मात्र थिएन । पहाडले उनलाई मोहित तुल्याएको छ । अझ हालै 'माउन्टेन फ्लाइट'बाट हिमालका टाकुरा नजिक पुग्दा उनी रोमाञ्चित भएकी थिइन् । नेपालका लागि राजदूतका रूपमा आफ्नो कार्यकालको अन्तितर यहाँ भएको अर्को राजनीतिक परिवर्तनबाट उनी असाध्यै प्रभावित छन् । वास्तवमा त्यो उनका लागि एउटा सुखद संयोग पनि थियो- पुनःस्थापित प्रतिनिधिसभामा ऐतिहासिक घोषणा हुँदा उनी त्यहाँ उपस्थित थिइन् । प्रस्तुत छ, कार्यकाल पूरा गरी स्वदेश फर्कने क्रममा रहेकी क्यानडाली राजदूत लुसी एडवार्डससँग *समय* सम्पादक युवराज घिमिरेको अन्तर्वार्ताको प्रमुख अंश :

**तपाईंले नेपालमा आफ्नो कार्यकाललाई कसरी मूल्यांकन गर्नुभएको छ ?**

हालै प्रतिनिधिसभामा भएको घोषणाभन्दा ठूलो र प्रेरणादायी अर्को के घटना हुन सक्ला र ? यसले नेपालको इतिहासको एउटा अध्याय समाप्त गरेको छ र अर्कोको सुरुवात । विद्रोही माओवादीसँग वार्ताको वातावरण बनेको छ, युद्धविरामको घोषणापछि । आर्थिक विकासका प्रयास हुन थालेका छन् । म आफ्नो तीनवर्षे कार्यकालबारे खुसी छु र नेपालको इतिहासमा प्रारम्भ हुन लागेको नयाँ अध्यायप्रति आशावादी पनि । हाम्रो सदिच्छा छ नेपालप्रति ।

म यहाँ आएको दिनदेखि मुग्ध छु । यो मुलुक एकदमै स्वभाविकरूपमा प्राकृतिक छ । मनमोहक सौन्दर्यका साथै यहाँका मानिसहरू इमानदार छन् । मेरो आफ्नै हिसाबले भन्दा यति राम्रो अवस्थामा नेपाल छोड्नुपरेको छ- त्योचाहिँ त्यति सुखद हैन ।

**गत महिनाको जनआन्दोलनलाई कुन रूपमा लिनुभएको छ ?**

केही वर्षयता र खासगरी विगत दुई महिनादेखि जनताले स्पष्टरूपमा आफूलाई प्रजातन्त्रका लागि संघर्षको पक्षमा उभ्याउँदै आएका छन् । यो आन्दोलन मेरा लागि सधैं प्रेरणादायी र सुखद सम्झनाका रूपमा रहिरहनेछ ।

**नेपालको विकासका साथै प्रजातन्त्रको यो संघर्षमा अन्तर्राष्ट्रियजगत्ले आफ्नो समर्थन जनाउँदै आएको छ । अबको परिस्थितिमा नेपालको विकासमा क्यानडाको भूमिका कस्तो होला ?**

क्यानडा नेपालमा खासगरी सामुदायिक विकास, स्वास्थ्य, पानी तथा ऊर्जा क्षेत्रमा क्रियाशील छ । ती क्षेत्रमा भएको हाम्रो संलग्नताले ग्रामीण नेपाललाई राम्रोसँग बुझ्ने अवसर पनि दिएको छ । हामी त्यो संलग्नतालाई निरन्तरता दिन चाहन्छौं ।

नेपालमा हालैको संघर्षका बेलामा पनि हामी ती परियोजनाबारे नै सोचिरहयौं । विकासप्रतिको त्यो चासो र प्रजातन्त्रका लागि यो संघर्षबाट अझ बढी उत्साही भएका छौं ।

**हालै तपाईंले अन्य दाताहरूसँगै अर्थमन्त्रीलाई भेट्नुभयो । कुनै खास आश्वासन दिनुभएको छ नयाँ सरकारलाई क्यानाडाली सहयोगबारे ?**

मैले अर्थमन्त्रीलाई भेटें । मसँग क्यानडाबाटै मुख्यालयको एउटा टोली पनि आएको छ । नेपाल सरकार हामीबाट कस्तो सहयोग चाहन्छ, उनीहरूको प्रस्ताव र हाम्रो लेखाजोखाका आधारमा हामी भावी सहयोगसम्बन्धी निर्णय लिनेछौं ।

अवश्य पनि एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय वित्तीय संस्थाजस्ता एजेन्सीसँग हाम्रो संलग्नता छ । हामी भौतिक पूर्वाधार निर्माणमा भूमिका खेल्न सक्छौं । मैले पहिले नै भनिसकें हामीले निर्णय लिइसकेका छैनौं, तर सडक विकास, जलविद्युत् आदिमा हामी चासो राख्छौं । शान्तिले समृद्धि ल्याउँछ । भुटानमा हेर्नोस् विद्युत परियोजनाले त्यहाँ आर्थिक कायापलट भएको छ ।

**कस्तो किसिमको सहयोग ?**

नेपालमा शान्ति स्थापना र द्वन्द्व निरोधको क्षेत्र महत्त्वपूर्ण छ । संक्रमणकालमा आवश्यक सहयोग तथा प्रजातन्त्रप्रतिको यात्रालाई सुगम बनाउने आवश्यकता पनि छ । हामी यसबारे सरकारसँग वार्ता गर्नेछौं । हामीले राष्ट्रसंघीय मानवअधिकार उच्चायोगको विशेष कार्यालयको समर्थन र सहयोग गरेका छौं । हामी अझै पनि अध्ययन गरिरहेका छौं हामीले के गर्न सक्छौं भन्नेबारे ।

**नेपालको द्वन्द्व समाधान तथा हतियार व्यवस्थापनमा अन्तर्राष्ट्रिय समुदाय, खासगरी राष्ट्रसंघको भूमिकाबारे यहाँ कस्तो धारणा राख्नु हुन्छ ।**

हामी यसबारे स्पष्ट छौं । कस्तो सहयोगको आवश्यकता छ, मुलुकलाई त्यो सरकारले स्पष्ट पार्ने कुरा हो ।

हो, द्वन्द्व समाधानमा हतियार व्यवस्थापन अत्यन्त महत्त्वपूर्ण पक्ष हो । निर्भीकतासँग सबैले निर्वाचनमा भाग लिने वातावरण बन्नु पर्छ । यो सँगसँगै मानवअधिकार, बालबालिकाको अधिकार इत्यादिलाई पनि सम्बोधन गरिनु पर्छ ।

**यहाँको मतलब बालसैन्यको मुक्तिबारे हो ?**

हो, ती बालबालिकाहरू घर फर्कन पाउनु पर्छ । बालबालिकाहरू छापमारका रूपमा जंगलमा हैन, विद्यार्थीका रूपमा स्कुलमा र आफ्ना परिवारबीच हुनु पर्छ । त्यो नेपालका लागि अत्यन्तै ठूलो दिन हुनेछ । उनीहरू कुनै पनि सेनामा हुनु हुँदैन । स्वेच्छा या बलजफ्ती जसरी उनीहरू भर्ती भए पनि बालबालिकालाई छापामार सेनामा राख्नु अपराध हो । माओवादीले त्यो स्विकार्दै बालसैन्य मुक्त पार्नु पर्छ ।

**शान्ति प्रयासकै सिलसिलामा अन्तर्राष्ट्रिय संलग्नताको कुरा गर्दा नेपालको छिमेकी भारतको सम्भावित भूमिकालाई कसरी हेर्नु भएको छ ? तपाईं भारतका लागि पनि उच्चायुक्त भएकाले यसबारे राम्रो अध्ययन गर्नुभएकै होला ।**

शक्तिशाली अमेरिकाको छिमेकमा रहेको क्यानडाले अवश्य पनि बुझ्नसक्छ - हात्ती नजिकैको मुसाको अवस्था । भारत र नेपालको स्थिति पनि त्यस्तै छ । यहाँ भारतीय भूमिकाबारे आशंका छ ।

मलाई लाग्छ भारत अत्यन्तै कठिन प्रयासमा लागेको छ विभिन्न पक्षबीच तालमेल मिलाउन, तर यथार्थ के हो भने नेपालमा आज जे भएको छ, त्यो भारत या कुनै अन्यको प्रभावबाट नभएर नेपालकै उपलब्धि हो । आजको यो परिस्थिति र उपलब्धि नेपालकै हो । यो सफलताको जस नेपालीहरूकै हो । भारतको भूमिका त्यो मान्यताभन्दा बाहिर जालाजस्तो लाग्दैन मलाई । ■




# विद्यालय नसक्ने, अभिभावक नछाड्ने !

**सरकारले पर्याप्त शिक्षक दरबन्दी उपलब्ध नगराएको भन्दै देशभरिकै विद्यालयले 'आर्थिक सहायता' शीर्षकमा प्राथमिक तहका विद्यार्थीसँग वार्षिक २ देखि ५ सय रुपैयाँसम्म उठाउँदै आएका छन् ।**

■ **ओमआस्था राई / धरान** (तस्वीर पनि)

**प्राथमिक तह** निःशुल्क गर्ने शिक्षा ऐन कार्यान्वयनको माग राख्दै तीन वर्षदेखि आन्दोलनरत विद्यार्थी र अभिभावकले वैशाख ३१ गते धरानका सबै सरकारी विद्यालयका प्रशासन र लेखाशाखामा तालाबन्दी गरे । त्यसको प्रतिरोधमा प्रधानाध्यापकहरूले जेठ ३ गते आ-आफ्ना विद्यालयको मूलद्वारमा ताला लगाई पठनपाठन नै अवरुद्ध पारिदिए ।

पठनपाठन बन्दको चर्को विरोध भयो । फलस्वरूप विद्यार्थी र अभिभावकसँग छलफल गर्न शिक्षक वार्तासमिति बन्यो । नेपाल शिक्षक युनियनका केन्द्रीय प्रतिनिधि शिशाम्बर झाको संयोजकत्वमा बनेको समितिले जेठ ७ गते अबदेखि प्राथमिक तहका विद्यार्थीसँग कुनै प्रकारको शुल्क नलिने लिखित प्रतिबद्धता जनायो । भोलिपल्टदेखि सबै सरकारी विद्यालयमा पठनपाठन सुचारु भयो ।

सरसर्ती हेर्दा विद्यालय र अभिभावकबीच तीन वर्षदेखि जारी द्वन्द्व यही टुंगिएको देखिन्छ, तर निःशुल्क शिक्षाको मुद्दा यति सजिलै छिनोफानो हुने छाँट छैन । प्रधानाध्यापकहरू अझै प्राथमिक तहका विद्यार्थीसँग शुल्क उठाउने नयाँ चोर बाटोको खोजीमा छन् । यता विभिन्न बाल समूहको नाउँमा संघर्षमा उत्रिएका विद्यार्थी र तिनलाई साथ दिन अघि सरेका अभिभावक पनि हात बाँधेर बस्न तयार छैनन् । समस्याको जरो पत्तो लाउने र समाधानको उपाय खोज्ने इमानदार प्रयास कतैबाट नहुँदा विद्यार्थी, अभिभावक र विद्यालयबीच चर्किएको द्वन्द्वले अझै निरन्तरता पाउने देखिन्छ ।

यसले एकातिर तत्कालका लागि सरकारको विद्यालय भर्ना अभियानलाई प्रभावित तुल्याएको छ भने अर्कोतिर विद्यार्थीको पढाइमा दीर्घकालीन असर छाड्ने खतरा पैदा गरेको छ । आफ्नै गलत नीतिका कारण पैदा भएको द्वन्द्वबाट सरकारचाहिँ पूर्णतः अलग छ । विद्यार्थी, अभिभावक र प्रधानाध्यापक कसैले पनि निःशुल्क प्राथमिक शिक्षाको विषयलाई लिएर सिर्जित द्वन्द्वमा सरकारप्रति औंला ठड्याउने प्रयास गरेको छैन ।

## समस्याको रूप

शिक्षा ऐन-२०२८ ले प्राथमिक तहका विद्यार्थीसँग शुल्क असुल्न प्रस्टसँग निषेध गरेको छ, तर सरकारले पर्याप्त शिक्षक दरबन्दी उपलब्ध नगराएको भन्दै देशभरिकै विद्यालयले 'आर्थिक सहायता' शीर्षकमा प्राथमिक तहका विद्यार्थीसँग वार्षिक २ देखि ५ सय रुपैयाँसम्म उठाउँदै आएका छन् । 'हो, हामीले ढाँटेर पैसा उठाउँदै आएका छौं', शिक्षा निकेतन मावि, धरानका प्रधानाध्यापक गोकुल श्रेष्ठ भन्छन्, 'नढाँटीकन सरकारी विद्यालय चलाउनै सकिँदैन ।'

हुन पनि हो, सस्तो लोकप्रियताका लागि सरकारले १ देखि ५ कक्षासम्मको शिक्षा निःशुल्क त गर्‍यो, तर त्यसका निम्ति विद्यालयलाई चाहिने स्रोत र साधन उपलब्ध गराएन । उदाहरणका लागि धरानको पब्लिक हाइस्कुलमा

अहिले २ हजार २ सय ६५ विद्यार्थी छन्, तर २६ शिक्षकको मात्रै दरबन्दी छ। अर्थात् एउटा शिक्षकले कम्तीमा ८७ जना विद्यार्थीलाई पढाउनु पर्छ, जसबाट राम्रो नतिजाको अपेक्षा गर्न सकिँदैन। शिक्षामा गुणस्तर कायम राख्न सामान्यतया ४० विद्यार्थी बराबर १ शिक्षकको व्यवस्था हुनु पर्ने मान्यता छ।

यसैले हाइस्कुलले १२ शिक्षकलाई निजी स्रोतमा राखेको छ। यसबाहेक ८ कर्मचारीले निजी स्रोतबाटै तलब खान्छन्। डेस्कबेन्च, फर्निचर, कक्षा कोठा मर्मत, पानी बिजुलीको महसुल आदि खर्चको स्रोत पनि यही हो। प्राथमिक तहका विद्यार्थीसँग पैसा नलिँदा निजी स्रोत सुक्ने र खर्च कटौतीका लागि शिक्षक र कर्मचारीलाई अवकाश दिनु पर्ने अवस्था आउँछ। सरकारले दरबन्दीबाहेक प्रतिशिक्षक वार्षिक ३ सय रुपैयाँ मसलन्द खर्चमात्रै उपलब्ध गराउँदै आएको छ।

'यति पैसाले पुग्दै पुग्दैन', प्रधानाध्यापक कमल पोखरेल भन्छन्, 'सरकारले पुग्दो पैसा देओस्, हामी १० कक्षासम्मकै विद्यार्थीलाई निःशुल्क पढाइदिन्छौं।' सरकारले अनुदान नथप्ने र शुल्क लिन पनि नदिने हो भने निजी स्रोतका सबै शिक्षकलाई निकाल्ने र सबै 'सेक्सन'का विद्यार्थीलाई एउटै कोठामा खाँदिर पढाउनुको विकल्प नरहने पोखरेल बताउँछन्। उनी भन्छन्, 'सरकार निःशुल्क शिक्षा भनिदिने तर दायित्व नबोक्ने र त्यसको मार हामीले खेप्नु पर्ने भइरहेको छ।'

यस्तो अवस्था धरानका २२ वटा सरकारी विद्यालयको मात्रै हैन, देशभरिकै छ। तर, शिक्षा ऐन कार्यान्वयनका लागि संघर्षरत बाल समूहलाई विद्यालयको समस्याप्रति वास्ता छैन। किनभने, बाल समूह गठन गरिदिने गैरसरकारी संस्थाहरूले तिनलाई समस्याको मूल चुरो पत्ता लाउन हैन, अधिकारका लागि लड्नमात्रै सिकाएका छन्। यसैले आफ्ना छोराछोरीको पढाइका लागि खाई नखाई पैसा तिर्न तयार अभिभावक पनि घानमा परेका छन्।

जस्तो, धरान-१७ स्थित श्री प्राथमिक विद्यालयका अभिभावक निजी स्रोतमा शिक्षक थप्न १ देखि ३ कक्षाका विद्यार्थीका लागि दैनिक ७० पैसा र ४ देखि ५ कक्षाका विद्यार्थीका लागि दैनिक १ रुपैयाँ तिर्न तयार भएका थिए। यसै सहमतिअनुसार निजी स्रोतमा ३ शिक्षक राखिएको थियो, तर बाल समूहको संघर्ष र तालाबन्दीबाट दाउरा बेचेर र मजदुरी गरेर पेट पाल्नेका छोराछोरी पढ्ने यो विद्यालय पनि मुक्त हुन सकेन। उता, सरकार निःशुल्क प्राथमिक शिक्षा नीति व्यवहारमा उतार्न विद्यालयका लागि सहयोगी बन्न नै तयार छैन। नेपाल शिक्षक युनियनका केन्द्रीय प्रतिनिधि शिशाम्बर झा बारम्बार सरकारी अनुदानका लागि आग्रह गर्दा पनि सुनुवाइ नभएकाले चोर बाटोबाट पैसा उठाउन विद्यालयहरू बाध्य हुँदै आएको बताउँछन्। अझ, प्रधानाध्यापक गोकुल श्रेष्ठ त सरकारी अनुदान माग्दा जिल्ला शिक्षा कार्यालय आफैँले परिपत्र जारी गरी चोर बाटो खोज्न प्रेरित गरेको बताउँछन्।

## छात्रवृत्तिको किचलो

सरकारले शैक्षिक सत्र २०६१/६२ देखि प्राथमिक तहका प्रत्येक दलित विद्यार्थीका लागि वार्षिक २ सय ५० रुपैयाँको दरले छात्रवृत्ति उपलब्ध गराएको थियो। त्यस वर्ष सरकारले प्राथमिक तहका दलित विद्यार्थीका लागि भनेर १३ करोड ९९ लाख १७ हजार रुपैयाँ निकासा गरेको थियो। सुनसरीमा मात्रै १४ हजार १ सय १७ जना प्राथमिक तहका दलित विद्यार्थीका लागि ३५ लाख २९ हजार २ सय ५० रुपैयाँ निकासा भयो।

तर, यो पैसा कुनै पनि विद्यालयले वितरण गरेको छैन। दलित सेवा संघका केन्द्रीय सदस्य रमेश गजमेर प्राथमिक तहका दलित विद्यार्थीलाई तिनले पाउनु पर्ने छात्रवृत्ति दिनु त परको कुरा, उल्टै माध्यमिक तहका दलित विद्यार्थीसँग पनि 'आर्थिक सहायता' शीर्षकमा पैसा असुल्ने गरिएको दुखेसो पोख्छन्। सरकारले ६ देखि १० कक्षासम्मका दलित विद्यार्थीले पनि शुल्क तिर्न नपरोस् भन्ने उद्देश्यले प्रतिविद्यार्थी ५ सयका दरले छात्रवृत्ति उपलब्ध गराउँछ। विद्यालयले यो छात्रवृत्ति बाँड्दैन, तर दलित विद्यार्थीसँग शुल्क लिन पनि पाउँदैन।

दलित गैरसरकारी संस्था महासंघद्वारा प्रकाशित 'आर्थिक वर्ष २०६१/६२ को बजेटमा दलित' शीर्षकको पुस्तिकामा उल्लेख भएअनुसार यस वर्ष निम्न तथा माध्यमिक तहका दलित विद्यार्थीका लागि ५ सय रुपैयाँको दरले ५ करोड रुपैयाँ निकासा भएको छ। विद्यालयले यस्तो छात्रवृत्ति वितरण नगरी उल्टै दलित विद्यार्थीसँग शुल्क लिँदै आएको गजमेर बताउँछन्। उता प्रधानाध्यापकहरूचाहिँ 'सरकारले नै ढिलो गरी पठाएको' र 'प्रक्रिया मिलाउन समय लागेका'ले छात्रवृत्ति वितरणमा ढिलाइ भएको जिकिर गर्छन्। ■




Chelsea, the center to choose for many reasons.
Where intelligence, curiosity are nurtured
and instincts are sharpened.
A curious mind thrives at Chelsea.
Room to explore. Amazing facilities.
More opportunities than you can imagine.

**Admission Open for A-Level**
**30 Seats Only**

| | | |
|---|---|---|
| Streams | : | Science, Commerce & Humanities. |
| More Options | : | Psychology, Literature in English, Thinking Skills, Geography, Art and Design. |
| ECA | : | Fashion and Design, Photography, Music, Theater, Dance, Yoga & Meditation and Taekwondo. |
| Eligibility | : | SLC or GCE 'O' Level or equivalent. SLC appeared students can also apply. |



**CHELSEA**
International Academy

Lakhe Chour Marg, New Baneshwor, Kathmandu
**Tel. 4472902, 4499662**

UNIVERSITY OF CAMBRIDGE, PIN CODE NO. NP 727
श्री ५ को सरकार शिक्षा मन्त्रालयको उच्च शिक्षा विभागको विदेशी संस्था
सम्बन्धन नं. ०१६/०६२/०६३




# तातो बजार

**पाश्चात्य संस्कृति अन्धानुकरण गर्न खप्पिस र सोखिन मानिने विशेषतः सहरिया जीवन अहिले पेयपदार्थको पर्याय बनेको छ । पाहुना लाग्दादेखि विवाह, भोज तथा अन्य सानातिना पार्टीमा समेत 'ड्रिङ्स' संस्कृति बसेको छ ।**

■ ज्योति देवकोटा/काठमाडौं
तस्वीरहरू : तेजबहादुर बस्नेत




**नेपालमा पेयपदार्थको** बजार उकालो लागेको एक दशक पनि भएको छैन । चिसोपेय उत्पादनका लागि खुलेका कोक, पेप्सीकोला जस्ता बहुराष्ट्रिय कम्पनी भित्रिएको दशकौं बितिसक्दा पनि उभो लाग्न नसकेको बजार गएको एक दशकमा एकाएक चुलिएको छ । बहुराष्ट्रिय कम्पनीहरूको आगमनबाट सुरु भएको पेयपदार्थको उत्पादनमा प्रतिस्पर्धा पनि दिनानुदिन चुलिँदो छ ।

तरल पेयपदार्थको प्रभावले नेपाली जीवनस्तरलाई आधुनिकतातर्फ अगाडि बढाएको छ । पाँच वर्ष अगाडिमात्र बाबुको अगाडि ड्रिङ्सको कुरा गर्न लजाउने छोराछोरीहरू अहिले अभिभावकसँगै बसेर हार्ड ड्रिङ्सको प्रयोग गर्ने भइसकेका छन् । पाश्चात्य संस्कृति अन्धानुकरण गर्न खप्पिस र सोखिन मानिने विशेषतः सहरिया जीवन अहिले पेयपदार्थको पर्याय बनेको छ । पाहुना लाग्दादेखि विवाह, भोज तथा अन्य सानातिना पार्टीमा समेत 'ड्रिङ्स' संस्कृति बसेको छ ।

सफ्ट पेयमा गनिने रियल, कोक, फ्यान्टा, रियो, जुस, पेप्सी जस्ता दर्जनौं ब्रान्डले नेपाली बजार ढाकेको छ । छिमेकी मुलुक भारतमा उत्पादन हुने पेयपदार्थदेखि तेस्रो मुलुकबाट समेत हल्का पेयपदार्थ नेपाली बजारमा आयात गरिन्छ र यसका उपभोक्ता पनि बर्सेनि बढेका छन् ।

जनसंख्या थोरै भए पनि नजिकैको भारतीय बजारले समेत पछिल्लो दशकमा नेपालको बजारलाई प्राथमिकतामा राख्न थालेको छ । प्रतिस्पर्धाका आधारमा आधा दर्जनजति पेय उत्पादन कम्पनी खुलेका छन्, नेपालमा । त्यति मात्र नभएर चिसोमै गनिने दही र आइसक्रिमको बजारसमेत फस्टाएको छ ।

अल्कोहलयुक्त पेयको बजार पनि उकालो लाग्दो छ, अहिले । लामो समयदेखि नेपाली बजारमा आफ्नो प्रभाव पार्दै आएको नेपालको प्रमुख वियर उत्पादन कम्पनी गोरखा ब्रुअरीका बजार प्रमुख सुरेन्द्र सिलवाल भन्छन्, 'विगतको तुलनामा जनसंख्या बढेको छ, यसले पनि उपभोक्ता बढेका छन् । जनसंख्या विस्थापनले पनि मानिसहरू गाउँबाट सहरमा बसाइँसराइ गर्ने क्रम बढ्दो छ । गाउँमा सजिलै प्राप्त हुने प्राकृतिक पेयमा गनिने दहीमोहीको साटो तयारी पेय पदार्थ प्रयोग गर्न थालेका छन् । यसका साथै छिमेकी तथा पश्चिमी मुलुकले पारेको प्रभावले पनि तयारी पेय प्रयोग गर्नेहरूको संख्यामा बढेको छ ।'

बजार सर्वसुलभ हुन सकेकाले पनि पेयपदार्थको प्रयोग गर्नेको जमात बढेको छ । विगत पाँच वर्षअगाडि रेडिमेड पेयपदार्थको बजार जति थियो त्यसको झन्डै ४३ प्रतिशतले वृद्धि भएको छ अहिले ।

भारतीय टिभी संस्कृतिको प्रभावले अल्कोहलयुक्त पेयपदार्थलाई समेत नेपाली उपभोक्ताले सामान्य रूपमा लिन थालेका छन् । यसका साथै वर्षेपिच्छे बढ्दो सहरीकरणले पनि चिसोको बजारलाई सकारात्मक प्रभाव पारेको छ ।







पश्चिमेली संस्कृतिको अनुकरण गर्दै अहिलेका टिनेजरहरूले सफ्ट ड्रिङ्स मात्र होइन हार्ड ड्रिङ्सलाई समेत सामान्य रूपमा लिन थालेका छन् । 'यसलाई टेलिभिजन संस्कृतिले पनि प्रभाव पारेको छ र यसले नेपालीको खर्च गर्न सक्ने क्षमता बढेको अवस्था पनि देखाएको छ', वियरको बजारमा एकल साम्राज्य जमाइरहेको गोरखा ब्रुअरीका आशिष विष्ट बताउँछन् ।


अहिले नेपाली युवाहरूबीच सामान्य पेय मात्र होइन अल्कोहलयुक्त पेय मानिने वियरलाई समेत तिर्खा मेटाउने पेयका रूपमा प्रयोग गर्नेहरूको जमात बढ्दो छ । केही वर्ष पहिले कोक खान आनाकानी गर्ने युवतीहरूसमेत अहिले परिवारमै बसेर वियर प्रयोग गर्ने भइसकेका छन् । गाउँमा यसको प्रभुत्व नभए पनि सहरको जनसंख्याको मागलाई मात्र पूर्ति गर्न कहिलेकाहीँ हम्मे पर्छ । 'हामीलाई बेमौसममा सहरभित्र पनि मागेको परिणाम उपलब्ध गराउन कहिलेकाहीँ मुस्किल पर्छ', बोटलर्स नेपालको दाबी छ ।

गत पाँच वर्षअगाडि जस्तो बेमौसममा खाली बस्नु पर्ने अवस्था छैन अहिले । आधा दशकअघि अफ सिजनका बेला चिसोको उत्पादन ५० प्रतिशतले घटाउनु पर्थ्यो भने अहिले यो संख्या झरेर २५ प्रतिशतमा पुगेको छ । यसले पनि जाडो मौसममा समेत चिसोको बजार माथि नै रहेको बुझाउँछ । वातावरणीय असरको प्रभावले पनि पेयपदार्थमा परेको छ । विगतका केही वर्षयता नेपालमा वातावरणमा देखिएको परिवर्तनले पनि चिसोको बजारलाई बढावा दिइरहेको छ । वर्षैपिच्छे बढ्दो तापक्रमको प्रभावले जुस, पेप्सी, कोक, रियो, रियल तथा चिसो वियर प्रयोग गर्नेहरू बढिरहेका छन् ।

बढ्दो प्रतिस्पर्धात्मक बजारसँगै तरल पेयपदार्थको उपभोक्ताहरू पनि बढेका छन् । आइसक्रिम र दहीको बजारसमेत फस्टाएको छ । 'पूर्वीय समाजको सबै क्षेत्रलाई पाश्चात्य संस्कृतिले प्रभाव पारेको छ, चिसोको बजार पनि यसबाट अछुतो छैन', नेपाल डेरीका प्रकाश महर्जन बताउँछन् ।

केही वर्षअघिमात्र पाहुना लाग्दा चिसो पानी दिने प्रचलनको अन्त्यसँगै अहिले विशेषतः सहरिया जीवनको अभिन्न अंग भएको छ, कोल्ड ड्रिङ्स । जुस, कोकाकोला, पेप्सी, वियर जस्ता पेयपदार्थको बढ्दो बजारसँगै देशको आर्थिक मेरुदण्डसमेत विशेष गरी अल्कोहलयुक्त पेयले धानेको छ । कोकाकोलाको लोगो मागेर कोक उत्पादन गर्दै



आएको बोटलर्स नेपालले जनाएअनुसार रेडिमेड पेयपदार्थ प्रयोग गर्ने ८० प्रतिशत जनसंख्या सहरिया छन्। अन्तर्राष्ट्रिय बजारको तुलनामा नेपाली बजार नगण्य भए पनि नेपालभित्रको अवस्था हेर्ने हो भने उत्पादित पेयको बढी भाग सहरीक्षेत्रमा नै खपत हुन्छ।

तुलनात्मक रूपमा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा भने चिसोको बजारमा पनि ओरालो लागेको बताउँछन्, तरल पेयपदार्थका मालिकहरू। तीन वर्षअगाडिको तुलनामा अहिलेको बजार खस्कँदो छ। 'तीन वर्षअघिको अनुपातमा हेर्ने हो भने वार्षिक सात प्रतिशतले पेयको बजार बढ्दो थियो भने अहिले ओरालो लागेको अवस्था छ', कोकाकोलाका बजार व्यवस्थापक बताउँछन्। यसबीच चिसो पेयप्रतिको धारणा भने बदलिएको छ।

आकर्षक विज्ञापन पस्किएर र पुरस्कारहरू राखेर ग्राहकको मन तान्ने काम भएको छ, केही वर्षदेखि। युवाहरूलाई प्रयोगका लागि पनि यसैले बढी प्रोत्साहित गरेको छ। युवाहरूलाई लक्षित समूह मानेर पेयपदार्थको बिक्री वितरण गर्दै आएका छन् कम्पनीहरूले। सफ्ट ड्रिङ्सदेखि अल्कोहलयुक्त ड्रिङ्सको प्रयोग गर्ने लक्षित वर्गसमेत युवा नै परेका छन्। यसले आधुनिक जीवनस्तरको प्रतिनिधित्व गर्छ। २९ भन्दा कम उमेरका युवाहरू नै अल्कोहलयुक्त चिसोका लागि लक्षित समूह हुन् भने सफ्ट पेयको प्रयोगमा गृहिणीहरू अग्रस्थानमा छन्। सहरीक्षेत्र हल्का तथा अल्कोहलयुक्त पेयको प्रमुख बजार मानिन्छ। अन्य मुलुकमा जस्तै इनर्जी ड्रिङ्स तथा अन्य पेयको उत्पादन नेपालमा नभएका कारण पनि विशेष गरी बियर प्रयोग गर्नेको संख्या बढ्दो छ। बियरभन्दा कम अल्कोहलयुक्त पेयहरू नेपालमा छैनन्।

## राजस्वमा चिसो

बदलिँदो युवा पुस्ताले अहिले बियरलाई समेत झन्डै सफ्ट ड्रिङ्समा गन्न थालिसकेकको छ। आगो तापेर चिसो बियर प्रयोग गर्नेहरूको संख्या पनि बढ्दो छ। बिहान उठ्नासाथ अल्कोहलयुक्त तर सफ्ट पेयमा गनिने बियरको प्रयोग हुन थालेको छ नेपालमा। यसले के जनाउँछ त ? गोरखा ब्रुअरीका सुरेन्द्र सिलवाल भन्छन्, 'नेपाली उपभोक्ता अब अनुशासित भएर अल्कोहल प्रयोग गर्न अभ्यस्त छन्।'

बढ्दो बजारीकरणसँगै नेपाली अर्थतन्त्रमा समेत विशेष गरी बियरले ठूलो भूमिका खेलेको छ। अन्य हल्का पेयभन्दा पैतालीस गुणा बढी बियरले राजस्व तिरे पनि उपभोक्ताले अन्य हल्का पेयजस्तै बियरलाई लिन थालेको बताउँछन्, सिलवाल।

राजस्वबापत अन्य कोक तथा पेप्सी, रियल, रियोले प्रतिलिटर एक रुपैयाँ तिर्नु पर्छ भने बियरले प्रतिलिटर ४५ रुपैयाँ। बियरले मात्र प्रतिवर्ष सरकारलाई १ अर्ब ३० करोड राजस्व बुझाउँदै आएको छ भने यसको तुलनामा अन्य सफ्ट पेयपदार्थले कम राजस्व बुझाउँदै आएका छन्। ■








एन्फा अध्यक्ष गणेश थापा



सातदोवाटोस्थित एन्फा कम्प्लेक्स

तस्बिरहरू : तेजबहादुर बस्नेत


# एन्फामा चरम अनियमितता

**दाजु कमल थापा राजाको गृहमन्त्री भएको अवसरको फाइदा उठाउँदै गणेश थापाले कतिसम्म मण्डले प्रवृत्ति देखाए भने लामो समयदेखि उनको नीतिप्रति असहमति जनाउदै आइरहेका काठमाडौं क्लबका अध्यक्ष सञ्जीव मिश्रलाई 'ए' श्रेणीको सहिद स्मारक लिगको खेल रंगशालाबाट हेर्न प्रतिबन्ध लगाएर नागरिक हककै खिल्ली उडाए ।**

■ **नवीन अर्याल/काठमाडौं**

**राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा** प्रजातन्त्रप्रति प्रतिबद्ध राजनीतिक दलहरूलाई बदनाम गर्दै राजदरवारको चाकडी बजाउन व्यस्त खेलकुद पदाधिकारीहरू अहिले विस्तारै आफ्नो रंग फेर्न उद्यत छन् । माघ १९ पछि राजा ज्ञानेन्द्रको सक्रिय शासनमा नेपाली खेलकुदमा अचाक्ली राज गरेका अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष गणेश थापा आफूलाई लोकतन्त्रको सबैभन्दा ठूलो हिमायती भएको प्रमाणित गर्न अहिले एमाले नेता उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री खड्ग ओलीको वरिपरि घुम्न थालेका छन् । गत वर्ष काठमाडौंमा भएको प्रेसिडेन्टकप फुटबल प्रतियोगितामा युवराज पारससहित शाही नातेदार र दरवारनिकट व्यक्तिहरूलाई खुसी पार्न सात राजनीतिक दल र माओवादीलाई आतंकवादीको कित्तामा राखेर एउटा सांकेतिक नाटक रंगशालामा मञ्चन गराएका थापाले राजमुकुटको छत्रछायाँले सबै पराजित भएको देखाउन भुलेका थिएनन् । शाह शासनभरी उनी फुटबलको कुनै पनि कार्यक्रममा राजमुकुट र युवराज पारसको सदिच्छा र निगाहले नेपाली फुटबल चलिरहेको भन्न भुल्दैनथे ।

शाही नातेदारहरूलाई धनुष्टंकार गर्दै फुटबलमा आफूले गरेको करतुत लुकाउने अभियानमा जुटेका थापाले दरवारको चाकडी बजाउन आफूले सुरुमै घोषणा गरेका पुरस्कार र वार्षिक क्यालेन्डरमा सार्वजनिक भएका


अखिल नेपाल फुटबल संघ
२०६२ आषाढ मसान्त सम्मको
कार्यक्रम संचालन खर्च

२०६२ सालमा कोकाकोला कप आयोजना नभए पनि खर्च विवरणमा देखाइएको छ ।

फुटबल प्रतियोगिताको आयोजना युवराज पारसको हकुमले नै सम्भव भएको भन्न समेत लजाउँदैन थिए । उनले यो अवधिमा दशरथ रंगशालालाई आफ्नो पेवा नै बनाएका थिए । आफूले मन नपराएको व्यक्तिलाई रंगशालामा छिर्नसमेत दिएका थिएनन् । दाजु कमल थापा राजाको गृहमन्त्री भएको अवसरको फाइदा उठाउँदै कतिसम्म आफ्नो मण्डले प्रवृत्ति देखाए भने लामो समयदेखि उनको नीतिप्रति असहमति जनाउँदै आइरहेका काठमाडौं क्लबका अध्यक्ष सञ्जीव मिश्रलाई 'ए' श्रेणीको सहिद स्मारक लिगको खेल रंगशालाबाट हेर्न प्रतिबन्ध लगाएर नागरिक हककै खिल्ली उडाए ।

'कुनै पनि प्रजातान्त्रिक देशमा नीतिगत मतभेदकै कारण खेलकुदजस्तो विशुद्ध मनोरञ्जनात्मक कुरामा त्यस्तो विभेद गर्ने नेपाल सम्भवतः पहिलो राष्ट्र होला', मिश्र अहिले पनि दुखेसो पोख्छन् । १९ दिन लामो जनआन्दोलनले प्रतिनिधिसभा पुनःस्थापना भएपछि विदेशी डलरमा मोज गरिरहेका थापाले आफूमाथि कारबाही हुने डरले यति बेला संघका केन्द्रीय सदस्यहरूलाई नेता रिझाउन परिचालन गरिरहेका छन् ।

२०५१ सालमा एमाले समर्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)का तत्कालीन सदस्य-सचिव केशव स्थापितको निगाहले थापा एन्फा अध्यक्षमा मनोनीत भएका थिए । त्यसको सात महिनापछि २०५२ साल असोज २७ गते होटल आर्किडमा थापा निर्वाचित अध्यक्ष बनेका थिए । यो १० वर्षको अवधिमा थापाले


संघको केन्द्रीय समितिमा राजनीतिक दलसँग निकट व्यक्तिहरूलाई लगातार मनोनयन गरेर मौकाअनुसार चौका हान्ने नीति अवलम्बन गरेको कोहीबाट लुकेको छैन । 'उनी अवस्था हेरेर काम गर्न खप्पिस छन् । कांग्रेस शक्तिमा आयो, कांग्रेस निकट व्यक्तिलाई परिचालन गर्ने । एमाले आयो, एमाले निकट व्यक्तिलाई परिचालन गर्ने र राजाको सक्रिय शासनमा आफै सक्रिय हुने गरेका छन्', नेपाल फुटबल संघमा लामो समय काम गरेका एक पूर्व पदाधिकारी भन्छन् । उनले आफ्नै मातहतमा निर्वाचन गरेका पछिल्ला तीन निर्वाचनमा सधैं एउटै व्यक्ति सर्वसम्मतले निर्वाचित हुनुले पनि यो कुरा पुष्टि हुन्छ ।

## आर्थिक अनियमितता

अखिल नेपाल फुटबल संघ (एन्फा)को अध्यक्षमा मनोनीत भएको एक दशक लामो कार्यकालमा गणेश थापाले फुटबलमा आफ्नो साम्राज्य नै खडा गरेका छन् । उनको कार्यसमितिमा एकाउन्टेन्ट पद भए पनि एन्फाको हिसाब किताबका बारेमा उनीभन्दा जानकार अहिले पनि कोही छैन एन्फामा । अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा), एसियाली फुटबल महासंघ (एएफसी) र हितैषी छिमेकी राष्ट्रहरूबाट फुटबल विकासको नाममा करोडौं रुपैयाँ नेपाल भित्रिए पनि एन्फाले अहिलेसम्म विदेशबाट आउने रकम सार्वजनिक गरेको छैन । 'कारण एउटै हो, विदेशी पैसामा मोज लुट्ने', नाम नछाप्ने सर्तमा एक पूर्व राष्ट्रिय खेलाडी छोटो तर सटीक उत्तर दिन्छन् ।

फिफाको रेकर्ड खातामा एन्फाको विस्तृत ठेगाना विशालनगरस्थित आफ्नै घर र फ्याक्स नम्बर राखेका कारण नेपाली फुटबलका लागि विदेशबाट आउने आर्थिक सहयोगको बारेमा थापा बाहेक अरूलाई कमै थाहा हुने उनको तर्क छ । नेपालले सन् १९९९ देखि वार्षिक २ लाख ५० हजार अमेरिकी डलर फाइनान्सियल एसिस्टेन्ट प्रोग्राम (फाप)अन्तर्गत फिफाबाट अनुदान पाउँदै आएको छ । एएफसीबाट एन्फामा आउने वार्षिक अनुदानको रकम अझैसम्म एन्फाले गोप्य राखेको छ । एन्फाले २०६२ असार मसान्तको बजेट गत भदौमा आफ्नो साधारणसभामा पेस गर्दा एएफसीबाट १ करोड ४४ लाख अनुदान पाएको सार्वजनिक गरेको थियो । तर, यो रकम काठमाडौंमा भएको एएफसी प्रेसिडेन्टकपको लागि आएको हो कि एएफसीले वार्षिकरूपमा पठाउने अनुदान हो, त्यो एन्फाले वार्षिक बजेटमा स्पष्ट पारेको छैन । एएफसीको भिजन एसियाअन्तर्गत एएफसी प्रेसिडेन्टकप आयोजना भएको एसियाली फुटबल संघले बताउँदै आइरहेको छ भने यो प्रतियोगिताका लागि सबै खर्च एएफसीले नै व्यहोरेको थियो । रंगशाला मर्मतका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले २९ लाख रुपैयाँ सहयोगस्वरूप एन्फालाई प्रदान गरेको थियो । एन्फाले आफ्नो वार्षिक प्रतिवेदनमा रंगशाला मर्मतका लागि २० लाख मात्र खर्च भएको जनाए पनि अहिलेसम्म खर्चको हिसाब मन्त्रालयलाई नपठाएको परिषद्का एक कर्मचारी बताउँछन् । यसैगरी हिसाबमा टिकट बिक्री र प्रायोजकबाट ४० लाख आम्दानी भएको बताइएको छ । दुई वर्षअघि एन्फाको आर्थिक अनियमितताको समाचार एक राष्ट्रिय दैनिकमा प्रकाशित हुँदा त्यो समाचार लेख्ने पत्रकारले रंगशालामै पिटाइ खाएका थिए ।

एन्फाले २०६२ सालको वार्षिक बजेट ५ करोड २८ लाख सार्वजनिक गरेको थियो, जसमा ४ करोड ९४ लाख खर्च देखाइएको छ । उक्त बजेटमा देखाइएका धेरै बुँदा हचुवाको भरमा सार्वजनिक गरिएको छ । राष्ट्रिय खेलाडीहरूको तलब मासिक २ हजारको दरले वार्षिक ४ लाख रुपैयाँभन्दा बढी हुनु पर्नेमा १ लाख ८० हजार मात्र देखाएर अरू शीर्षकमा बाँकी हिसाब मिलाउन खोजिएको छ । एन्फा विवादका कारण



फिफाले अडिट रिपोर्टमा अनियमितता भएको ठहर गर्दै थापाको घरको ठेगानामा पठाएको पत्र ।

२०५७ सालदेखि आयोजना नै नभएको एन्फा कोकाकोला कप फुटबल प्रतियोगिताको शीर्षकमा खर्च भएको देखाएर एन्फामा कति हदसम्म लुट छ भन्ने उदाहरण प्रस्तुत गरेको छ ।

एन्फाले सन् २००० मा फिफामा पठाएको हिसाबको अडिट रिपोर्ट हचुवाको भरमा बनाएको बताउँदै फिफाको फाइनान्सियल कमिटीले सन् २००३ मा नेपालले पाउने फापअन्तर्गतको रकमबाट दण्डस्वरुप ८ हजार ४ सय ४ अमेरिकी डलर कट्टा गरेको थियो ।

लैंगिक समानताका लागि फिफाले सन् २००३ देखि लागू हुने गरेर फापअन्तर्गत पठाएको २ लाख पचास हजार अमेरिकी डलरबाट ४ प्रतिशतले खर्च गर्नु पर्ने किटान गरे पनि एन्फाले त्यसअनुरूप कहीं कतै खर्च गरेको देखिएको छैन । फिफाले वार्षिक १० हजार अमेरिकी डलर महिला फुटबलमा खर्च गर्नु पर्ने अनिवार्य तोकेको छ, तर नेपालमा अन्तरविद्यालयको नाममा वर्षको एकपल्ट मात्र महिला फुटबल हुने गरेको छ । यसका लागि पनि एन्फाले जापान फुटबल संघ र शिक्षा तथा खेलकुद मन्त्रालयबाट विशाल सहयोग लिंदै आइरहेको छ । अन्तरविद्यालय छात्रछात्रा फुटबलका लागि गत वर्ष जापान फुटबल संघले एन्फालाई १४ लाख ८० हजार सहयोग गरेको थियो । यसैगरी शिक्षा तथा खेलकुद मन्त्रालयले पनि १५ लाख ८० हजार सहयोग गरेको थियो ।

एन्फाको खर्च विवरणमा करिब ३० लाख बजेट भएको अन्तरविद्यालय छात्रछात्रा फुटबल प्रतियोगितामा १५ लाख रुपैयाँ मात्र खर्च भएको स्पष्ट देखाइए पनि बाँकी १५ लाख रुपैयाँका सम्बन्धमा कतै उल्लेख गरेको पाइँदैन । यस्तै, फापअन्तर्गत १० हजार अमेरिकी डलरको हिसाब कुनै शीर्षकमा पनि उल्लेख गरिएको छैन । यी त साधारण शीर्षकमा भएको खर्चको हिसाबकिताब मात्र हुन् । एन्फामा पेस गरेको वार्षिक बजेटको हिसाबकिताब मिलान गर्ने हो भने कहाँ र कति अनियमतिता भएको छ, त्यो स्पष्ट हेर्न सकिन्छ ।

'थापाले कहिल्यै पनि बजेट सार्वजनिक गरेका छैनन् । त्यसैले सरकारले यसलाई गम्भीरताका साथ लिई छानबिन सुरु गरोस् भन्ने चाहन्छु', मिश्र बताउँछन् ।

खेलकुद परिषद्को विधानअनुसार कुनै पनि प्रतियोगिता आयोजना गर्नुअघि यसको अनुमानित बजेट र प्रतियोगिता सम्पन्न भएपछि खर्चको विवरण सार्वजनिक गर्नु पर्ने प्रावधान छ, तर एन्फाले प्रतियोगिता आयोजनामात्र होइन सम्पन्न गर्दा पनि कहिल्यै बजेट सार्वजनिक गर्ने गरेको छैन ।

## फुच्चेहरूको बेहाल

खेलाडीहरूलाई चाहिने पौष्टिक आहारा र आवश्यक उपचारको अभावमा एन्फाको महत्त्वाकांक्षी एकेडेमीमा रहेका फुच्चे खेलाडीहरूको अवस्था बेहाल छ । एन्फाले आफ्नो वार्षिक बजेटमा एन्फा एकेडेमी सञ्चालनका लागि गत वर्ष ४५ लाख रुपैयाँ खर्च भएको बताएको छ । युथ प्रोजेक्टका लागि एन्फाले यत्रो ठूलो रकम खर्च भएको रिपोर्टमा दर्साए पनि रकम खर्च गरिएको अनुपातमा राम्रा खेलाडी उत्पादन हुन सकेका छैनन् । पहिलो ब्याचमा ५-६ जना गतिला खेलाडी जन्मिए पनि दोस्रो ब्याचमा सन्दीप राई र निराजन खड्काको रूपमा दुईजना मात्र नाम चलेका खेलाडी जन्मनुले एकेडेमीको सञ्चालनमा गम्भीर त्रुटि भएको देखिएको छ । एकेडेमीमा खानाको राम्रो व्यवस्था नभएको बताउँदै २०५९ सालमा बुटबलमा फुटबल सिकिरहेका फुच्चे केटाहरूले एकेडेमी छाड्ने निर्णय गरेका थिए ।

'एकेडेमीका फुच्चे खेलाडीहरूको अवस्था अहिले पनि त्यस्तै छ । सानैदेखि व्यवसायिक खेलाडी बनाउने उद्देश्यले एकेडेमीमा राखिसकेपछि एन्फाले उनीहरूको खानादेखि लिएर उपचार, तालिम र बसाइँमा पनि विशेष ध्यान दिनु पर्छ । अहिले पनि दालभातको भरमा खेलाडी उत्पादन गर्ने काम एन्फाले गरिरहेको छ', एन्फाले एकेडेमीमा राखिएका खेलाडीहरूलाई अन्य सर्वसाधारण मान्छेसरह व्यवहार गरेकोमा असन्तुष्ट एक प्रशिक्षक भन्छन् । ■

# अग्निपरीक्षामा

■ नवीन अर्याल/काठमाडौं

**अस्ट्रेलियाका** डच प्रशिक्षक गुस हिडिन्क, ब्राजिलका कार्लोस अल्बर्टो परेइरा र इङल्यान्डका स्विडिस प्रशिक्षक स्वाँन गोरान इरिक्सन मात्र होइन दुई सातापछि जर्मनीमा अठारौं विश्वकपको बिगुल फुक्दा अर्जेन्टिनाका जोसे पेकरम्यान, जर्मनीका जर्जेन क्लिन्सम्यान र चेक रिपब्लिकका कारेल ब्रुकनेरतर्फ पनि सारा विश्वको ध्यान तानिनेछ।

जुन ९ तारिख (जेठ २६ गते) देखि जर्मनीमा विश्वकप फुटबल सुरु हुँदै छ। यसपालिको विश्वकपमा कुन देशले बाजी मार्ने हो ठेगान छैन। फुटबल पण्डितहरूका अनुसार आगामी विश्वकपको सम्भावित विजयी टोली ब्राजिल, अर्जेन्टिना, जर्मनी, फ्रान्स, इटाली र इङल्यान्डमध्ये कुनै एक देश हुनेछ, तर उनीहरूले स्पेन, चेक रिपब्लिक, नेदरल्यान्ड र पोर्चुगलजस्ता युरोपेली देशको सम्भावनालाई पनि नकारेका छैनन्। निश्चय नै फुटबल अनिश्चितताको खेल हो। सन् १९९० को विश्वकपमा डिफेन्डिङ च्याम्पियन अर्जेन्टिनालाई पहिलो खेलमै अप्रत्यासितरूपले पराजित गरेको क्यामरुन होस वा सन् २००२ को विश्वकपमा डिफेन्डिङ च्याम्पियन फ्रान्सलाई हराएको सेनेगल, यी दुवै खेलले यही कुरा प्रमाणित गरेका छन्।

विश्वकप फुटबलको मिति नजिकिँदै जाँदा ३२ राष्ट्रको भाग्यमात्र होइन यति बेला ती देशको नेतृत्व गरेर जर्मनी आइपुग्ने प्रशिक्षकहरू अग्निपरीक्षाबाट गुज्रनु पर्नेछ। प्रशिक्षकको फितलो रणनीतिका कारण विगतका विश्वकपहरूमा उपाधिको दाबेदार मानिएका थुप्रै देशहरू पहिलो चरणबाटै बाहिरिएको दृष्टान्त फुटबल प्रेमीहरूमाझ ताजा नै छन्। त्यसैले दुई सातापछि जर्मनीमा सुरु हुन लागेको विश्वकप खेलाडीहरूका लागि मात्र नभएर ३२ राष्ट्रका प्रशिक्षकहरूका लागि पनि उत्तिकै कठिन बन्ने प्रस्ट छ।

जर्मनी विश्वकपमा कुन देशको प्रशिक्षकले बाजी मार्लान् त ? यो आफैमा कठिन प्रश्न हो। यद्यपि, यति हुँदाहुँदै पनि ब्राजिलका कार्लोस अल्बर्टो परेइरालाई सम्भावित नायकका रूपमा सबैले चित्रण गरेका छन्। फिफा वर्ष खेलाडी रोनाल्डिन्हो र रोनाल्डोको विश्वव्यापी प्रभाव, युवा स्ट्राइकर आद्रियानो र रोबिन्हो तथा अनुभवी काफु र रोबर्टो कार्लोसका कारण निकै बलियो मानिएको ब्राजिललाई अहिलेदेखि नै विश्वकपको प्रमुख दाबेदारको रूपमा हेरिएको छ। तर, विगतमा मारियो जागालो हुँदै लुइस फिलिपे स्कोलारीले ब्राजिली फुटबललाई दिलाएको सफलता यसपालि परेइराले दोहोऱ्याउन सफल होलान् त ?

परेइरा ब्राजिलेली फुटबलको मात्र नभई विश्व फुटबलकै सफल प्रशिक्षक हुन्। उनी चारवटा भिन्न देशबाट विश्वकपमा सहभागिता जनाउने बोरा मिलुटिनोभिकपछि दोस्रा हुन्। मिलुटिनोभिकले पाँच भिन्न देशबाट विश्वकपमा प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए। यद्यपि, परेइराले व्यवसायिक फुटबल खेलेका छैनन्, तर उनले ब्राजिल, कुवेत, संयुक्त अरब इमिरेट्स र साउदी अरबबाट विश्वकपमा प्रतिनिधित्व गरिसकेका छन्। उनले आफ्नो कुशल नेतृत्वमा ब्राजिललाई सन् १९९४ को विश्वकप दिलाइसकेका छन्। एसियाका तीनवटा राष्ट्र कुवेत सन् १९८२, संयुक्त अरब इमिरेट्स सन् १९९० र साउदी अरब सन् १९९८ को विश्वकपमा सहभागी हुँदा उनी ती-ती देशका प्रशिक्षक थिए।

सन् १९७० मा ब्राजिलले विश्वकप जित्दा परेइरा टोलीको फिटनेस ट्रेनर थिए। सन् २००२ को विश्वकपमा लुइज फिलिपे स्कोलारीको नेतृत्वमा ब्राजिलले पाँचौंपल्ट विश्वकप जितेर स्वेच्छाले राजीनामा दिएपछि परेइरा पुनः ब्राजिलेली टोलीको प्रमुख प्रशिक्षकमा नियुक्त भएका हुन्। खेलाडीको समायोजन र सैद्धान्तिक पक्षमा दखल राख्ने परेइरा भाग्यमानी प्रशिक्षकको रूपमा पनि चिनिन्छन्। उनले सन् २००३ मा ब्राजिलेली फुटबलको नेतृत्व सम्हालेपछि ब्राजिलले आफ्नो चिरपरिचित प्रतिद्वन्दी अर्जेन्टिनालाई दुईवटा ठूला प्रतियोगितामा नराम्रोसँग हराइसकेको छ।

जर्मनीमा सुरु हुन लागेको अठारौं विश्वकपमा सहभागिता जनाउन लागेको ३२ राष्ट्रमा १९ राष्ट्रका प्रशिक्षक कार्यरत छन्। जसमा ब्राजिल र नेदरल्यान्डका सर्वाधिक ४-४, फ्रान्सका तीन, क्रोएसिया, जर्मनी, स्विडेन र अर्जेन्टिनाका २-२ प्रशिक्षक विभिन्न देशमा नियुक्त छन्।

एसियाली राष्ट्र जापानमा ब्राजिलेली प्रशिक्षक जिको हुन वा साउदी अरबमा मार्कोस पाक्युटा, ब्राजिलका दुई प्रशिक्षक लुइज फिलिपे स्कोलारी र कार्लोस अल्बर्टो परेइरा यसअघि नै आफ्नो देशलाई विश्वकप जिताउने इतिहासबाट प्रख्यात छन्। स्कोलारी हाल पोचुर्गलमा आबद्ध छन्।

यतिमात्र होइन, उमेरले ६८ नेटो काटेका डच प्रशिक्षकद्वय गुस हिडिन्क र लिओ बिनहाकेरदेखि लिएर फ्रेन्च हेनरी मिचेल र जर्मनीका ओटो पेफिस्टर पनि यो विश्वकपमा आश्चर्यजनक नतिजा निकाल्ने दम राख्छन्। तीनवटा विश्वकपमा भिन्दाभिन्दै मुलुकको नेतृत्व गरेर प्रख्यात बनेका हिडिन्कले सन् २००२ को विश्वकपमा दक्षिणकोरियालाई ऐतिहासिक उपलब्धि दिलाएका थिए। अन्तर्राष्ट्रिय फुटबलमा मात्र नभई क्लब फुटबलमा समेत नाम कमाएका हिडिन्कले विश्वकप छनोट खेलमा अस्ट्रेलियाको उद्धार गर्दै ३२ वर्षपछि यो देशलाई विश्वकप खेल्ने सौभाग्य दिलाएका थिए। उनको प्रशिक्षकत्वमा सन् १९९८ को विश्वकपमा नेदरल्यान्ड सेमिफाइनल सम्म पुग्न सफल भएको थियो।

हिडिन्कसँगै यो विश्वकपमा नेदरल्यान्डका डिक एडभोकाट कोरियाली टिमको नेतृत्व सम्हाल्दै छन् भने सन् १९८० देखि १९९० सम्म अन्तर्राष्ट्रिय फुटबलमा छाएका पूर्व स्टार मार्को भान बास्टेन आफ्नै मुलुकको प्रशिक्षकमा नियुक्त छन्। पहिलोपल्ट विश्वकपमा छनोट भएको त्रिनिडाड एन्ड टोबाकोमा पनि डच प्रशिक्षक पाका उमेरका बिनहाकेर नियुक्त छन्। स्पेनको महँगो क्लब रियल म्याड्रिडको प्रशिक्षक रहिसकेका र प्रायः मुखमा चुरोट च्याप्ने बिनहाकेर





उपाधिको दावेदार मानिएको ब्राजिलेली टोलीका प्रशिक्षक अल्बर्टो परेइरा

१९९० को विश्वकपमा नेदरल्यान्डको प्रशिक्षक थिए। उक्त विश्वकपमा उनको सहायकका रूपमा एडभोकाटले काम गरेका थिए भने भान बास्टेन मैदानमा दौडिरहेका थिए। सन् १९९४ को विश्वकपमा नेदरल्यान्डको मुख्य प्रशिक्षक बनेर अमेरिका पुगेका एडभोकाटले त्यहाँ आफ्नो टोली क्वाटरफाइनलभन्दा माथि उक्लिन नसकेपछि पदत्याग गरेका थिए। गत वर्ष घरेलु मैदानमा भएको एक खेलमा दक्षिणकोरिया एसियाली प्रतिद्वन्दी साउदी अरबसँग पराजित हुन पुगेपछि पूर्व प्रशिक्षक जो बोनफ्रेरेलाई अवकाश दिँदै कोरियाले एडभोकाटलाई प्रशिक्षकमा नियुक्त गरेको थियो।

यही विश्वकपमा आठ वर्षदेखि लगातार अमेरिकी टोलीलाई सम्हाल्दै आइरहेका ब्रुस एरिनादेखि लिएर विश्वकप सुरु हुनुभन्दा सय दिनअघि विश्वकपमा पहिलोपल्ट सहभागिता जनाउन लागेको टुगोका जर्मन प्रशिक्षक पेफिस्टर पनि समावेश छन्। यस्तै आफ्नो खेल जीवनमा कहलिएका स्टार खेलाडीहरु, युक्रेनका ओलेग ब्लोकहिन, नेदरल्यान्डका भान बास्टेन र जर्मनीका क्लिन्सम्यानको प्रशिक्षकका रुपमा कठोर परीक्षा हुनेछ। भर्खरै ४१ वर्ष टेकेका विश्वकपका यी युवा प्रशिक्षकत्रय पहिलोपल्ट विश्वकपमा आ-आफ्नो देशको नेतृत्व गर्दै छन्, फेरिएको भूमिकामा।

पूर्व सोभियत संघका स्टार स्ट्राइकर ब्लोकहिन आफ्नो उत्कृष्ट खेलका लागि सन् १९७५ मा युरोपेली वर्ष खेलाडी घोषित भएका थिए। क्लिन्सम्यान १६ वर्षअघि जर्मनीले सन् १९९० को विश्वकप जित्दा टोलीको मुख्य सदस्य थिए। १०८ अन्तर्राष्ट्रिय खेलमा ४७ गोल गरिसकेका क्लिन्सम्यान पछिल्लो समय सपरिवार अमेरिकाको लस एन्जलसमा बस्दै आइरहेका थिए। खेलाडीको रूपमा सन् १९९० को विश्वकप जित्न सफल भए पनि, प्रशिक्षकको रूपमा विश्वकप जित्न भने फलामको चिउरा नै चपाउनु पर्नेछ जर्मनीका यी पूर्व स्ट्राइकरलाई। उनीसँग अहिलेसम्म न क्लब फुटबलमा प्रशिक्षण दिएको अनुभव छ न त ठूलो प्रतियोगितामा राष्ट्रिय टोली सम्हालेको अनुभव नै।

उनी मात्र होइन, युवा खेलाडीहरूलाई राम्रोसँग प्रयोग गर्न जान्ने प्रशिक्षकको रूपमा चिनिएका अर्जेन्टिनाका जोसे पेकरम्यान हुन् वा फ्रान्सका रेमोनड डोमिनेच र साउदी अरेबियाका ब्राजिली प्रशिक्षक मार्कोस पाक्युटा, यी प्रशिक्षकहरू पनि आगामी विश्वकपको अग्निपरीक्षाबाट गुज्रनु पर्ने निश्चित छ। पेकरम्यानको नेतृत्वमा अर्जेन्टिनाले युवा विश्वकप तीनपल्ट जितिसकेको छ।

पूरा नाम मार्कोस सिजर डियास कास्ट्रो भए पनि मार्कोस पाक्युटाको नामले चिनिने पाक्युटाको प्रशिक्षकत्वमा सन् २००३ मा ब्राजिलले एकै वर्ष विश्व च्याम्पियनसिपअन्तर्गत युथ-१७ र युथ-२० का दुई महत्त्वपूर्ण उपाधि जितेको थियो। फ्रान्सका रेमोनड डोमिनेच सन् १९९३ देखि नै फ्रान्सको युवा टोलीसँग जोडिएको नाम हो। उनकै कुशल प्रशिक्षणका कारण फ्रान्सले जिनेदिन जिदान, लिलियान थुराम, क्लाउडियो माकालेले, विलियम गालास, प्याट्रिक भियरा, थियरी हेनरी, डेभिड ट्रेजेग्वेट, निकोलास एनेल्का र डिजिब्रिल सिसेजस्ता स्टार खेलाडी पाएको छ। सन् २००४ मा फ्रान्सको प्रमुख प्रशिक्षकमा पहिलोपल्ट नियुक्त भएपछि रेमोनडले पहिलो काम नै जिदानलाई सन्यास फिर्ता लिन लगाएका थिए। जिदानको उपस्थितिमा रेमोनडको जादु सन् १९९८ मा एमी ज्याक्विटले फ्रान्सलाई पहिलो विश्वकप जिताउँदा जस्तो चल्छ कि चल्दैन ? यो पनि सबैका लागि कौतुहल बनेको छ।

यसपालिको विश्वकपमा घरेलु क्लब च्याम्पियनसिपमा नाम कमाएका इटालीका मार्सेलो लिपी, स्पेनका लुइस अरागोनेस र स्विस जोकाब कुहानको पनि उत्तिकै अग्निपरीक्षा हुनेछ। यसै वर्ष युभेन्ट्सलाई इटालियन सिरिएको उपाधि जिताएका लिपी हाल इटालेली लिगमा चर्केको 'म्याच फिक्सिङ' काण्डका कारण केही दबाबमा देखिएका छन्। यही जुलाईको अन्तमा ६८ वर्षमा प्रवेश गर्न लागेका अरागोनेस स्पेनिस फुटबलको आदरणीय प्रशिक्षक मानिन्छन। सन् १९६६ मा इङल्यान्डमा भएको विश्वकप टोलीमा समावेश रहेका स्विस प्रशिक्षक कुहानले ६४ अन्तर्राष्ट्रिय खेल खेलेका थिए।

इङल्यान्डका स्वाँन गोरान इरिक्सन, अमेरिकाका ब्रुस एरिना, स्विडेनका लार्स लाजेरब्याक र कोस्टारिकाका एलेक्जेन्ड्रे गुइमारेज दोस्रोपल्ट एउटै देशको प्रशिक्षकको रूपमा यो विश्वकपमा देखा पर्नेछन्। तर, के यी प्रशिक्षकले यसपल्टको विश्वकप जिताएर ती देशहरूलाई न्याय गर्न सक्लान् ?

तीन दशकदेखि क्लब फुटबलमा रमाएका स्विडेनका इरिक्सन केभिन किगनको पदत्यागपछि ५ वर्षअघि इङलिस टोलीसँग आबद्ध थिए। उनको नेतृत्वमा गत विश्वकपमा इङल्यान्ड क्वाटरफाइनलसम्म पुग्न सफल भएको थियो। ब्रुस एरिना विगत आठ वर्षदेखि अमेरिकी टोलीलाई सम्हाल्दै आइरहेका छन्। ब्राजिलमा जन्मिए पनि १२ वर्षको उमेरमा विश्व खाद्य संगठनमा काम गरिरहेका आफ्ना डाक्टर बुबासँग कोस्टारिका पुगेका गुइमारेज सन् १९९० को विश्वकपमा कोस्टारिकाको टिममा खेलाडीको रूपमा समावेश थिए। उनको प्रशिक्षकत्वमै सन् २००२ को विश्वकपमा कोस्टारिका उत्रिएको थियो। उनलाई अहिलेसम्मकै कोस्टारिकाको सफल प्रशिक्षकको रूपमा हेरिएको छ।

फ्रान्सबाट ५८ अन्तर्राष्ट्रिय खेल खेलिसकेका ५८ वर्षीय हेनरी मिचेलले सन् १९८६ मा फ्रान्स, सन् २००२ मा ट्युनेसिया र यसपालि पहिलोपल्ट विश्वकपमा छनोट भएको आइभोरी कोस्टको टोलीसँगै विश्वकपमा आफ्नो अनुभव छिचोल्नेछन्। विश्वकपका यी पाका र अनुभवी प्रशिक्षकसँगै ट्युनेसियाका फ्रेन्च प्रशिक्षक रोजर लेमेर, चेक रिपब्लिकका कारेल ब्रुकनेरको पनि अग्निपरीक्षा हुने पक्का छ। के यी प्रशिक्षकहरूले आगामी विश्वकपमा आफ्नो देशलाई न्याय गर्न सक्लान् ? ■






अस्ट्रेलियाका डच प्रशिक्षक गुस हिडिन्क

# किरातीको गौरव गाथा




**ओखलढुंगाको हुंगु** खोला किनारमा थिविमा नाउँकी महिला बस्थिन् । उनकी एउटी छोरी थिइन्, सुबिऊ । हुंगु किनारमै बस्ने चेचेरेकी पनि एउटी छोरी थिइन्, तर सुबिऊभन्दा अलि नराम्री । थिविमा सुबिऊलाई औधी माया गर्थिन् । एक दिन चेचेरेले थिविमालाई भनिन्, 'हामी आ-आफ्ना छोरीलाई हुंगुमा बगाऔं, यसो गर्दा उनीहरू कहिल्यै मर्दैनन् ।'

थिविमाले त्यसै गरिन्, तर चेचेरेले आफ्नी छोरी नभएर उनको पुतलामात्रै हुंगुमा फ्याँकेकी थिइन् । भोलिपल्ट छोरी खेलाउँदै गरेकी चेचेरेलाई देखेर थिविमाको मन कुँडियो अनि उनी विरहमा जल्दै हुंगु खोला किनारमा भौतारिन थालिन्, 'सुबिऊ-सुबिऊ' भन्दै । छोरीको वियोगमा थिविमा कालान्तरमा चरी भइन्, जसलाई अझै खोला किनारमा 'सुबिऊ-सुबिऊ' भन्दै तड्पिएको भेट्न सकिन्छ ।

मानव-मनको ईर्ष्या र छट्ट प्रवृत्तिलाई राम्रैसँग अभिव्यक्त गर्ने यो कथा पूर्वी नेपालको माझ किराँत क्षेत्रमा अझै लोकप्रिय छ । खाटाम्मा-६, भोजपुरका राजेश राईले 'थिविमा चरी'को कथा सुनेर 'च्व, च्व'मात्रै गरेनन्, त्यसलाई अक्षरमै उने ।

१८ वर्षीय राजेशले 'थिविमा चरी'जस्ता ४१ वटा लोककथा लिपिबद्ध गरी एउटा पुस्तक तयार पारेका छन् । प्रा. डा. नोवलकिशोर राईद्वारा प्रकाशित 'किराती लोककथा संग्रह'मा समावेश सबै कथा माझ किराँतकै सेरोफेरोका छन् । त्यसैले प्रत्येक कथाले यस क्षेत्रकै रिवाज, संस्कार र भावनालाई सम्बोधन गर्न खोजेको छ ।

राजेशले अक्षर दिएका लोककथाले किराँत संस्कारको प्रादुर्भाव, प्रभाव र अस्तित्व केलाउन खोजेका छन् । लिम्बुनी माछा र पायाचेन राजाको कथाले किराती पुराकथा स्थापित गर्ने प्रयत्न गरेका छन् । मुगाकी जलदेवी, साम्देयोङ गुफा, नागी, चिरखुवा खोला, साकेचोङ ढुंगा र खोक्चिलिपको घरजस्ता कथाले किराँत सभ्यताको विकास प्रक्रिया बुझ्न सजिलो पार्छन् ।

आठप्रे (आठपहरिया हुनसक्छ) राईको वाडाङ्मी चाड र केराको पात किराँत धर्म, संस्कार र जीवनशैलीका कथा हुन् । सबै कथा कुनै न कुनै रूपमा किराती सभ्यतासँगै जोडिन पुग्छन् । त्यसैले यो पुस्तक माझ किराँतको धार्मिक, सांस्कृतिक र सामाजिक पक्षको लिपिबद्ध स्वरूप हो । राजेशले यो पुस्तक तयार पार्न तीन वर्ष भोजपुर, धनकुटा, ओखलढुंगा, सोलखुम्बु र संखुवासभाका विभिन्न गाउँ चहारे । त्यसैले पुस्तकमा समावेश लोककथामा भौगोलिक एवं सांस्कृतिक विविधता पाइन्छ । उनले आफूलाई कथा सुनाउने अग्रजको नाम र ठेगानालाई पनि पुस्तकमा ठाउँ दिएर इमानदारी देखाएका छन् ।

राजेशले यो पुस्तकमार्फत आफूलाई किराँत लोकसाहित्यमा कलम चलाउने थोरै लेखकको श्रेणीमा उभ्याएका छन् । राजेशको पुस्तकमा भाषाको कमजोरी प्रस्टै भेटिन्छ । प्रा. डा. नोवलकिशोर राईले भनेझैं राजेशको पुस्तक पढेर नयाँ पुस्ताका किरातीले आफ्नो पुर्खाको गौरव गाथा बुझ्ने अपेक्षा गर्न सकिन्छ ।

■ **ओमआस्था राई**

# विशद् वैदिक धर्म




**स्वाद्ध्यायशाला, लाजिम्पाटले** 'वैदिक धर्म मूल रूपमा' भन्ने पुस्तक प्रकाशनमा ल्याएको छ । विद्या वाचस्पति (डी.लिट.) शिवराज कौडिण्न्यायनले आफ्नो लामो समयदेखिको अध्ययन एवं अन्वेषणलाई पुस्तकाकार दिएका छन् र उनलाई साथ दिएका छन्, स्वाद्ध्यायशालाकै विभिन्न सदस्यहरूले ।

शिवराज आचार्य लामो समयदेखि वैदिक दर्शन-साहित्य एवं संस्कृत तथा नेपालीभाषासम्बन्धी क्षेत्रमा लागेका भगीरथ हुन् । उनले आफ्नो खारिएको ज्ञान सर्वसाधारण जिज्ञासुदेखि विशिष्ट विद्वान्हरू सबैलाई काम लाग्ने किसिमले पस्केका छन् । लेखकले वैदिक कालदेखि प्रचलित विभिन्न सम्प्रदाय एवं वादहरूको विस्तृत चर्चा गरेका छन् । चार वेद, षड् वेदांग, ५६ स्मृति र अठार पुराण इत्यादि ग्रन्थको सार पुस्तकमा संगृहित छ । हिन्दु जीवन पद्धतिमा प्रमुख स्थान ओगटेका सोह्र (षोडश) संस्कार र ती सम्पादन गर्ने नियमका बारेमा गृह्य सूत्रोक्त परिचय पनि दिइएको छ । उपनिषद्मा वर्णित विवेक, वैराग्य, जीव, ईश्वर, निर्गुण, सगुण, ब्रह्म, माया, बन्धन लगायतका विषयमा सप्रमाण व्याख्या गरिएको छ ।

हिन्दु समाजमा प्रचलित विभिन्न चाडपर्वहरूको शास्त्रीय प्रमाणका आधारमा परिचय दिइनाले चाडपर्वबारे देखिएका विवाद निर्क्योल गर्न सहज देखिन्छ ।

संसारमा देखिएका विभिन्न वाद, धार्मिक मतहरू र सम्प्रदायको चर्चा गर्दै वैदिक धर्म-दर्शनको प्राचीनता, गम्भीरता र महत्ता बुझ्न प्रस्तुत ग्रन्थबाट सुगम हुने देखिन्छ । बौद्ध, जैन, सांख्य, योग, नैयायिक, वैशेषिक, कौमार, गाणपत्य, सौर, शाक्त, शैव, वैष्णव, आर्यसमाजी, प्रार्थनासमाजी, सन्त, कबिर, सिख, गोरखनाथ, साइबाबा, ब्रह्मकुमारी, इस्कोन, ब्रहमविद्यामण्डली, रामकृष्ण, मार्क्सवाद, रेयुकाई, सिन्तो, कन्फ्युसियस, ताओ, ड्रुविड, रोमक, यावन, हित्ती, यहुदी, आसिरिय, बैबिलोनिय, क्रैट, माया, मिश्रदेश्य, इस्लाम, क्रैस्ट, पारसी, चार्वाक मत लगायतका विभिन्न आध्यात्मिक एवं भौतिक वाद, सम्प्रदाय र मत बुझ्न किताबले सघाउँछ ।

वेद-वेदांग, स्मृति, पुराणको अध्ययन गर्न चाहने र त्यसको अनुसरण गर्न इच्छुक तथा तत्सम्बन्धमा विस्तृत जानकारी चाहने पाठकका लागि प्रस्तुत ग्रन्थ मेरुदण्ड सावित हुने देखिन्छ । ■



किताब : क्षितिज
विधा : उपन्यास
लेखक : लक्ष्मण श्रेष्ठ
पृष्ठ : १२९
मूल्य : रु. ४०/-
प्रकाशक : लेखक स्वयम्




किताब : सबैको प्यारो
लेखक : श्यामप्रसाद
पृष्ठ : ९५
मूल्य : रु. ४०/-
प्रकाशक : श्रीमती जनक चालिसे




किताब : निजामती सेवामा विमलप्रसाद कोइरालाका सत्ताइस वर्ष
सम्पादक : सूर्यप्रसाद कोइराला
पृष्ठ : ९९
मूल्य : रु. २००/-
प्रकाशक : हिम शिखर पब्लिकेसन





किताब : हाम्रो देश, हाम्रै भविष्य
लेखक : हरिभक्त बुढाथोकी
पृष्ठ : १२०
मूल्य : रु. ६०/-
प्रकाशक : विराज बुढाथोकी

**मर्ने बेलामा प्राण घाँटीमा अड्किएर छटपटाइरहेका स्वामीका हजुरबा भारतमा राज गर्ने अंग्रेजहरूको गोर्खाली फौजमा सिपाही थिए । जब भारतबाट अंग्रेज बिदा भएर गए तब यिनका हजुरबा अंग्रेजको भागमा परे ।**

# अन्तिम घिट्को

■ बालकृष्ण पोखरेल



**आज पाँचौं दिन थियो** स्वामी लामानन्द वाचस्पति मृत्युशय्यामा सुतेको, तैपनि उनको प्राण जान तयार थिएन । उनको वाक्य बसिसकेको थियो, तैपनि रुग्ण दृष्टिले हेर्दै थिए उनी सबैलाई ।

उनीद्वारा निर्मित कृष्णमन्दिरका प्रमुख स्वामी मथुरानन्द वाचस्पति रोउँलाझैँ गरी विद्याविभूषित भाषामा भन्दै थिए, 'हाम्रै भूलले गर्दा यति महान् आत्माले दुःख पाएका हुन् मर्ने बेला ।' यिनको नागरिक अभिनन्दन भएका दिन यिनले प्रस्ट बोलेका थिए, सृष्टिमा गुण र दोष जेमा पनि हुन्छ भनेर । 'राक्षसमा पनि राम्रा गुण खोजे पाइन्छन् र देउतामा पनि दोष हुन्छन्' भनेका थिए यिनले । आफू महात्मा घोषित भएकोमा यिनको विरोध थिएन, तैपनि यिनले आफ्ना पनि थुप्रै कमी-कमजोरी भएको बताएका थिए, अभिनन्दनका दिन ।

उनी आफ्ना दोष सार्वजनिक गर्न चाहन्थे त्यस दिन, तर हामीले मौकै दिएनौं यिनलाई । आफ्ना दोष सार्वजनिक गर्ने अन्तिम घिडघिडको पूरा नभएसम्मको लागि मान्छेको प्राण घाँटीमा अड्कन्छ भन्छन् । यिनको पनि त्यस्तै भएको हो । यसरी मर्ने बेलामा घाँटीमा अड्किएको प्राणलाई घिट्को भन्छन् । हो, यी महात्माको प्राण तबसम्म बाहिर निस्कनेछैन, जबसम्म यिनको सामुन्ने यिनका दोष सार्वजनिक हुँदैनन् । भन्नोस्, के-के थिए यिनका दोष ? उनले त्यहाँ भेला भएका थुप्रैसित प्रश्न गरे ।

नगरप्रमुखले जवाफ दिए, 'यी महात्मामा दोष हुनु अचम्म छ । हाम्रो नगरमा सोह्र कलेजका जन्मदाता हुन् यी । एउटा विशाल अस्पतालले हाम्रो नगरलाई उपचार गर्ने महापुरुष पनि यिनै हुन् । म त गुणैगुणका महासागर मान्दछु यिनलाई, यसैले यिनको घाँटीमा अड्किएको प्राणको घिट्कोको पछि कुनै अर्कै कारण हुनु पर्छ ।'

तर, नगरप्रमुखसँग सहमत भएनन् कृष्णमन्दिरका प्रमुख । उनले भने, 'मलाई पूरा विश्वास छ, हाम्रा महात्माको घिट्को घाँटीमा अड्कनाको कारण आफ्ना दोष सार्वजनिक गर्न नपाउनु नै हो । उनी दोष सार्वजनिक गर्न पाएका भए अहिलेसम्म उनी वैकुण्ठ पुगिसक्थे ।'

नगरप्रमुखको तर्क थियो, 'यो गलत कुरा हो । महात्मालाई कसले रोकेको थियो र दोष सार्वजनिक गर्न ?'

कृष्णमन्दिरका प्रमुखको उत्तर थियो, 'स्वामीजी बारम्बार भन्नुहुन्थ्यो नमागी दान वा भिक्षा लिनुमात्र कारण हो । हामी कसैले नसोधेको हुनाले दोष सार्वजनिक गर्न पाएनन् उनले । सोधून् भनी अभिनन्दनका दिन आफूमा दोष भएबारे सूचना दिएका पनि थिए । नसोध्नु हाम्रो ठूलो भूल थियो । त्यही भूलले गर्दा आज उनको प्राण घाँटीमा अड्किन पुग्यो । म आफूलाई नै दोषी मान्दछु यसमा ।'

मर्ने बेलामा प्राण घाँटीमा अड्किएर छटपटाइरहेका स्वामीका हजुरबा भारतमा राज गर्ने अंग्रेजहरूको गोर्खाली फौजमा सिपाही थिए । जब भारतबाट अंग्रेज बिदा भएर गए तब यिनका हजुरबा अंग्रेजको भागमा परे । यिनका पिताले जन्मदाताको इच्छानुसार डाक्टर हुने सौभाग्य पाए अनि अंग्रेजी सैनिक अस्पतालमा नियुक्त भए । त्यही अस्पतालकी अंग्रेज डाक्टरसित उनको प्रेम भयो । यसरी उनले बौद्धधर्ममा गहिरो आस्था राख्ने डाक्टर लामा र इसाई धर्ममा विश्वास गर्ने डाक्टर क्रिस्टिनाको छोरो हुने अवसर पाए । यिनी पनि डाक्टर हुन चाहन्थे ।

डाक्टरी जीवन पढ्दै थिए यिनी, परन्तु फोकल्यान्डको युद्धले यिनको जीवनमा ठूलो परिवर्तन ल्यायो । जब फोकल्यान्डको युद्धमा घाइते भएकाहरूको घाउमा मल्हमपट्टी लाइदिन खटिएर गएका यिनका बाबु-आमा शत्रुको प्रहारमा परी मारिए तब उनले डाक्टरी पढ्न छोडेर हिन्दुधर्मको अध्ययन आरम्भ गरे । केही वर्षभित्रै यिनी बर्लिन विश्वविद्यालयबाट संस्कृत भाषाका प्रकाण्ड वाचस्पति हुन समर्थ भए । उनले बौद्धधर्मावलम्बी हुँदा आफ्नी क्रिस्चियन आमाको आत्मा असन्तुष्ट हुने अनि क्रिस्चियन हुँदा आफ्ना बौद्धधर्मावलम्बी पिता डाक्टर लामाको हृदय कुण्ठित हुने ठानी आफूलाई नियमानुसार हिन्दु साधु तुल्याए । हिन्दुधर्मको वैष्णव मार्गमा ती दीक्षित भएर तिनको सम्प्रदायी नाम स्वामी लामानन्द वाचस्पति राखियो । उनी यसरी विदेशमा अंग्रेजी, जर्मन र संस्कृतमा हिन्दुधर्मबारे धारावाहिक रूपमा बोल्न सक्ने साधु बने ।

उनले जानेका अरू भाषा थिए, नेपाली, गुरुङ अनि तिब्बती । स्वामीजी हिन्दु भए पनि उनी

साकारी नभई निराकारी थिए, भन्नाले उनी मूर्तिपूजक थिएनन् ।

धनको कुनै कमी थिएन स्वामीसित, उनी निकै दह्रा थिए आर्थिक दृष्टिले । उनी विश्वासको जुन कुवामा पनि अटाउँथे, तर उनले धर्मप्रचारको लागि रोजे पूर्वजहरूको भूमि नेपाल । नेपालमा पनि उनले रोजे पूर्वाञ्चल विकास क्षेत्रलाई र आफ्नो केन्द्र बनाए विराटनगरलाई । उनी मूर्तिपूजाका समर्थक नभएकाले पहिले त यिनलाई हिन्दुहरूले कुइरेको दलाल ठाने, तर जब एकपछि अर्को गर्दै यिनले विराटनगरको आसपासमा जम्मा सोह्र कलेजको निर्माण गरे अनि यिनी आदर्श हिन्दु ठहरिए । यिनले विराटनगरमा एउटा अस्पताल पनि निर्माण गरे । यिनका सबै कलेज र अस्पतालका प्रमुख थिए सबै महिलाहरू । यिनको एउटा कृष्णमन्दिरका प्रमुख पुरुष थिए, जोसँग नगरप्रमुखको बहस चल्यो निकै बेर ।

परन्तु जितहार हुन सकिरहेको थिएन ती दुईको । उता छटपटाइरहेका थिए, स्वामीजी प्राण घाँटीमा रोकिएकाले । अन्तमा एक मनोपचारकलाई बोलाइयो र विस्तारपूर्वक स्वामीजीबारे बताइयो ।

मन्दिर प्रमुखले मनोपचारकलाई भने, 'डाक्टर साहेब, मलाई लाग्छ, दोष सार्वजनिक गर्न नपाउनु नै महात्माको छटपटीको कारण हो ।'

नगरप्रमुखले खण्डन गरे, 'हैन, डाक्टर साहेब ! यो कारण हुनै सक्दैन । यी महात्माको छटपटीको कारण अर्कै केही हुन सक्छ ।'

एकछिन परिस्थिति अध्ययन गरी मनोपचारक बोले, 'नगरप्रमुखज्यू, मलाई माफ गर्नोस् किनभने जित तपाईंको हैन, मन्दिरप्रमुखको होलाभैंm छ यस मामिलामा ।'

यो सुनेर जंगिए नगरप्रमुख, 'मेरो हार हुनु असम्भव छ । डाक्टर साहेब, तपाईंलाई थाहा छैन, कत्रा महापुरुष आज छटपटाइरहेका छन् मृत्युशय्यामा ।'

मनोपचारकले सहज ढंगले जवाब दिए, 'नगरप्रमुखज्यू, तपाईंको कुरो असत्य हैन, तैपनि बिरामीको हेराइले भन्छ, उनी छटपट्याउनुको कारण मन्दिरप्रमुखले भनेबमोजिम मनको कुरो सार्वजनिक गर्न नपाउनु नै हो ।'

'के कुरो हो त त्यो ?', जंगिए नगरप्रमुख ।

मनोपचारकले भने, 'यस प्रश्नको उत्तर मन्दिरप्रमुखसँग पनि छैन । मेरा विचारमा यस प्रश्नको उत्तर केवल एकजनासित छ जसलाई महात्मा यस बेला एकटकले हेरिरहेका छन् ।'

सबैको दृष्टि त्यस व्यक्तिमा पर्‍यो, जसलाई मर्ने बेलामा पुगेर वाक्य बसिसकेका महात्माले हेरिरहेका थिए, ती व्यक्ति अरू कोही नभएर स्वामीजीबाट निर्मित अस्पतालकी प्रमुख डाक्टर राधा थिइन् । ती डाक्टरको धपक्क बलेको सुन्दर चेहरा यस बेला स्वामीजीको प्राण जान नसकेकाले त्रसित बनिरहेको थियो ।

नगरप्रमुखले हतारिँदै भने, 'डाक्टर राधा थाहा छ भने तपाईं नै दिनोस् हामीलाई यस प्रश्नको उत्तर । भन्नोस् किन छटपटाएका हुन् यी महापुरुष ?' मन्दिरप्रमुखको मुखबाट निस्केको आग्रह पनि समान थियो । उनी हात जोडेर भन्दै थिए, 'डाक्टर दिदी तपाईंले छिटोभन्दा छिटो भन्नुपर्‍यो, महात्मा किन त्यसरी छटपटाउनुभएको हो ? डाक्टर दिदी, पक्कै तपाईंलाई थाहा छ यसबारे । तपाईंलाई थाहा भएकैले होला, महात्मा तपाईंतिरै हेर्दै हुनुहुन्छ अझै । यो कुरो हामीलाई थाहा दिएकोमा मनोपचारकलाई धेरै धन्यवाद छ ।'

धेरै शोकमग्न थिइन्, डाक्टर राधा, तैपनि उनी निर्भीकतापूर्वक बोलिन्, 'मन्दिरप्रमुख मलाई अवश्य थाहा छ, स्वामीजीको आँखाको त्यो भाषा । अवश्य केही आशा गरिरहेका छन् मबाट ती आँखाले । केही कुरो भन्नु थियो, उहाँले आफ्नै मुखबाट तपाईंहरूलाई, तर भन्न भ्याउनुभएन उहाँले । हो, ठिक हो साइकियाट्रिस्टले भनेको । मैले चाहेँ भने भन्न सक्छु त्यो, तर स्वामीजीबाट निर्मित सोह्र कलेजका प्रिन्सिपल बहिनीहरूको अनुमतिविना यो भन्ने अधिकार मेरो छैन ।' यसो भनेर ती सोह्रजना प्रिन्सिपलतिर डाक्टर राधाले औंल्याइन् ।

ती सोह्रजनामध्ये एउटीले उठेर उत्तर दिइन्, 'हामी सोह्र बहिनीहरू तयार छौं तपाईंको मुखबाट कटु सत्य सुन्न ।'

राधाले भनिन्, 'धन्यवाद छ, रुक्मिणी बहिनी ! धेरै धेरै धन्यवाद छ, तिमीलाई । ठिक छ, अब म तयार छु हाम्रा परमपूज्य स्वामी लामानन्दको जीवनको एक मात्र दोष पक्षको सार्वजनीकरण गरेर उनको महान आत्मालाई छटपटीबाट मुक्त गर्न । श्रद्धेय नरनारीहरू हो, हाम्रा महापुरुषको एक मात्र दोष पक्ष हो ईश्वरतुल्य भए पनि मझैं राधा र ती प्रिन्सिपलहरूझैं गोपिनीसित लसपसिनु । हो, अभिनन्दनका दिन यो कटु सत्य सार्वजनिक गर्ने इच्छा थियो उहाँको । परन्तु त्यस दिन यो सार्वजनिक हुन पाएन, तर त्यो सार्वजनिक नगरी मर्ने इच्छा थिएन उहाँको । यसैले म त्यस वेदनाबाट उहाँझैं महापुरुषलाई मुक्त गर्नको लागि कराएर भन्दै छु, 'हाम्रा महापुरुषका कमजोरी हामीझैं राधा, रुक्मिणी र गोपिनीहरू थियौं । हो, केवल हामी मात्र उहाँका दोष पक्ष थियौं ।' यति भनेर आदरपूर्वक उनले स्वामीजीलाई प्रणाम गरिन् । सोह्रजना प्रिन्सिपलले पनि त्यसै गरे ।

सबैले देखे, मृत्युशैय्यामा सुतेका स्वामीको अनुहारमा हर्षको ज्योति चम्कियो र उनले सदाको लागि आँखा चिम्लिए । डाक्टर राधा र उनका सोह्र बहिनीहरू डाँको छोडेर रुन लागे । त्यहाँ उपस्थित सबै पुरुष केही पनि निर्णय गर्न नसकेर अलमल परे ।

अन्त्यमा नगरप्रमुखले स्वामीजीको चरण स्पर्श गर्दै भने, 'हे महापुरुष ! म तिम्रो यो कमजोरी बिर्सन तयार छु । तिमीसित म सहमत छु महात्मा, देउताका पनि केही दोष हुन्छन् र राक्षसका पनि केही गुण हुन्छन् । हे महात्मा ! यसैले मेरो प्रणाम स्वीकार गर ।'

नगरप्रमुखका यी वचन छक्क परेर सुनिरहेका हुन्छन् सबै । ती छक्क पर्नुको एक मात्र कारण थियो त्यत्रो खोट प्रकाशमा आएपछि अब बदनाम हुने भइयो भनी पीर मान्ने थिए अरूहरू भए, तर... तर... तर यी त पीर मान्ने साटो उल्टै हर्ष प्रकट गरेर पो बिदा भए सबैसँग ।

कस्ता अनौठाका मान्छे त यी ! यही प्रतिक्रिया थियो प्रत्येकको । ■

# कुन बेला

■ **राजव**

आज हिटलर छैन
मुसोलिनी छैन
इदिअमिन छैन
जारहरू छैनन्
राणाहरू छैनन्
पिनोचे छैन
जियाउल हक छैन
तैपनि डर छ
किनभने शासकको मनभित्र
कुन बेला
हिटलर पस्छ
कुन बेला
इदिअमिन पस्छ
कुन बेला तानाशाहको हंस पस्छ
थाहा हुन्न
देशको राजनीतिको पहरा
चौबीसै प्रहर हुनु पर्छ
शासनमा हुने
कुन बेला
दुर्योधन हुन्छ
कुन बेला
चाउचेस्कु हुन्छ
कुन बेला
मार्कोस हुन्छ
कुन बेला
जियाउल हक हुन्छ
कुन बेला
जंगबहादुर हुन्छ
थाहा हुन्न
शासनमा हुने
कहिले मुसो हुन्छ
कहिले बिरालो हुन्छ
कहिले सिंह हुन्छ
कहिले स्याल हुन्छ
शासनमा हुनेको
अन्तर थाहा हुन्न
देशको राजनीतिको चौबीसै प्रहर
पहरा हुनु पर्छ
शासनमा हुने सधैं
खतरनाक हुन्छ । ■

**दोस्रो जनआन्दोलन पछि नेपाली संगीतको व्यवसायिक स्थिति न हर्षको छ न त रोदनको नै, तर व्यवसायीहरू विस्तारै गीतिचक्काहरूको व्यापार बढ्नेमा आशावादी छन् ।**



अनिल स्थापित



अच्युत कोइराला

पछिल्लो पुस्ताका अनिल सिंह र सुगम पोखरेलको क्रेज पनि बिस्तारै घटिरहेको छ

# खाँचो सांगीतिक नायकको

**नेपाली संगीतमा** नायकको अभाव भएको छ । नातिकाजी, शिवशंकर, नारायणगोपाल, प्रेमध्वज प्रधान, बच्चुकैलाश, दीप श्रेष्ठ, रामकृष्ण ढकाल, नवीन के भट्टराई र निमा रुम्बापछि अहिले नामबाट नै एल्बम चल्ने 'आइकन'को जन्म हुन सकेको छैन । राम्रा गायक त धेरै छन्, तर नायकीय छवि भएका गायकको अभाव छ अहिले ।

नेपाली संगीतको व्यवसायिक धारलाई आफ्नो स्वरको बलले सिंगो रूपमा प्रतिनिधित्व गर्ने नायकीय छवि व्यवसायिक संगीतमा पहिलो पटक नारायणगोपालको मात्र देखिएको थियो । उनको एल्बम २०४६ पछि यसरी बिक्यो, त्यो बिक्रीको रेकर्ड निकैपछि मात्र तोडिन पुग्यो । म्युजिक नेपालका अनुसार नारायणगोपालको 'संगीत यात्रा' भाग १ र भाग २ को बिक्री लभगग तीन लाख पुगेको छ ।

नारायणगोपालको निधन र रामकृष्ण ढकालको उदयमा लगभग आठ वर्षको समय लाग्यो । २०५४ सालमा 'आशा' एल्बमले देशको आधुनिक संगीतको बिक्री रेकर्ड राख्यो । म्युजिक नेपालले नै बजारमा ल्याएको यो एल्बम पहिलो वर्षमा नै एक लाखभन्दा बढी बिक्री भएको थियो । सबैको मुखमा 'ओराली लागेको हरिणको चाल भो...' झुन्डिएको थियो । रामकृष्ण यही गीतपछि नारायणगोपालको नयाँ अवतारमा गनिए ।

उनीसँगै हातेमालो गर्न आइपुगे नवीन के भट्टराई त्यही साल पहिलो एल्बम 'रहरै रहरमा' बोकेर । नयाँ स्वाद र शैली बोकेर आएका नवीनको 'आँखामा तिमीलाई...' गीत युवापुस्ताको सांगीतिक धडकन बन्यो । उनले युवापुस्तामाझ एकछत्र राज गरे यो बीचमा ।

तर नेपाली संगीतमा २०६० सालले कोल्टे फेर्‍यो । त्यही साल कर्ण दास उदाए 'पुरानो डुंगा' एल्बम लिएर । 'ठूला ठूला महल होइन...' चर्चित गीत बन्न पुग्यो । माओवादी समस्याले संगीत उद्योग विस्तारै ओह्रालो झर्न थाल्यो । विस्तारै एल्बम बिक्री संख्या अपत्यारिलो रूपमा झर्न थाल्यो । तथापि, लोकगीतको बजार अझै सुरक्षित थियो । यही बीचमा नयाँ आशा बनेर उदाए भगवान् भण्डारी र बद्री पँगेनी लोकदोहोरीका क्षेत्रमा, तर किन हो, दुई लाखको हाराहारीमा बिक्री हुने 'ससुरालीमा' र 'फूलमा भमरा'को खासै प्रसंशा गरेनन्, नेपाली मिडियाले । बरु उनीहरूको साटो पपसंगीतमा उदाएका नयाँ अनुहारहरू अनिल सिंह (गायक) र सुगम पोखरेल (वन एमबी)को चर्चा बढी भयो, जसको एल्बम मुस्किलले ५० हजार पनि बिक्री भएको थिएन । हल्लाखल्लाकै कारण अनिल र सुगमबाट श्रोताले निकै ठूलो आशा राखे । उनीहरूलाई नवीनको सांगीतिक धरोहर थाम्ने सही पात्रको रूपमा धेरैले चित्रित पनि गरे ।

२०६२ सुरु हुँदाहुँदै ती दुवैको आशा पनि मर्‍यो । सुगमका दुई एल्बमहरू 'हाइवे' र 'सूत्र' तथा अनिलको 'म्युजिक स्टेट' र 'अडियन्स'को असफलतासँगै श्रोता बरु ज्याप र हिपपतिर तानिए । यसै कारण हुन सक्छ, उति साह्रो चर्चा नपाउने गायनको अर्को विधा ज्याप र हिपहप यसबीचमा सुनिन थाल्यो ।

अहिले दोस्रो जनआन्दोलन पछि नेपाली संगीतको व्यवसायिक स्थिति न हर्षको छ न त रोदनको नै, तर व्यवसायीहरू विस्तारै गीतिचक्काहरूको व्यापार बढ्ने कुरामा आशावादी छन् । तर, बजारमा नयाँ व्यवसायिक जादू छर्ने जादुगरको अभावका कारण उति उत्साहित भने छैनन् ।

किनभने, विगत तीन वर्षदेखि सांगीतिक 'बक्स अफिस'का मसिहा मानिएका रामकृष्ण ढकालका एल्बम आशानुरूप चलेनन् । त्यस्तै स्थिति रह्यो नवीन के भट्टराई र निमा रुम्बाको पनि । निमाको 'फेथ'को असफलताले सबैलाई आश्चर्यमा पार्‍यो ।

विगत केही समयदेखिको संगीत उद्योगको यो स्थितिले सायद नयाँ सांगीतिक चेत र युग हाँक्ने नयाँ नारायणगोपालको खोजी गरिरहेको छ । त्यो खोज अहिलेकै पुरातन सोच र सिर्जनाले पूरा हुन सक्छ भन्ने कुरामा प्रशस्त शंका छ ।

■ **अच्युत कोइराला/काठमाडौं**

# सैतानको अन्त्य



ज्योति देवकोटा

**सयौं वर्षअगाडि** ड्र्याागनले राज गर्थ्यो सहरमा। अझै पनि यदाकदा यस्ता सैतानको राज चल्छ। ड्र्याागनको अर्थ सैतान हो, जसले समाजमा आफ्नै हैकम चलाउँछ। नियम लाद्न खोज्छ र आफूलाई सर्वशक्तिशाली ठान्छ। ड्र्याागनको आतंकले त्रसित भएको समाजले ऊविरुद्ध बोल्ने आँट गर्दैन। उसको चहलपहलले उग्र रूप लिन्छ तैपनि मान्छेहरू झन् निरीह बन्छन्। औंला निल्नबाट सुरु भएको उसको आतंकले ज्यान निल्न थाल्छ। सैतानका लागि सबै जायज र सामान्य हुन थाल्छ। एक्काइसौं सदीमा पनि यस्ता शासक देख्न मुस्किल छैन।

सानो राज्यमा साम्राज्य चलाइरहेको ड्र्याागनलाई हरेक वर्ष नयाँ रखैल चाहिन्छ। यस वर्ष अबोध युवती एल्साको पालो छ। ऊ ड्र्याागनको सामान व्यवस्थापनको जिम्मा लिएको नोकर कार्लमेन्जकी छोरी हो। उसले गरेको आदेशको शिरोपर नगर्ने कर्मचारीलाई जे पनि सजाय दिन सक्छ। छोरीलाई ड्र्याागनको रखैल बनाउन बाबुले सिँगारेर पठाउनु पर्छ।

ड्र्याागनको विरुद्धमा बोल्ने आँट कसैमा हुँदैन र यसैको आडमा उसले आफ्नो शासनलाई निरन्तरता दिन्छ। एक दिन स्वतन्त्रताको पक्षधर लेडक्लट आउँछ। समाजको सैतान मानिएको ड्र्याागनविरुद्ध गुम्सिएको आवाजलाई उसले प्रतिनिधित्व गर्छ। ड्र्याागनलाई विजय गरेर उसको निरंकुशता ढाल्छ र समाज स्वतन्त्र हुन्छ। नायक लेडक्लट भन्छ, 'हाम्रो समाजमा भएका प्रत्येक ड्र्याागनको खोजी गरेर उसको अन्त्य गर्नु पर्छ, उनीहरूको अन्त्यविना स्वतन्त्रता आउन सक्दैन।'

नाटकको विषय वस्तु यही नै हो, कलाकारहरूले नाटक प्रस्तुतीकरणमा देखाएको कौशलले नाटक उत्कृष्ट बनेको छ। समय सान्दर्भिक भएका कारण पनि नाटकले यतिविधि माया पायो। नाटकको प्रस्तुतीकरण र भावानुवाद प्रशंसनीय थियो। नाटकले देखाएको उत्कृष्टताको सम्मानमा विदेशी नियोगका विशिष्ट सदस्य तथा अन्य नाटकप्रेमीहरूको तालीले पाँच मिनेटसम्म हल गुन्जिरह्यो।

रूसी नाटकलाई नेपाली र विदेशी कलाकारहरूले अंग्रेजीमा कुशलताका साथ पस्केका थिए, होटल बज्रको नागा थिएटरमा। हामी जति कमजोर बन्छौं शासकहरु त्यसको फाइदा उठाउँदै शक्ति केन्द्रीकरण गर्छन्। यस्ता शासकबाट हामी सधैं सजग भइरहनु पर्छ। सैतानहरू निरन्तर जन्मिरहन्छन् उनीहरूको विरोधमा समाज सधैं सक्रिय रहनु पर्छ।

हो, खासमा सिंगो समाजलाई आतंकित बनाउन एउटा सैतानको उपस्थिति काफी हुन्छ। दैत्यहरूको तागत हामी जति निरीह भएर स्विकार्छौं उनीहरू त्यत्तिकै उग्र भएर हामीमाथि खनिन्छन्। निरीहपनकै फाइदामा सैतान झन् अन्धो हुन्छ। मानिस प्रत्येक पल त्यो स्विकार्न बाध्य बन्छ।

मानिसमा भएको सहन सक्ने क्षमतालाई सैतानहरूले कमजोरी ठान्छन्। हामीले प्रतिवाद गर्न जति समय लगाउँछौं सैतानहरू त्यति क्रूर भएर निस्कन्छन्, तर स्वतन्त्र हुन चाहने मानवीय स्वभावका अगाडि सैतानको अन्त्य अवश्यम्भावी हुन्छ। हाम्रो इतिहासले हामीलाई यही पाठ सिकाएको छ, निरंकुशताको अन्त्य अवश्य हुन्छ।

तर, एउटा सैतानको अन्त हुँदैमा अरू निस्किदैनन् भन्ने होइन। हामी यसैमा सजग रहनु पर्छ। नाटकले देखाउन खोजको विषय वस्तुभित्र यो सन्देश पनि छ।

पच्चीस वर्षदेखि लगातार उत्कृष्ट नाटकहरू मञ्चन गर्दैआएको स्टुडियो सेभेनले कालजयी नाटक 'ड्र्याागन' मञ्चन गर्दा अटेसमटेस हुने हलभित्र भरिएका पाहुनालाई आकर्षित मात्र गरेन, भर्खरै सकिएको नेपाली जनआन्दोलनको विजय पनि सम्झाएको थियो- निरीह बनेर स्तन्त्रता आउँदैन। नाटक एक महिनासम्म मञ्चन गरिने स्टुडियो सेभेनले जनाएको छ।

■ ज्योति देवकोटा/काठमाडौं




तेजबहादुर वस्नेत

## समर्पण इब्सेनलाई !

**विश्व रंगमञ्चमा** इब्सेनको नाम प्रयोगधर्मितालाई अगाडि बढाउने शिल्पीका रूपमा सम्झिइन्छ। उनले लेखेको 'डल्स हाउस'ले नाट्यकर्ममा नारीवाद भित्र्याएको थियो। काठमाडौंस्थित नर्वेली राजदूतावासले यिनै महान् नाट्यकर्मीको सयौं मृत्युदिवस हालै राजधानीमा मनायो, कविताववाचन र उनको चर्चित नाटक 'पियर गिन्स'मा आधारित ज्याज संगीत पस्केर।

नर्वेबाट इब्सेनकै शतवार्षिकी मनाउन काठमाडौं आएका र नेपालका सिर्जनाकर्मीले नयाँ बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा उनको सम्झना ताजा गरेका थिए। उनीहरूको मधुर ज्याज संगीतले श्रोतालाई मुग्धमात्र गरेन, यी महान् नाटककारको योगदानको पनि सम्झना गर्‍यो। ■

# पुराना सम्झना र कर्म–कुमार

**कर्म–कुमारको** ४० वर्ष पुरानो जोडी काठमाडौंमा आफ्ना नयाँ-पुराना सम्झना ताजा गरिरहेको छ। बीचमा १५ वर्षको वियोग सहेको यो जोडी झन्डै एक वर्षदेखि फेरि सँगै जुटेको छ आधुनिक नेपाली संगीतलाई अझ सशक्त बनाउने अभियानमा।

कर्म योञ्जन र कुमार सुब्बाको जोडीले नेपाली संगीतलाई थुप्रै लोकप्रिय रचना दिएको छ। यो जोडीका 'सारंगीको तारले मेरो मनको गीत गाउँछ' होस् वा 'हे फूल चुँडेर लाने हो'जस्ता पुराना गीतहरू नेपाली संगीतका गम्भीर श्रोताले सायदै बिर्सन सक्छन्! मनबहादुर मुखियाको नाटक 'अनि देउराली रुन्छ'मा सिंगारिएको कुमारको स्वर र कर्मको संगीत कसले भुल्न सक्ला?

जिन्दगीको चार दशक एकापसमा गहिरोसँग जोडिएका यी दुई दार्जीलिङे सज्जन नेपालीहरू यो साता नेपालयको पलेंटी शृंखलामा देखिनेछन्, श्रोतासँग आफ्नो माया र सम्बन्धको गाढापना सार्वजनिक गर्दै। यो जोडीले पहिलोपल्ट झन्डै ४० वर्षअघि कोलकातामा रेकर्ड गराएका गीतहरू 'सम्हाल पछ्यौरी...', 'सारा तारा...', 'फूलको माया नगर...'लगायत श्रोताको मनमा बसेका लोकप्रिय रचना गाउनेछ, पलेंटीमा।

कर्म बीचमा अस्वस्थता र विभिन्न पारिवारिक कारणले संगीतमा निरन्तर लाग्न सकेनन्, तर दार्जीलिङको सांगीतिक विभागका जागिरे कुमारसँग उनको प्रेम टुटेको थिएन। त्यसैले त, कुमारका जुनसुकै कार्यक्रममा कर्म अभिन्न अंगजस्तो बनेर पुगिहाल्थे। हुनत संगीत सिर्जनाबाट टाढिए पनि दार्जीलिङका जुनसुकै सांगीतिक कार्यक्रममा पुग्ने कर्मको स्वभाव नै छ, तर कुमारप्रति उनको माया स्वभाविकै गहिरो थियो। आठ वर्षअघि पहिलोपल्ट दार्जीलिङमा यो जोडीको एकल कार्यक्रम भएको थियो, जहाँ कर्मका सुमधुर संगीत र कुमारको खारिएको आवाजले श्रोता मक्ख परेका थिए।

अहिलेसम्म करिब ४० गीत सँगै सिर्जिसकेको यो जोडी केले गर्दा यति अटुट बन्यो त? समझदारी र संगीत गहिरोसँग बुझ्न सक्ने दुवैको क्षमता। 'कुमारलाई कुनै गीत गाउन दिएँ भने मैले चाहेकोजस्तै उसले गाइदिन्छ, मैले केही भनिरहनै पर्दैन। उसले मेरो भावना बुझ्छ', साथीको प्रशंसामा कर्म बोल्छन्। उता कुमार पनि कर्मको संगीतमा गाउन सहज ठान्छन्।

अहिले नयाँ रेकर्डको तयारीमा व्यस्त छन् कर्म-कुमार। 'मेरा दुईटा गीत रिमिक्स गर्न पनि अनुमति दिएको छु', पुराना गीत नयाँ ट्र्याकमा गाउनुलाई नराम्रो नमान्ने कर्म सुनाउँछन्। उता कुमार पनि नयाँ काममा उत्तिकै ध्यान दिइरहेका छन्। ■



तस्वीर : तेजबहादुर बस्नेत




## अब पनि नहोला ?

**लोकगीतमा कोमल** वलीको भाका कसलाई सुरिलो नलाग्ला? 'बाँझो खेतमा', 'मलमल किरी जूनकिरी', 'माया बस्यो जिरीबजारमा'जस्ता उनका लोकप्रिय भाका लोकगीत पारखीका मुखमा अझै झुन्डिरहेकै छन्। भरखरै कोमल लोकभाकाको नयाँ एल्बम लिएर बजारमा आएकी छन्, जसमा बिहे नभएको उनको आफ्नै मर्म स्वरांकन गरिएको छ। एल्बमको नामै छ- बिहे भा' छैन!

राजु परियारसँग मिलेर उनले गाएको यो लोकगीतले रसिक परामा बिहे नभएका युवतीहरूको मन छामेको छ। बिहे नभएकै युवतीले बिहेको भाका झिक्दा अरूलाई पनि कम्ता ढाडस हुँदो हो त? 'यो भाका मेरो वास्तविक जीवनसँग मेल खान्छ', कोमल दंग पर्दै सुनाउँछिन्। म्युजिक नेपालले हालै बजारमा ल्याएको ४२ मिनेटको यो एल्बममा दुईटा भाका छन्, बिहे भा'छैन र झ्यालका सिसा फुटेका।

झन्डै दुई दशकदेखि लोकगायनका क्षेत्रमा लागिरहेकी कोमलको परिचय भन्नु नै उनको सुरिलो स्वर र आकर्षक व्यक्तित्व हो। गीतहरूमा मिठो भाका र उस्तै हाउभाउमा प्रेम र सम्बन्धका कुरा गर्ने भएकैले पनि होला, उनका फ्यानहरू पनि कम छैनन्। पछिल्लो एल्बममा कोमलले 'बिहे भा'छैन भनेको सुनेर अझै कति युवक उनका पछि लाग्ने हुन्! ■

# कार्टुनजस्तै चित्र पनि



तेजबहादुर बस्नेत

दुर्गा बराल अथवा वात्स्यायन नेपाली कार्टुनका क्षेत्रमा कहलिएको नाम हो। लामो समयदेखि कार्टुनको बिँडो उनकै हातमा छ। राजनीतिक कार्टुनकारिताका बादशाहका रूपमा चिनिएका वात्स्यायन नेपाली चित्रकला क्षेत्रमा पनि आफ्ना उम्दा र खारिएका कलाकृतिका कारण चर्चित छन्। साल्भाडोर डालीबाट चित्रकलामा प्रभावित भएको बताउने वात्स्यायनलाई उहिल्यै नाटककार बालकृष्ण समले 'नेपाली साल्भाडोर डाली'को उपनाम दिँदा उनी कम्ती फुर्किएका थिएनन्।

चित्रकलामा अल्छी गर्दै अघि बढिरहेका भए पनि सामायिक कार्टुनमा उनको एकल साम्राज्य छ। लामो समय चित्रकारिताका लागि समय निकाल्न नभ्याए पनि पछिल्ला केही वर्ष उनी आफ्नो व्यस्त समयबाट केही समय निकालेर यसमा पनि ध्यान दिइरहेका छन्।

सानै उमेरमा मातृप्रेमबाट वञ्चित भएका उनी आमाहरूको अस्तित्वबोध गराउने अमूर्त चित्रहरूमार्फत फेरि एकपटक सार्वजनिक भएका छन्, लाजिम्पाटस्थित ग्यालरी नाइनमा। सामयिक कार्टुनमा जत्तिकै वात्स्यायनको खारिएको हात चित्रकारितामा पनि श्रेष्ठ रहेछ भनेर प्रमाणित गर्न उनको पछिल्लो प्रदर्शनी पनि पर्याप्त बनेको छ। ■

# डिजे रानी



तेजबहादुर बस्नेत

महिला भएर डिजे अर्थात् डिस्क जकीको क्षेत्रमा हाम फाल्ने प्रथम युवती हुन् उनी। राजेश्वरी थापाको नामले चिनिनुभन्दा डिजे पायलका नामले चिनिँदा उनलाई मजा लाग्छ। किन त ? 'यो मेरो व्यवसायिक नाम हो, यसैमा मेरो पहिचान छ', उनी भन्छिन्। अहिले क्रियाशील महिला डिजेहरूको नाम लिँदा अग्रपंक्तिमा आउँछ उनको नाम। दुई वर्षअघि बेंगलोरबाट आएको एउटा डिजेको टोलीमा उनीसहित चारजना महिला डिजे बन्ने धोको बोकेर तालिममा होमिएका थिए, तर उनीमात्र बाँकी रहिन्, डिजेका रूपमा यो क्यारियर अँगाल्ने।

चिटिक्क परेकी पहिरनमा हिँड्न रुचाउने उनले वैवाहिक जीवनका बारेमा सोच्न भ्याएकी भने छैनन्। 'म क्यारियरमा बढ्ता ध्यान दिइरहेकी छु, बिहेको बारेमा सोचेकी छैन', उनी भन्छिन्। दस जोड दुई सिध्याएर त्रिचन्द्रमा अध्ययनसमेत अगाडि बढाउँदै गरेकी उनको अबको लक्ष्य सफल डिजे बन्नु मात्र होइन, आफै म्युजिक उत्पादन गर्नु पनि हो।

नेपाली डिजेहरूको बजारमात्र सानो होइन, उनीहरूप्रतिको मानसिकता पनि साँगुरो छ। काठमाडौंबाहेक पोखरा र धरानमात्र अलिकति आसलाग्दा सहर हुन्, डिजेका लागि। पहिलो महिला डिस्क जकी बनेकी पायल भन्छिन्, 'विस्तारै पाश्चात्य संस्कृतिको प्रभावले नेपाललाई पनि छोएको छ, त्यसैले विस्तारै डिजेहरूको माग पनि बढ्दो छ।'

बुटवल, धरान, विराटनगर, पोखरामा गएर आफ्नो कला देखाएकी पायल अहिले स्वतन्त्र डिजेका रूपमा कार्यरत छिन्, तर व्यक्तिगतबाहेक व्यवसायिक पार्टीमा गएर आफ्नो कला प्रस्तुत गर्न भने पाएकी छैनन्, उनले। 'महिला हुँ, सुरक्षाको सवाल उठछ, त्यसैले राति व्यवसायिक भएर काम गर्न पाएकी छैन', उनी सुनाउँछिन्। ■






युवराज घिमिरे

## शून्य समय

# धर्मनिरपेक्षता आशंका र यथार्थ

**'धर्मनिरपेक्ष'** धर्मजस्तै अत्यन्तै सकारात्मक अवधारणा हो । त्यसको सारतत्त्व एउटै हो- राज्यले कुनै पनि धर्मप्रति समानरूपले टाढा या नजिकको सम्बन्ध राख्नु पर्छ र कुनै विशेष धर्मसँग राज्यको सत्ता या प्रभुत्वको दुरुपयोग गर्ने छुट हुनु हुँदैन । तर, धर्मनिरपेक्षता स्वयंमा सकारात्मक तथा प्रतिबद्धात्मक अवधारणा भएकाले त्यस्तो अवस्थामा हरेक नागरिक आफ्नो भिन्न आस्था र धर्मप्रति संवेदनशील र सकारात्मक हुनै पर्छ ।

प्रतिनिधिसभाले हालै हिन्दुराष्ट्रका रूपमा रहेको नेपाललाई 'धर्मनिरपेक्ष' घोषणा गर्दा अनेक आशंका उत्पन्न भएका छन् । निश्चय पनि सरकारले यति गहन निर्णयको अर्थ र आसय प्रस्ट नगर्नु उसको दूरदर्शिताको अभाव हो । त्यति महत्त्वपूर्ण निर्णय कागजमै सीमित नहोस् भनी ऊ सचेत भएको कुनै प्रमाण पनि अहिलेसम्म देखिएको छैन । त्यसैले धर्मनिरपेक्षता नेपालको सन्दर्भमा हिन्दु धर्मविरुद्धको निर्णय हो भनी प्रचार गर्ने र मुलुकलाई साम्प्रदायिकतातर्फ धकेल्ने प्रयास हुनसक्छ र सरकारले पर्याप्त गृहकार्य नगर्दा त्यसको फाइदासमेत त्यस्ता तत्त्वहरूले लिन सक्नेछन् ।

हिन्दुराष्ट्रकै रूपमा पनि प्रायशः नेपाली समाजको चरित्र र व्यवहार धर्मनिरपेक्ष रहिआएको छ । धार्मिक सहिष्णुता, जातीय सद्भाव आदि त्यस्तो चरित्रका उदाहरण हुन् । यद्यपि छुवाछूतजस्ता कुप्रथालाई दण्डनीय अपराधका रूपमा निरुत्साहित गर्ने प्रभावकारी कदमहरू नउठाइनु राज्य र समाज संरचनाको असफलता हो । धर्मनिरपेक्षताले कुनै विशेष धर्म या जात र वर्गको विशिष्टतालाई स्वीकार गर्दैन ।

विश्वमा 'धार्मिक' संस्थाहरूद्वारा राज्यशक्तिलाई नियन्त्रित या प्रभावित गरिँदा धर्मनिरपेक्षताको स्वर प्रखर हुनुका साथै त्यसैले सफल आन्दोलनलाई जन्माएको छ । सम्भवतः यसका प्रथम उदाहरण हाम्रै धर्तीपुत्र गौतमबुद्ध नै हुन्, जसले ब्राह्मण पुरोहितहरूको वर्चस्वलाई चुनौती दिँदै राज्य र धार्मिक संरचनामा आमूल परिवर्तन ल्याएका थिए, शान्तिपूर्ण तरिकाले । तर, उनको प्रतिरोधको शैली अहिंसा, त्याग र सहिष्णुतामा आधारित थियो । बुद्धकै मार्गलाई पछि महात्मा गान्धीले भारतीय स्वतन्त्रता आन्दोलनको नेतृत्व गर्दा अपनाएका थिए र त्यही आदर्शअनुसार स्वतन्त्र भारतलाई धर्मनिरपेक्ष घोषित गरिएको थियो । हिन्दुहरूको वर्चस्व चाहने नाथुराम गोड्सेले उनको हत्या गरेका थिए । युरोपेली इतिहासमा पनि यस्ता उदाहरण छन् । असहिष्णुता र कट्टरपन्थी 'चर्च'द्वारा राज्यमाथिको नियन्त्रणलाई फ्रान्सेली क्रान्तिले चुनौती दिएको थियो, सफलतापूर्वक । अमेरिकाले 'चर्च'लाई आदरसँग स्वीकार गर्दै आए पनि चर्चको 'डिक्टेट'लाई विभिन्न राष्ट्रपतिले अस्वीकार गर्दै आएका छन् ।

कतै कतै त शासितहरूको धार्मिक भावनामा राज्यद्वारा ठेस पुऱ्याउने काम हुँदा विद्रोह पनि भएका छन् । सर्वाधिक चर्चित उदाहरण भारतको 'सिपाही विद्रोह' वा 'पहिलो स्वतन्त्रता संग्राम' (१८५७ ई.) हो, जब अंग्रेजी शासनले बन्दुक सफा गर्दा मुख प्रयोग हुने भागमा 'गाईको बोसो' आपूर्ति गर्न थाल्यो । हिन्दु सैन्यहरूले यसको विरोध मात्र गरेनन्, अवज्ञा पनि गरे । त्यसैले धर्मको या




राम सराफ

धर्मनिरपेक्षताका नाममा धार्मिक आचरण, मान्यता र भावनाविरोधी गतिविधिलाई राज्य या कतैबाट दबाबका रूपमा प्रयोग भएमा विद्रोह हुन सक्छ ।

नेपालमा खासगरी असोज १८ यता र अझ बढी माघ १९ पछि हिन्दु धार्मिक कट्टरपन्थी र प्रजातन्त्र विरोधीका रूपमा देखापरेका राजा ज्ञानेन्द्रबीचको साँठगाँठ र सहकार्यले नयाँ रूप लिएको थियो । विश्व हिन्दु महासंघका अध्यक्ष राजाका एडिसी स्वयं भएको मात्र हैन, वीरगन्जमा आन्दोलनताका भएको विश्व हिन्दु महासंघको रजतजयन्तीमा सम्पूर्ण मन्त्रिपरिषद्सँगै सेना, सशस्त्र र प्रहरीप्रमुखलाई पनि उपस्थित गराइएको थियो । प्रजातन्त्रलाई हिन्दुहरूको विरोधको राजनीतिक पद्धतिका रूपमा चित्रण गरेका थिए, त्यहाँ ल्याइएका 'विद्वान्' साधुहरूले राजाको उपस्थितिमा । त्यो सम्मेलनको खर्चका लागि राजाको आदेशमा जर्नेल भरतकेशर सिंहलाई करिब ५० लाख रुपैयाँ दिइएको थियो राज्यकोषबाट ।

स्वभाविक रूपमा राजाको पारम्परिक शक्तिको स्रोतमै प्रहार गर्न पनि हिन्दु राष्ट्रको त्यो स्वरूपलाई बदल्नु आवश्यक थियो । तर, 'धर्मनिरपेक्ष' नेपालले बदलाको भावनाले केही गरेमा त्यो 'धर्मनिरपेक्षता'को मर्मविपरीत हुनेछ । निश्चय पनि नेपालमा उनीहरूका फिजिएका सञ्जाल र गतिविधिबारे थाहा पाउने कुनै कोसिस नगरेर सरकारले यति ठूलो घोषणालाई औपचारिकतामा सीमित गर्ने सम्भावना पनि त्यत्तिकै छ । साथै धर्मलाई राजनीतिक तथा अन्य गतिविधिमा प्रयोग गरेका आरोपबाट इस्लाम र इसाई संस्थाहरू पनि मुक्त छैनन् । धर्म परिवर्तन, प्रलोभन र साम्प्रदायिक सद्भावमा खलल पार्ने खालका गतिविधि प्रतिनिधिसभा घोषणाको मर्मविपरीत जान्छ भन्ने न्यूनतम चेतावनी पनि सरकारले दिएको छैन ।

धर्मनिरपेक्षमा जातीय उत्थान र पछाडि परेकाहरूका लागि सशक्तिकरणको विशेष अवसर पनि अपेक्षित हुन्छ । माओवादी र अन्य राष्ट्रिय मान्यताप्राप्त दलका एजेन्डा जति प्रगतिशील भए पनि उनीहरूमा न त महिला न पिछडिएका र दलित नेतृत्वले विकासको अवसर पाएको छ । धर्मनिरपेक्षताको परीक्षण दलहरूको चरित्र र मौजुदा नेताहरूको त्यागबाट नापिनेछ ।

यो खासगरी विद्रोही माओवादीका लागि चुनौती सावित हुनेछ । गाई पुज्नेहरूको बाहुल्य भएको मुलुकमा गाई काट्ने, मन्दिर भत्काउने र दुर्लभ पाण्डुलिपिसहित संस्कृत विश्वविद्यालयमा आगो लगाउनुले न हिन्दु धर्मको प्रगतिशील पक्षलाई उत्साहित गर्छ न धर्म निरपेक्षतालाई नै । त्यस्तै हिन्दु धर्मको प्रगतिशील पक्षलाई समाज कल्याणका लागि अगाडि बढाउँदै लगेका वाचन शिरोमणि नारायणप्रसाद पोखेलको हत्या गरेर माओवादीले एक किसिमले आफूलाई कट्टरपन्थी हिन्दुहरूको एजेन्डा नजिक लगेका उदाहरण पनि छन् । यस्ता घटनाबारे आत्मालोचना नगर्दा धर्मनिरपेक्षतालाई नकारात्मक बाटोमा लान चाहनेहरू प्रोत्साहित हुनेछन् ।

सबभन्दा महत्त्वपूर्ण कुरा शिक्षा हो । खासगरी कट्टरपन्थी हिन्दु संस्थाहरू र मदरसाद्वारा सञ्चालित स्कुलहरूमा विशेषज्ञहरूद्वारा अनुमोदित वैज्ञानिक र धर्मनिरपेक्षतालाई प्रोत्साहित गर्ने खालको पाठ्यक्रम अनिवार्य नगरिएसम्म यसबारे अहिले मात्र हैन, भावी पुस्तासमेत आशंकित रहनु पर्ने अवस्था रहिरहनेछ । धार्मिक कट्टरपन्थी तथा साम्प्रदायिक वैमनष्य फैलाउने संस्थाहरूलाई तत्काल पहिचान गरी प्रतिबन्ध लगाउनु पनि त्यत्तिकै आवश्यक छ । ■